बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

(राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम र भू तथा जलाधार संरक्षण कार्यक्रम)

मिति २०८१/०६/१६ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

बागमती प्रदेश
वन तथा वातावरण मन्त्रालयको
मिति २०८१/०६/१६ को माननीय
मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत ।
आधिकारिक हस्ताक्षर ...

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर

नेपाल

मा. कृष्ण प्रसाद सिलवाल
मन्त्री

सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# विषयसूची


प्रस्तावना ........ ६

कार्यविधि तयारीको उदेश्यः ........ ६

कार्यक्रम कार्यान्वयनको समष्ठिगत मागदर्शन ........ ६

संक्षिप्त नाम र प्रारम्भ ........ ८

परिभाषा ........ ८

१. जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक ........ १०

२. वन अतिक्रमण नियन्त्रण समितिको बैठक ........ १०

३. वन श्रमिकहरुको सामुहिक बीमा खर्च ........ १०

४. डिभिजन वन नर्सरी संचालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक ........ १०

५. बहुमूल्य प्रजातीको बीउ स्टयाण्ड व्यवस्थापन तथा बीउ सङ्कलन ........ ११

६. चुरे तथा मध्य पहाडमा हैसियत विग्रेको जमीन पुनरुत्थानको लागि गत आर्थिक वर्षमा स्थापना गरिएको प्लटको व्यवस्थापन/अध्ययन तथा अनुसन्धान ........ ११

७. अग्निरेखा निर्माण तथा मर्मत ........ ११

८. गल्लाङ क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन ........ १२

९. अतिक्रमण नियन्त्रणका लागि वन सिमाङ्कन ........ १२

१०. सामुदायिक वन क्षेत्र भित्रका पानीको मूल वरिपरिको जलाधार क्षेत्र संरक्षण ........ १२

११. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य ........ १३

१२. प्रदेशस्तर तालिम/गोष्ठी ........ १५

१३. वन तथा वातावरण विज्ञहरुको प्रादेशिक सम्मेलन ........ १५

१४. डिभिजन/सब डिभिजनस्तरका तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमण ........ १६

.१५ बरामदी वन पैदावार तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर) ........ १६

१६. विद्युतिय माद्यमबाट वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह (डिभिजनस्तर) ........ १७

१७. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिवकाबाट गस्ती परिचालन (गौडा गस्ति समेत) . १७

१८. तालिम आवश्यकता पहिचान ........ १७

१९. वन, वातावरण तथा जलाधार क्षेत्रको विकास कार्यक्रमको मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम) ........ १८

२०. स्थलगत जाँचबुझ, छानविन तथा अनुगमन गरी प्रतिवेदन तयारी ........ १८

२१. वृद्धिमापन प्लट स्थापना तथा सञ्चालन ........ १८

२२. सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास/कोचिङ ........ १९


सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल


२३. सामुदायिक वन समूह दर्ता/कार्ययोजना तयारी/हस्तान्तरण/कार्ययोजना पुनरावलोकन ............ १९

२४. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण ............ १९

२५. विगतमा शुरु भएका हैसियत बिग्रेको वन क्षेत्रको पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षणको निरन्तरता ............ २०

२६. जिल्लास्तरीय सामुदायिक वन पुरस्कार वितरण ............ २०

२७. प्रदेशस्तरीय सामुदायिक वन पुरस्कार वितरण ............ २०

२८. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन ............ २१

२९. फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण ............ २१

- सा.व./क.व./निजी वनका उपभोक्ताहरुलाई फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण ............ २२

३०. कवुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत-मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा) ............ २२

३१. कवुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको वीउविजन वितरण कार्यक्रम (२०० घरधुरीलाई) ............ २२

३२. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट) ............ २२

३३. कबुलियती वनको बचत सङ्कलन, सहकारी गठनका लागि वित्त सहायक ............ २३

३४. कबुलियती वनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपरभाईजरबाट) ............ २३

३५. कबुलियती वनको नियमित बैठक तथा पोष्ट फरमेसनका लागि सामाजिक परिचालन सेवा (समूह परिचालन सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार) ............ २३

३६. वन्यजन्तु उद्धारको लागि आवश्यक औजार/सामान खरिद ............ २४

३७. वन्यजन्तुको वासस्थान विकासको लागि घाँसे मैदान व्यवस्थापन ............ २४

३८. भीमफेदीस्थित हात्तिसार संग्राहलय सञ्चालन खर्च ............ २४

३९. सालकको वासस्थान संरक्षण र विकास कार्यक्रम ............ २५

४०. फिल्डमा कार्य संचालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम ............ २५

४१. WCCB बैठक सञ्चालन ............ २५

४२. Wall /Stone/Street site मा वन्यजन्तुको जनचेतनामूलक पेन्टिङ्ग (सब डिभिजनमा, कार्यविधिमा उल्लेखित साईज र शब्द संख्या) ............ २५

४३. हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृतसहितको कर्मचारीटोलीको गस्ति परिचालन खर्च (सब डिभिजन मार्फत) १२ महिना ............ २५

४४. उद्धार टोलीको लागि वीमा खर्च ............ २६

४५. गत आव देखि कार्यरत विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक काठमाडौं (अधिकृतस्तर) ............ २६

४६. भीमफेदीस्थित हात्तिसार संग्राहालयको लागि चौकिदार र माली ............ २६

४७. धार्मिक वन समूहको गठन तथा हस्तान्तरण/नवीकरण ............ २६


१.२

सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल


४८. गत/विगत आर्थिक वर्षमा भएको जडिबुटी खेती विस्तार क्षेत्रमा पुनःरोपणका लागि बिरुवा खरिद, गोडमेल तथा क्षेत्र विस्तार आदि .......... २७

४९. प्राकृतिकरुपमा पाइने चिउरीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन .......... २७

५०. सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी .......... २७

५१. वन वाटिका निर्माण तथा वासस्थान व्यवस्थापन (प्रजाति विशेष) .......... २७

५२. सामुदायिक वन व्यवस्थापन गरी काठ/दाउरा उत्पादन .......... २८

५३. सामुदायिक वनमा थिनिङ्ग कार्यको लागि सहयोग .......... २८

५४. विगत आर्थिक वर्षमा निजी तथा सामुदायिक वनमा मोसो बाँसको अध्ययन तथा अनुसन्धानको लागि स्थापना भएको प्लट व्यवस्थापन .......... २८

५५. वन्यजन्तुबाट हुने क्षतिका लागि राहत वितरण .......... २९

५६. अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रति मुद्दा बढीमा रु १० हजार). २९

५७. वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम .......... २९

५८. वन उपभोक्ता महासंघ ललितपुर मार्फत प्राङ्गारिक मल उत्पादन गर्ने कार्यक्रम .......... ३०

५९. काठमाण्डौं महानगरपालिका भित्रका ठुला रुखहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन कार्यक्रम .... ३०

६०. वन्यजन्तु एम्बुलेस खरिद .......... ३०

६१. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण .......... ३०

६२. वन विज्ञान अध्ययन संस्थान अन्तर्गत हेटौंडामा रहेको म्युजियमको स्तरोन्नति .......... ३१

६३. District wise database management and Publication of Encroachment in Bagamati Province .......... ३१

६४. स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि Research Grant .......... ३१

६५. वन विज्ञान विषयमा स्नात्तक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप .......... ३१

६६. बागमती प्रदेशलाई कार्यक्षेत्र लिई वन/वातावरण विषयमा अन्तर्राष्ट्रिय जर्नलमा लेख तथा रचना प्रकाशन प्रोत्साहन ३२

६७. वन सम्बर्द्धन कार्य समूह गठन तथा सञ्चालन .......... ३२

६८. प्राविधिक परीक्षण (दिगो वन व्यवस्थापन कार्ययोजना/जलाधार व्यवस्थापन) .......... ३२

६९. वन नर्सरी तथा बीउ स्ट्याण्डहरुको अवस्था सहितको अद्यावधिक विवरण तयारी .......... ३२

७०. जडिबुटी एवम गैहृकाष्ठ वन पैदावार विकास वोर्ड गठन तथा संचालन .......... ३३

७१. सिमसार क्षेत्रमा जलकुम्भी संकलन तथा व्यवस्थापन .......... ३३

७२. कबुलियती वन समूह पुरस्कार .......... ३३

७३. जिल्लाको वन क्षेत्रको एकिन तथ्याङ्क(कित्ता नम्बर सहित)को प्रोफाइल तयार गरी प्रकाशन .......... ३४

७४. वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम ........ ३४

७५. धादिङ्ग जिल्लाको उत्तरी क्षेत्रमा रहेको गणेश हिमाल सहितको क्षेत्र समावेश गरी वन संरक्षण क्षेत्र घोषणाका लागि पूर्व तयारी ........ ३४

७६. बराण्डाभार क्षेत्र भित्र ढलापडा तथा सुख्खड खडा काठ दाउरा संकलन (जिल्ला दर रेट अनुसार - संकलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी) ........ ३४

७७. बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्च........ ३५

७८. डि.व.का. स्तरीय वन क्षेत्र प्रोफाइल तयारी (प्रत्येक सब डिभिजनको अलग अलग समेत समावेश गर्ने) ........ ३५

७९. उत्कृष्ट कर्मचारी पुरस्कार........ ३५

८०. उत्कृष्ट कार्यालय पुरस्कार ........ ३५

८१. सब डिभिजनस्तरमा वन क्षेत्रको ज्वलनशील पदार्थ हटाई डढेलो व्यवस्थापन ........ ३६

८२. नर्सरी निर्माण,जडिवुटि तथा अन्य बिरुवा उत्पादन,खरिद र वृक्षारोपण........ ३६

१ नर्सरी निर्माण/मर्मत........ ३६

२ बिरुवा उत्पादन तथा वितरण........ ३७

८३. संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद, वितरण/रोपण... ४६

८४. फलफुलका बिरुवा खरिद तथा वितरण........ ४७

८५. केन्द्रीय तथा हाईटेक नर्सरीमा गत आर्थिक वर्षमा उत्पादन भएका बहुवर्षीय बिरुवाहरुको संरक्षण........ ४७

८६. हाईटेक नर्सरी स्तरोन्नति/थप पूर्वाधार निर्माण (मकवानपुर र काठमाण्डौं) ........ ४७

८७. संरक्षण पोखरी/रिचार्ज पोखरी/मानव निर्मित ताल/सिमसार ताल निर्माण र विभिन्न पानी पोखरी निर्माण........ ४७

८८. पार्क/उद्यान/बाल उद्यान/ल्याण्डस्केप/पद मार्ग निर्माण ........ ४८

८९. वातावरणीय अध्ययनको प्रतिवेदन सम्बन्धी बैठक........ ५२

९०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ........ ५२

९१. वातावरणीय अध्ययन प्रतिवेदनको कार्यन्वयनको अनुगमन तथा नियमन ........ ५२

९२. जैविक विविधता सूचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श)........ ५३

९३. केन्द्रीय तथा हाईटेक नर्सरी सञ्चालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक ........ ५३

९४. वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थी, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन ........ ५३

९५. कार्यक्रम सञ्चालन खर्च........ ५३

९६. सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्त गर्न सरसफाई अभियान संचालन........ ५४

९७. नदी खोला किनार/कोरिडोर सरसफाई,हरियाली प्रवर्द्धन कार्यक्रम ........ ५४

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल


९८. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौडामा प्लास्टीक जन्य लगायतका फोहर सरसफाइ कार्यक्रम ........ ५४

९९. प्रदेशस्तरीय निजी वन पुरस्कार ........ ५५

१००. शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन ........ ५५

१०१. सचेतनाको लागि प्रचार प्रसार ........ ५५

१०२. सब डिभिजनको कार्यक्षेत्रको बजारमा वातावरण सरसफाई कार्यक्रम (त्रैमासिक रुपमा) ........ ५६

१०३. वन, वातावरण,जलाधार तथा जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोह/सप्ताह ........ ५६

१०४. माइकेनिया लगायत मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन ........ ५६

१०५. वातावरणीय अनुगमनका लागि आवश्यक मेशीनरी औजार तथा उपकरण खरिद ........ ५७

१०६. लोपोन्मुख तथा बहुमुल्य प्रजातिहरुको बहुवर्षिय बिरुवा उत्पादन तथा वितरण (वनस्पति अनुसन्धान केन्द्रको सहयोगमा) ........ ५७

१०७. वनस्पति अनुसन्धान केन्द्रको प्राविधिक सहयोगमा मकवानपुर जिल्लाभित्र पाइने दुर्लभ लोपोन्मुख वनस्पति प्रजाति भोटेलहरा लगायत प्रजातिको बासस्थान संरक्षण ........ ५७

१०८. राष्ट्रिय वनस्पती उद्यान गोदावरीको प्राविधिक सहयोगमा त्रिभुवन पार्क च.न.पा. मा गुलाब उद्यान निर्माण तथा व्यवस्थापन ........ ५७

१०९. फोहर व्यवस्थापन गर्न waste management machine खरिद बुढानिलकण्ठ २ काठमाडौं ........ ५७

११०. सामुदायिक वनहरुलाई डढेलो नियन्त्रणका लागि प्रविधि वितरण कार्यक्रम-जिल्ला फेकोफन मार्फत बागमती प्रदेश भर ........ ५७

१११. बहाल सामुदायिक वनमा तुरतुरे धारो मिनिडियाम तथा सिमसार संरक्षण कामको अधुरो निर्माण कार्य सम्पन्न गर्ने, चाँगुनारायण न.पा.८, हवेली, भक्तपुर । ........ ५८

११२. सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन (पुराना पोखरीहरुको स्तरोन्नति समेत) ........ ५८

११३. वन डढेलो नियन्त्रण उपकरण तथा सामाग्री खरिद/वितरण ........ ५८

११४. स्थानीय तहसँगको समन्वयमा वर, पिपल, समी लगायतका चौतारो संरक्षण तथा व्यवस्थापन ........ ५८

११५. वातावरण परिषद गठन तथा सञ्चालन ........ ५९

११६. अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षण खर्च ........ ५९

११७. वातावरण संरक्षण तथा सरसफाई कार्यक्रम सञ्चालन ........ ५९

११८. सब डिभिजनस्तरमा वन क्षेत्रको ज्वलनशील पदार्थ हटाई डढेलो व्यवस्थापन ........ ५९

११९. मनकामना टोल विकास सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापन हेटौडा ८, कमाने ........ ५९

१२०. भूटनदेवी मन्दिर परिसरको वातावरण संरक्षण व्यवस्थापन प्रदुषण नियन्त्रण, हेटौडा १० ........ ६०

१२१. वातावरण निरीक्षकबाट प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन ........ ६०

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल


१२२. प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन ६०

१२३. ईको क्लब गठन/सञ्चालन एवं विद्यालय संरक्षण शिक्षा अभियान/ सब डिभिजनमा विद्यार्थी इको क्लब सञ्चालन (पूराना ईको क्लबको सञ्चालन समेत प्रति मावि रु १० हजारको दरले)/ ईको क्लब गठन तथा सञ्चालन.... ६०

१२४. वरण्डाभार वन संरक्षण क्षेत्र आसपासको प्लाष्टिक लगायतको फोहोर व्यवस्थापन .................................. ६१

१२५. वन तथा वातावरण सम्बन्धी सडकको दुई छेउमा Wall painting/Slogan Board/Poster/Board को जडान तथा व्यवस्थापन, हेटौंडा-५,लट्टिनाथ टोल, मकवानपुर......................................................................... ६१

१२६. जलवायु परिवर्तन सम्बन्धी च्छो रोल्पा सम्बाद (गौरीशंकर गा.पा. दोलखाको साझेदारीमा) ........................ ६१

१२७. वातावरण संरक्षण तथा सरसफाईको लागि डस्टबिन वितरण कार्यक्रम, नागार्जुन ५ काठमाण्डौ ................. ६१

१२८. मन्त्रालयबाट वातावरणीय अनुगमन तथा निरीक्षण......................................................................... ६१

१२९. लट्टिनाथ टोलमा इश्वरी मार्ग मुख्य सडक र शाखा सडक सरसफाई तथा पूर्वाधार तयारी (Dustbin with stand installation and etc. work) – हेटौंडा-५, मकवानपुर .................................................................... ६२

१३०. आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत) ६२

विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन ......................................................................... ६३

१३१. पहिरो तथा गल्छी उपचार......................................................................................................... ६३

१३२. खहरे नियन्त्रण......................................................................................................................... ६४

१३३. वायोइन्जिनियरिङ खोलाकिनार संरक्षण....................................................................................... ६५

१३४. स्थान विशेष भू-संरक्षण कार्यक्रमहरु ........................................................................................... ६६

१३५. उपजलाधार केन्द्रित सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम (बायोईन्जिनियरीङ प्रविधिमा आधारित)................................................................................................................................ ६६

१३६. भूमि उत्पादकत्व संरक्षण तथा हरियाली प्रबर्द्धन कार्यक्रम ................................................................ ६७

१३७. उपजलाधार क्षेत्र प्राथमिकीकरण योजना तयारी .............................................................................. ६८

१३८. उपजलाधार व्यवस्थापन योजना तयारी.......................................................................................... ६८


मा. कृष्ण प्रसाद सिलवाल
मन्त्री



सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## प्रस्तावना

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय वा मातहत निकायहरुवाट आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन, वातावरण संरक्षण तथा शहरी वन र भू तथा जलाधार संरक्षण कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न बागमती प्रदेशको विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा(२) बमोजिम वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

## कार्यविधि तयारीको उदेश्यः

यस कार्यविधि तयारीको उद्देश्यहरु निम्न बमोजिम रहेको छ ।

- सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको पृष्ठभूमि र उद्देश्यहरु स्पष्ट पार्ने
- कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा बजेट खर्च गर्न सकिने मुख्य मुख्य क्रियाकलाप तथा गतिविधिहरु प्रष्ट गर्ने।
- कार्यक्रम सञ्चालनमा कार्यविधिगत प्रकृया निर्दिष्ट गर्ने।
- कार्यक्रम संचालनको लागि विनियोजित बजेट खर्च गर्ने आधार निर्दिष्ट गर्ने।
- कार्यक्रम संचालन र सम्पन्न भएको सूचक तथा उपलब्धिहरु सुचिकृत गर्ने ।
- अनुगमन तथा मुल्यांकन गर्न र लेखा परिक्षणमा सहजता ल्याउने।
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने।

## कार्यक्रम कार्यान्वयनको समष्ठिगत मागदर्शन

### आर्थिक तथा वित्तीय मार्गदर्शन

स्वीकृत वार्षिक कार्यक्रममा कामको प्रकृति, स्थान, परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ।कार्यक्रम सञ्चालन गर्दा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ एवं नियमावली, २०७७, सार्वजनिक खरिद ऐन-२०६३ एवं सार्वजनिक खरिद नियमावली-२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली-२०७६, प्रदेश खर्चको मापदण्ड २०७८, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ ।कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण, स्थानीय समुदायको आयआर्जनमा टेवा पुग्ने र वातावरणीय दृष्टिकोणले सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।

डा. ... प्रसाद सिलवाल
मन्त्री

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

स्थान निर्धारण

स्थान तोकिएकोमा सोही वमोजिम अन्यथा आवश्यकता र सम्बेदनशिलताको आधारमा स्थान पहिचान र निर्धारण गर्नुपर्नेछ। स्थान निर्धारण नभएका कार्यक्रमहरुको स्थान निर्धारण गर्दा तोकिएको प्राविधिक वा सम्बन्धित कार्यालय, सवडिभिजन वन कार्यालय, स्थानीय तह, प्रदेश सभा सदस्य तथा सरोकारवालहरुको राय सिफारिस, समन्वय/सहकार्यलाई आधार बनाउनु पर्नेछ ।

खर्च प्रकृया

कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम व्यवस्था गर्नुपर्नेछ । निर्धारित आधार तथा चरणहरुको आधारमा भुक्तानी गर्दा खर्च शिर्षक अनुसार स्वीकृत नक्सा, डिजाईन, कार्यसूची, कार्ययोजना, प्रस्ताव, सम्झौता तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता भएमा मात्र कार्यसम्पन्न प्रतिवेदनको स्वीकृति तथा जिन्सी दाखिला प्रतिबेदनको आधारमा गरिनेछ। आर्थिक प्रशासन शाखाले आधार, प्रमाण, प्रतिबेदन सहितका सबै कागजातको आधारमा भुक्तानीको लागि पेश गर्नुपर्नेछ

कार्यान्वयन मार्गदर्शन

कार्यक्रम तथा बजेटका सम्बन्धमा जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक मार्फत जिल्ला स्तरमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ । कार्यालयमा कार्यक्रम तथा बजेट संचालन प्रकृया बारेमा छलफल गर्नुपर्नेछ। उपयुक्त र सम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिई कार्यक्रम संचालनको व्यवस्था गर्नुपर्नेछ। प्रत्येक कार्यक्रमको लागि लागत अनुमान तयारी तथा स्वीकृत गरी संचालन गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रकृति हेरी कार्यक्रम संचालन पूर्व र पश्चात सम्बन्धी तस्बिरहरु सहितको कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरि संलग्न गर्नुपर्नेछ । कार्यक्रमको मूल उद्देश्य अनुरुप परिमाण सहितको उपलब्धि हासिल हुने सुनिश्चित गरी संचालन गर्नुपर्दछ । सेवा, बस्तु तथा परामर्श खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यविधिमा उल्लेख नभएको तर उस्तै प्रकृतिका कार्यक्रम भएमा सोही प्रकृतिको कार्यक्रम वमोजिम गर्न सकिनेछ । यो कार्यविधिले नसमेटेको तर वन तथा भू संरक्षण विभागको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरु सोही बमोजिम सञ्चालन गर्न सकिनेछ ।

- अध्ययन, अनुसन्धान गरिने क्रियाकलापहरुका लागि सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी गराई संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ ।
- यस कार्यविधिमा एउटै प्रकृतिका कृयाकलापहरुलाई एकिकृत गरी कार्यविधि तयार गरिएको छ र सोही बमोजिम प्रयोग गर्नुपर्नेछ ।
- कुनै कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित वडा/पालिकाको सिफारिस, सम्बन्धित प्रदेशसभा सदस्यको सिफारिस, कार्यालय प्रमुखको नै राय सहितको टिप्पणी तथा पत्र वन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

मा. कृष्ण प्रसाद सिलवाल

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक्ता, औचित्यता तथा प्रभावकारिताको आधारमा सार्वजनिक खरिद ऐनमा व्यवस्था भए बमोजिम खरिद प्रकृयामा विविधिकरण गर्नुपर्नेछ ।
- कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समूह/समिति मार्फत गर्ने भएमा उपभोक्ता समूह/समितिको अंश सुनिश्चित भए पछि मात्र सम्झौता गर्नुपर्नेछ ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणको कूल लागत मध्ये कम्तिमा १० प्रतिशत सम्बन्धित लाभग्राही समुदायले अनिवार्य व्यहोर्नु पर्नेछ । यसको सुनिश्चितताको लागि सम्झौता गर्नु अगावै निर्माण समितिको नाममा बैंक खाता खोली योजनाको कूल लागत अनुमानको कम्तिमा १० प्रतिशत रकम सो खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्नेछ।
- वनजन्य तथा फलफुलको विरुवा खरीद गर्दा उच्च गुणस्तरको बहुवर्षिय विरुवा मात्र खरीद गर्ने । विरुवा लैजाने ब्यक्तिको मोबाईल फोन नम्बर सहितको रजिस्टर बनाई विवरण राखी आ.व.को अन्तमा वन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।
- बृक्षारोपण, विरुवा खरिद तथा वितरण, आकस्मिक प्रकोप व्यवस्थापन बाहेकका कार्यक्रमहरुको चौथो त्रैमासिकको जेष्ठ मसान्त भित्र सम्झौता गरी सक्नु पर्नेछ ।
- कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा कुनै समस्या उत्पन्न भई कार्यविधिमा थप वा संशोधन गर्नुपर्ने भएमा थप /संशोधनका विषय समेटी तीन महले तालिका सहित मन्त्रालयमा पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएका थप/संशोधनका विषयमा मन्त्रालयले औचित्यताको आधारमा संशोधनको प्रकृया अगाडि बढाउन सक्नेछ ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ रहेको छ ।

२. यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले वन तथा वातावरण मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधि, २०८१ लाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले वन निर्देशनालय सम्झनुपर्छ ।

घ. "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ ।

ङ. "महाशाखा" भन्नाले वन तथा वातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका खर्च गर्ने अख्तियारी प्राप्त विषयगत कार्यालयहरु सम्झनुपर्छ।

कृष्ण प्रसाद सिलवाल
मन्त्री



सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

ज. "वन समूह" भन्नाले सामुदायिक वन उपभोक्ता समूह वा कवुलियती वन समूह वा धार्मिक वन समूह सम्झनुपर्छ ।

झ. "उपभोक्ता समिति" भन्नाले मन्त्रालय मातहतका निकायबाट कार्यक्रम कार्यान्वयन गर्न गठन भएको समिति सम्झनुपर्छ ।

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

मा. कृष्ण प्रसाद सिलवाल
मन्त्री

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा नेपाल

## १. जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक

जिल्लाको वन-वन्यजन्तु संरक्षणको कार्यलाई प्रभावकारी बनाउन जिल्लाका सुरक्षा निकाय र सरोकारवालाहरु बिच निरन्तर समन्वयले महत्वपूर्ण भूमिका खेल्दछ । सोही कुरालाई मध्यनजर गर्दै आवश्यकता अनुसार जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । वन नियमावली, २०७९ को नियम ११८ को उपनियम ४ र ५ मा व्यवस्था भए बमोजिम पदाधिकारीहरु बसी बैठक सञ्चालन गरिने छ । बैठकमा आवश्यक्तानुसार जिल्ला सरकारी वकिल, राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र जोडिएको जिल्लाहरुको हकमा सम्बन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्रको प्रमुख तथा प्रतिनिधि र वन्यजन्तु चोरी शिकारी नियन्त्रण समिति/सञ्जाल भए सोको प्रतिनिधिहरु आमन्त्रण गर्न सकिनेछ । यो शीर्षकको रकम बैठक भत्ता, खाजा, खाना, सञ्चार, मसलन्द लगायतमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा उपस्थिति विवरण, निर्णय प्रतिलिपी, फोटो एवम् खर्च बिल भर्पाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

## २. वन अतिक्रमण नियन्त्रण समितिको बैठक

वन क्षेत्र माथिको अतिक्रमणलाई समयमा नै नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि जिल्ला स्थित सुरक्षा निकाय एवं सरोकारवालाहरुको सकारात्मक भूमिका आवश्यक हुने गर्दछ । यस कार्यमा डिभिजन वन अधिकृतलाई समन्वय स्थापित गर्न तथा सहयोग प्राप्त गर्नका लागि आवश्यक छलफल एवं निर्णयहरु लिन आवश्यक हुने भएकोले कानूनमा व्यवस्था भए बमोजिम वन अतिक्रमण तथा नियन्त्रण समितिको बैठक सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। बैठक सञ्चालन गर्दा वन नियमावली २०७९ को नियमा ११९ ले तोकेका पदाधिकारीहरुको सहभागितामा गर्नुपर्नेछ। बैठकमा जिल्ला स्थित राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रतिनिधि तथा सम्बन्धित स्थानीय तहका जन प्रतिनिधिहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ। यो शीर्षकको रकम बैठक भत्ता, खाजा, खाना, सञ्चार, मसलन्द लगायतमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा उपस्थिति विवरण, निर्णय प्रतिलिपी, फोटो एवम् खर्च बिल भर्पाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ।

## ३. वन श्रमिकहरुको सामुहिक बीमा खर्च

राष्ट्रिय वन क्षेत्रमा काठ, दाउरा कटान, मुछान, संकलन कार्यहरुमा खटिने श्रमिक/कामदारहरुलाई कार्यस्थलमा हुनसक्ने सम्भावित स्वास्थ्य सम्बन्धि जोखिम बहन गर्न बीमा कम्पनी मार्फत क्षतिपूर्ति तथा उपचार खर्च भुक्तानी हुने गरी संलग्न श्रमिकहरुको सामूहिक दुर्घटना बीमाको प्रिमियम भुक्तानीका लागि यो रकम खर्च गरिनेछ । काठ दाउरा कटान मुछान कार्यमा संलग्न हुने श्रमिकहरुको विवरण प्राप्त गरी निजहरुको सामूहिक बीमा गरे पश्चात मात्र डिभिजन वन कार्यालयहरुले कटान सहमति/ईजाजत दिनु पर्नेछ ।

## ४. डिभिजन वन नर्सरी संचालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक

हरेक डिभिजन वन कार्यालयमा एउटा नर्सरी सञ्चालन गरी स्थानीय माग अनुसार गुणस्तरीय बिरुवा उत्पादनको लागि तोकिएको मापदण्ड बमोजिम नर्सरी नाइकेको व्यवस्थापन गर्ने उद्देश्यले यो कृयाकलाप समावेश गरिएको हो । व्यक्ति करार सम्झौताबाट नर्सरी नाईके नियुक्त गरी सोही सम्झौता बमोजिम कार्य संचालन गरिनेछ । यो शीर्षकको रकम निजको पारिश्रमिक भुक्तानीको लागि खर्च गरिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## ५. बहुमूल्य प्रजातीको बीउ स्टयाण्ड व्यवस्थापन तथा बीउ सङ्कलन

विगतमा विभिन्न जिल्लाहरुमा स्थापना भएका Seed Stand/Seed Orchard हरुबाट वनजन्य रुख एवम् बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बीउ उत्पादन गर्न र त्यस्ता बीउको स्रोतको संरक्षण गर्न स्थापना गरिएका Seed Stand/Seed Orchard हरुको संरक्षण एवम् सुधार गर्न तथा Seed Stand नभएका जिल्लामा स्थापना समेतको लागि यो कार्यक्रम राखिएको छ । यस शीर्षक अन्तर्गत विनियोजित रकम उक्त Seed Stand को व्यवस्थापन/स्थापनाको लागि रुखको नक्साङ्कन गरी माउ रुख छनौट, परिपक्व माउ रुख भएको अवस्थामा बीउ संङ्कन, Seed Stand को लागि क्षेत्र छनौट, झाडी सफाई, कमसल(Inferior)खालका रुखहरु हटाउने, डिजाइन, ले-आउट, फेन्सिङ, टयागिङ, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवम् त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, GIS नक्शा सहितको Seed Stand व्यवस्थापन/स्थापनाको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालय वा सब डिभिजन अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गर्नुपर्नेछ । Seed Stand बाट सङ्कलन गरिएको वीउको Viability कायम हुने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ । उत्पादित वीउको विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ । यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृत स्तरको प्राविधिक कर्मचारीबाट गर्नुपर्नेछ।

**Seed Stand बाट बीउ सङ्कलनको रिपोर्टिङ्ग Format**

| सि नं | जिल्ला | नाम, ठेगाना र जि पि एस लोकेशन | क्षेत्रफल | माउ रुख संख्या | प्रजाति | सङ्कलित वीउको परिमाण | सङ्कलन गर्दा लागेको श्रमदिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## ६. चुरे तथा मध्य पहाडमा हैसियत विग्रेको जमीन पुनरुत्थानको लागि गत आर्थिक वर्षमा स्थापना गरिएको प्लटको ब्यवस्थापन/अध्ययन तथा अनुसन्धान

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट बिगत आ.व. हरुमा स्थापना गरी अध्ययन अनुसन्धान/व्यवस्थापन भईरहेको कार्यलाई निरन्तरता दिन यो कृयाकलाप समावेश गरिएको छ । यसमा बिनियोजन भएको रकम स्वीकृत रिसर्च प्रोटोकल बमोजिम अध्ययन अनुसन्धान/व्यवस्थापन गर्ने कार्यमा खर्च गर्न सकिनेछ ।

## ७. अग्निरेखा निर्माण तथा मर्मत

वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनको लागि वन डढेलोको प्रकोप बढी भएको वन क्षेत्रभित्र वा वन र निजी जग्गाको सिमानामा स्वीकृत कार्ययोजना बमोजिम अग्निरेखा निर्माण, मर्मत सम्भार र सरसफाई गर्नका लागि यो कृयाकलाप समावेश गरिएको हो । यस शीर्षकमा विनियोजित रकम यस कार्यमा प्रयोग गरिने मेशिनको भाडा, ज्यामी खर्च, खटिने कर्मचारीको लागि खाजा, इन्धन, सञ्चार आदिमा खर्च गर्न सकिनेछ। साथै <u>"समूहको लागत सहभागितामा स्थानीय श्रम प्रयोग गरी अग्निरेखा निर्माण</u>

तथा मर्मत कार्यक्रम" र "अदुवाबारी सामुदायिक वन अग्नि रेखा तथा रिचार्ज पोखरी निर्माण, नागार्जुन ७, काठमाण्डौ" कृयाकलापको हकमा उपरोक्त प्रकृया अनुसार समूहको लागत सहभागिता तथा स्थानीय श्रम प्रयोग गरी रिचार्ज पोखरी निर्माण समेतको कार्य संचालन गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् मर्मतसम्भार तथा सरसफाई र निर्माण गरिएको अग्निरेखा लगायतका क्रियाकलापको फोटो, खर्चको बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ।

## ८. गत्लाङ क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन

रसुवा जिल्लाको गत्लाङ क्षेत्रमा विगत १६ बर्ष अगाडि डढेलोले क्षति गरेको वन क्षेत्रको पुनर्स्थापनाको लागि यो कृयाकलाप समावेश गरिएको हो। यो कार्य सञ्चालन गर्दा सम्बन्धित सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भए अनुसार डढेलोले सखाप पारेको २७३ हेक्टर वन क्षेत्र मध्ये यस आ.व.मा कार्य गरिने क्षेत्र छनौट गरी छनौट गरिएको क्षेत्रमा डढेलोले सखाप पारेको रुखहरुको लगत लिने लगत लिएका रुखहरु कटान गरी हटाई तारवार वा घेरावार सहित प्राकृतिक पुनरोत्पादन वा उपयुक्त प्रजातिको वृक्षारोपण गर्ने, पानीको व्यवस्थापन गर्ने, हेरालुको व्यवस्थापन गर्ने जस्ता कार्यमा खर्च गर्न सकिनेछ । साथै गत विगत आ.व.मा उक्त क्षेत्रमा गरिएको वृक्षारोपणको गोडमेल, पुनःरोपण लागयत अन्य संरक्षणका कार्यहरु गर्न समेत खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् सो को भरपाई सहित हटाइने रुखहरुको विवरण, उत्पादित काठ दाउराको परिमाण, कार्यक्रम संचालन स्थलको अघि र पछिको फोटो सहितको प्रतिवेदन तयार गरी संलग्न गर्नुपर्नेछ ।

## ९. अतिक्रमण नियन्त्रणका लागि वन सिमाङ्कन

राष्ट्रिय वन (सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियति वन, धार्मिक वन आदि) र निजी जग्गा बीच सिमाना विवाद देखा परेकोले वन संरक्षण एवम् व्यवस्थापनमा कठिनाई उत्पन्न हुन गएको छ । यसरी सिमाना विवादको निरुपण गर्न कानूनी रुपमै जिल्ला स्थित मालपोत, नापी कार्यालय, वन समूह, डिभिजन वन कार्यालय र आवश्यक परेको स्थानमा सुरक्षा निकाय तथा स्थानीय तहहरुको समेत सहयोगमा स्थलगत निरीक्षण गर्ने, सर्वपक्षीय छलफल गर्ने र अमिनको सहयोगमा विवादित कित्ताहरुमा फिल्ड ट्रायल चेक गरी विवाद समाधान गर्नुपर्ने तथा आवश्यक परेमा सुरक्षा फौज परिचालन, नियमानुसार लाग्ने नापी कार्यालयको राजश्व, साँधसीमाना छुट्टाउन आवश्यक पर्ने पोल तथा अन्य सामाग्री लगायतका कार्यमा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिनेछ । कार्यसम्पन्न भए पश्चात् प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गर्दाका फोटोहरु, कार्यक्रम सञ्चालन भएको स्थलको जिपिएस प्वाईन्ट, निर्णय समेत समावेश गरी पेश गर्नुपर्नेछ ।

## १०. सामुदायिक वन क्षेत्र भित्रका पानीको मूल वरिपरिको जलाधार क्षेत्र संरक्षण

यस कार्यक्रमको मुख्य उद्देश्य सामुदायिक वन क्षेत्र भित्रका प्राकृतिक रुपमा रहेको पानीको मुल वरिपरिको जलाधारको संरक्षण गर्नु हो । यस शीर्षकमा बिनियोजित रकम पानी जम्मा हुने आवश्यक संरचना(Intake), पानी मुल संरक्षणका लागि उपयुक्त प्रजातिका वृक्षारोपण आदि कार्यमा खर्च गर्न सकिनेछ । सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत कार्य संचालन गर्नु पर्नेछ ।

११. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य

मन्त्रालय/निकाय/कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्यान्वयन हुन नसक्ने अवस्थामा प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान जस्ता कार्य देहाय बमोजिम हुनेछ ।

१. सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।
२. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।
३. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गरिनेछ ।
४. सरोकारवालाहरुसँग समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतिकरण गर्ने र प्रस्तुतिकरणका समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
५. कार्यसूची अनुसारको प्रतिवेदन प्राप्त भए पश्चात् सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।

रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान सम्वन्धी कार्यक्रमहरु देहाय लगायतका हुनेछन ।

| क.स. | कार्यक्रम /कार्यक्रम |
|---|---|
| ब.उ.शि.नं. ३२९००१०१ | |
| ११.६.२२.९ | उपजलाधार क्षेत्र प्राथमिकीकरण/उपजलाधार व्यवस्थापन योजना तयारी |
| ब.उ.शि.नं. ३२९००१०२ | |
| ११.६.२२.११ | बागमती प्रदेशमा रहेका नदी उकास जग्गाको पहिचान र अभिलेखीकरण गरी विवरण अद्यावधिक गर्ने |
| ११.६.२२.२० | बागमती प्रदेश भित्रको डालेचुक (Seabuckthorn)को वास स्थान वितरण तथा अवस्था सम्बन्धी अध्ययन |
| ११.६.२२.१२ | बागमती प्रदेशभित्र व्यवसायिक कबुलियती वनको रुपमा प्रदान गर्न सम्भाव्य वन क्षेत्रहरुको पहिचान र अभिलेखीकरण |
| ११.६.२२.१० | बागमती प्रदेशको वन क्षेत्रको एकिन तथ्याङ्क तयारी तथा प्रकाशन (साव तथा कब को सिमानाको डिजिटल तथ्याङ्क सङ्कलन तथा नक्सा तयारी) |
| ११.६.२२.१५ | वन तथा वन्यजन्तु संरक्षणका लागि प्रभावकारी सुचना सङ्कलनका लागि स्मार्ट पेट्रोलिङ एप निर्माण |
| ११.६.२२.१९ | बागमती प्रदेश भित्रको सरकारद्वारा व्यवस्थित वनको अभिलेख तयारी |
| ११.६.२२.२१ | रानीबन जंगल सफारी पर्यावरणीय पर्यटन केन्द्रको सबै सरोकारवाला संघ समन्वय गरी प्रदेश गौरवको योजना पुर्व सम्भाव्यता अध्ययन |

| | |
|---|---|
| ११.६.१६.१३ | त्रिभुवन विश्वबिधालय, वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पस अन्तर्गतको वनलाई शहरी वन तथा वन व्यवस्थापन अनुसन्धान का लागि दीर्घकालीन कार्यक्रम संचालन गर्ने |
| ११.६.१६.१० | शिवपुरी जंगल सफारी पर्यावरणीय पर्यटन केन्द्रको सरोकारवाला संग सम्नवय गरी प्रदेश गौरवको योजना पुर्व तयारी सम्भाव्यता अध्ययन |
| ११.६.२२.१४ | जिल्लाको वन क्षेत्रको पञ्चवर्षिय/रणनितिक योजनाको वातावरणीय अध्ययन |
| ११.६.२२.१३ | जिल्लाको वन क्षेत्रको पञ्चवर्षिय/रणनितिक योजना तयारी |
| २.७.२१.७४ | निजी जग्गा तथा वन क्षेत्रमा लौठसल्ला (Taxus Marie) को अवस्था पहिचान र वितरण सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने |
| २.७.३४.६ | वन पैदावार विक्रि वितरण लागि इ-बिडिङ्ग/विद्युतीय कारोबार गर्ने संरचना निर्माण तथा संचालन |
| २.७.२१.७३ | बागमती प्रदेश भित्र वन तथा वातावरण क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको सफलताको कथा तयारी प्रकाशन |
| २.७.७.१७ | Flora of Bagmati अध्ययन तथा प्रकाशन |
| २.७.२१.६५ | धादिङ्ग जिल्लाको उत्तरी क्षेत्रमा रहेको गणेश हिमाल सहितको क्षेत्र समावेश गरी वन संरक्षण क्षेत्र घोषणाका लागि पूर्व तयारी |
| २.७.२१.६७ | डि.व.का. स्तरीय वन क्षेत्र प्रोफाइल तयारी (प्रत्येक सब डिभिजनको अलग अलग समेत समावेश गर्ने) |
| ब.उ.शि.नं. ३२९००१०३ | |
| ११.६.२२.५ | लोपोन्मुख तथा बहुमुल्य प्रजातिहरुको जैविक विविधता अभिलेखीकरण गरी प्रकाशन |
| ११.६.१६.७ | बागमती प्रदेश भित्र वन डढेलो व्यवस्थापन रणनितिक योजना तयारी |
| ११.६.१६.१४ | जलवायू परिवर्तन र विपद् व्यवस्थापन अध्ययन सम्बन्धी योगना निर्माण तथा कार्यान्वयन, काठमाण्डौ |
| ११.६.२२.४ | वर, पिपल, समी लगायतका चौतारो अभिलेखीकरण तथा प्रकाशन |
| ११.६.१६.८ | बागमती प्रदेश भित्र सामुदायिक वनमा पर्यापर्यटनको सम्भाव्यता अध्ययन |
| ११.६.२२.३ | बागमती प्रदेशको वन वातावरण र जलाधार सम्बन्धी प्रोफाइल तयारी र प्रकाशन |
| ११.६.२२.१८ | कृत्रिम जलाशय निर्माणका लागि सम्भाव्यता अध्ययन तथा डिपिआर तयारी (कमला नदी जलाधार तथा चुरे क्षेत्र ) |
| ११.६.१६.५ | चितवन जिल्ला भित्रको सिमसार क्षेत्रहरुको पहिचान,नक्शाङ्कन, अवस्था र सम्भाव्यता अध्ययन |
| ११.६.१६.१२ | संघ प्रदेश तथा स्थानिय बाट तयार भएको वन तथा वातावरणिय कानुनहरुको विश्लेषणाात्मक अध्ययन |
| ११.६.१६.६ | बागमती प्रदेशको वन क्षेत्रको रणनितिक योजना तयारी |
| ११.६.२२.६ | मिचाहा प्रजातिको अवस्था, वितरण र असर सम्बन्धी अध्ययन |
| ११.६.२२.१७ | कृत्रिम जलाशय निर्माणका लागि सम्भाव्यता अध्ययन तथा डिपिआर तयारी(उपत्यका र त्रिशुली जलाधार ) |
| ११.६.१६.१५ | भुतखेत सा व सौन्दर्यकरण का लागि ईको टुरिज्म पार्क निर्माणको लागि डीपिआर निर्माण, |

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| | काठमाण्डौ |

१२. प्रदेशस्तर तालिम/गोष्ठी

यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान-स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् तालिम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलव्धी, पृष्ठपोषणं र भए गरेको खर्चको बिल भरपाईहरु समेतको प्रतिवेदनमा पेश गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनमा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवम् आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा आमन्त्रण गरी प्रशिक्षण कार्य गराउन सकिनेछ र उपलब्ध जनशक्तिबाट संचालन हुन नसक्ने अवस्था रहेमा सार्वजनिक खरिद ऐन, नियामावली बमोजिम सेवा प्रदायक समेतबाट सञ्चालन गर्न सकिने छ ।

यस अन्तरगत निम्न तालिम/गोष्ठीहरु रहेका छनः

- कानुनी कार्यविधि तालिम (७ दिन)अधिकृत र रेन्जर स्तरीय
- वातावरणीय परीक्षण सम्बन्धि तालिम (७ दिन)अधिकृत र रेन्जर स्तरीय
- QGIS सम्बन्धि तालिम (७ दिन)
- Google earth engine सम्बन्धि तालिम (७ दिन) २० जना
- सशस्त्र वन रक्षकको पुनर्ताजगि तालिम(स्थलगत रुपमा)
- तथ्याङ्क विश्लेषणको लागि R Software सम्बन्धि तालिम (७) दिन
- दिगो वन व्यवस्थापन कार्ययोजना तयारी एवम् कार्यान्वयन सम्बन्धि तालिम (कर्मचारीको लागि)
- भू तथा जलाधार संरक्षण सम्बन्धी सर्भे डिजाइन तथा लागत अनुमान सम्बन्धी तालिम (अधिकृत/सहायक पाँचौं तहका लागि ७ दिने)
- भू तथा जलाधार संरक्षण सम्बन्धी कम लागतमा गरिने प्रविधि तालिम (अधिकृत/सहायक पाँचौं तहका लागि ७ दिने)
- नर्सरी एसोसियसन संगको सहकार्यमा वगैंचा व्यवस्थापन तालीम
- सेवा प्रवेश तालिम (७ दिन, २० जना) (नव नियुक्त रेञ्जर वा अधिकृत)
- वन तथा वातावरण तर्फको वार्षिक योजना तर्जूमा गोष्ठी (निर्देशनालयस्तर)
- वन तथा वातावरण तर्फको वार्षिक तथा त्रैमासिक प्रगति समिक्षा गोष्ठी (वन निर्देशनालयस्तर)
- माथि उल्लेखित बाहेकका विभिन्न तालिम/गोष्ठि

१३. वन तथा वातावरण विज्ञहरुको प्रादेशिक सम्मेलन

बागमती प्रदेशमा वातावरण विंज्ञहरुको सम्मेलन मार्फत विधमान वातावरणीय चुनौतिको संवोधनको उपयुक्त तरिकाहरु खोजी गर्ने र वातारणीय समस्याहरुको समाधानमा वनले पुर्‍याउन सक्ने योगदानको विषयमा छलफल गर्ने उदेश्यले यो कृयाकलाप समावेश गरिएको हो । कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य संचालन हुन नसकेको अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सेवा प्रदायक मार्फत यो कार्य संचालन गर्न सकिनेछ । यो सम्मेलन गर्दा स्वीकृत कार्यसूचि बमोजिमको विषयवस्तु(Theme)समावेश गरी वन तथा वातावरण क्षेत्रका विज्ञहरुको भेला गरी बदलिदो परिवेशमा वतावरणीय समस्याको समाधानका उपाय बारे छलफल गरिनेछ । यस शिर्षकमा विनियोजित रकम दैनिक

सिलवाल

सचिव

भ्रमण भत्ता, समन्वय भत्ता, बैठक भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, टिप्पणीकर्ताको पारिश्रमिक, खाजा, खाना, होटेल वास खर्च, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतका प्रदेश खर्चको मापदण्ड २०७८ को परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रम सञ्चालन मिति, स्थान, छलफलका विषयहरु र निश्कर्ष, सहभागीको नामावली, पृष्ठपोषण र भए गरेको खर्चको बिल भरपाईहरु समेतको प्रतिवेदनमा पेश गर्नुपर्नेछ । यस सम्मेलनमा विज्ञको रुपमा आमन्त्रित गर्नका निम्ती विज्ञहरुको रोस्टर तयार गर्नुपर्ने छ।

## १४. डिभिजन/सब डिभिजनस्तरका तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमण

यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडी भाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई कार्यक्रम गर्न सकिने छ। कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्च बिल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनमा स्थानीयस्तरमा उपलब्ध हुने विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई गर्न सकिनेछ। जनचेतनासम्बन्धी कार्यहरु सम्बन्धित क्षेत्रमा कार्यको अनुभव भएका गैह्रसरकारी संस्था वा अधिकारवादी संस्थाबाट गराउन सकिनेछ ।

यस अन्तरगत निम्न तालिम/गोष्ठि/बैठक/अध्ययन भ्रमणहरु रहेका छनः

- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजनस्तरीय कार्यक्रम समन्वय बैठक
- सब डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धित सब-डिभिजन मार्फत, पुष-माघ र बैशाख-जेठमा)
- सब डिभिजनको सहजिकरणमा स्थानीय तह र समुदायद्वारा व्यवस्थित वन समूहहरुको सहभागितामा सब डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्तभित्र)
- डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी (माघ महिनाभित्र)
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय वार्षिक प्रगति समिक्षा गोष्ठी
- सामुदायिक वन उपभोक्ता महासंघ मार्फत डिभिजन स्तरमा सा.व.उ.स.हरुको वार्षिक प्रतिवेदन तयारी, लेखापरिक्षण तथा सुशासन अभिवृद्धिको लागि सहजिकरण तथा सचेतना गोष्ठी
- सव डिभिजन स्तरमा सा.व.उ. समूह तथा कवुलियती वन समूहसंग समन्वय बैठक
- स्थानीय तह र सामुदायिक वन समूह संग समन्वय बैठक
- माथि उल्लेखित बाहेकका विभिन्न तालिम/गोष्ठि

## १५. बरामदी वन पैदावार तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर)

वन अपराध नियन्त्रण कार्यबाट बरामद भएको वन पैदावार तथा मालवस्तु व्यवस्थापनका लागि स्वीकृत जिल्ला दररेट अनुसार ढुवानी भाडा, लोड अनलोड, सङ्कलन तथा ओसारपसार लगायतका काममा यो रकम खर्च गर्न सकिनेछ ।

१६. विद्युतिय माद्यमबाट वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह (डिभिजनस्तर)

जिल्ला स्थित विद्युतीय सञ्चार माध्यमहरु रेडियो/एफएम/टेलिभिजन/अनलाइन मिडिया हरुसँग सम्झौता गरी समय सापेक्ष मिल्दो सन्देशमूलक सामाग्री तयार गरी प्रसारण गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि फछर्यौट गर्दा वा भुक्तानी माग्दा सोको बिल भर्पाई सहित के कुन सामाग्री कुन मितिदेखि कुन मितिसम्म दैनिक कति पटक कुन कुन समयमा प्रसारण भएको हो सो को विवरण, प्रसारण भएको सामाग्रीको छोटकरी विवरण र प्रसारण सामाग्रीको ईलेक्ट्रोनिक प्रतिसमेत संलग्न गर्नुपर्नेछ । यो कार्यक्रममा विनियोजित रकम वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा गर्नुपर्ने कुराहरु, गर्न नहुने कार्यहरु, वन वन्यजन्तु अपराध नगार्न सूचना एवम् अपराध गरेमा हुने दण्ड सजाय लगायत उपयोगी जनचेतनामूलक सूचना/कार्यक्रमहरु प्रसारण गर्न खर्च गर्न सकिनेछ ।

१७. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिवकाबाट गस्ती परिचालन (गौडा गस्ति समेत)

अवैध कटानी एवम् वन वन्यजन्तुको अवैध चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण गर्ने अभिप्रायले वन क्षेत्र भित्रै अस्थायी क्याम्प खडा गरी गस्ती गर्ने सोचका साथ यो कार्यक्रम राखिएको हो। यस कार्यक्रममा विनियोजित बजेटबाट लागत अनुमान स्वीकृत गरी गस्ती टोलीका लागि सञ्चार सेट, पानी, खाजा, सञ्चार, इन्धन तथा सवारी साधन मर्मत/टेन्ट/Sleeping Bag/Matress जस्ता समाग्री खरिद गर्न सकिनेछ । गस्ती/जंगल क्याम्पिङ बसेको मिति, स्थानको जि.पि.एस. कोअर्डिनेट, संलग्न कर्मचारीहरु, सम्पादन गरिएको गतिविधि, उपलब्धी सहितको प्रतिवेदन गस्ती/क्याम्पिङमा खटिने इन्चार्जले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । सो प्रतिवेदन प्राप्त भए पश्चात् सो सम्बन्धी बिल भर्पाई समेतको प्रतिवेदन संलग्न हुनुपर्नेछ ।यो कार्यमा डिभिजन/सब डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक, सम्बन्धित सामुदायिक वनका पदाधिकारी, उपभोक्ता तथा आवश्यकतानुसार सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई परिचालन गर्न सकिनेछ।

१८. तालिम आवश्यकता पहिचान

कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा कार्यालयको दैनिक कामकाज प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट वन क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई के कस्ता किसिमका तालिमको आवश्यकता रहेको छ भनी पहिचान गर्न जिल्ला जिल्लामा गई सम्बन्धित कर्मचारीहरुसँग प्रश्नावली, सामूहिक छलफल, अन्तरकृया, गोष्ठी/बैठक गरी तालिम आवश्यकता पहिचान गरिनेछ। साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन भइरहेका तालिम/गोष्ठिहरुका सहभागीहरुसँग समेत छलफल गरेर वा प्रश्नावली दिई तालिम आवश्यकता पहिचान गरिनेछ । यस शीर्षकमा विनियोजित बजेट सम्बन्धित जिल्लाहरुमा भ्रमण गर्दाको दैनिक भत्ता, इन्धन एवम् छलफल, अन्तरकृया, गोष्ठी/बैठक सञ्चालन गर्नका लागि नियमानुसार स्वीकृत नर्मस् अनुसार लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ ।

१९. **वन, वातावरण तथा जलाधार क्षेत्रको विकास कार्यक्रमको मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम)**

डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? के कति वन पैदावर उत्पादन भइ के कति राजश्व प्राप्त भयो ? सञ्चालित विकास कार्यबाट के कति रोजगारी सृजना भयो ? लगायतका विषयमा स्थलगत अनुगमन गरी विवरण सङ्कलन गर्ने प्रयोजनका लागि यो कृयाकलाप समाबेश गरिएको छ । कार्यालयहरुले यो कार्य पश्चात वार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी मन्त्रालय/निर्देशनालयमा पेश गर्नु पर्नेछ । मन्त्रालय/निर्देशनालयबाट भए गरेको अनुगमन प्रतिवेदनहरु कम्पाईल गरी वार्षिक रुपमा अनुगमन पुस्तिका तयार गर्नुपर्नेछ । यस शीर्षकको रकम अनुगमन तथा मूल्याङ्कन, भ्रमण भत्ता, ईन्धन, तथ्याङ्क संकलन, प्रतिवेदन छपाई आदिमा खर्च गर्न सकिनेछ । अनुगमन तथा मूल्याङ्कनको रिपोर्ट प्राप्त भए पश्चात् मात्र अनुगमन तथा मूल्याङ्कन भत्ता भुक्तानी गर्नुपर्नेछ ।

यस कार्यक्रम अन्तरग निम्न कार्यहरु रहेका छन्:

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च
- वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम)
- वातावरण तथा शहरी वन, राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी खर्च
- मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च
- माथि उल्लेखित बाहेकका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य ।

२०. **स्थलगत जाँचबुझ, छानविन तथा अनुगमन गरी प्रतिवेदन तयारी**

बिभिन्न निकायबाट प्राप्त हुने उजुरीहरु तथा नियमित अनुगमन प्रयोजनको लागी यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यसका उपशीर्षकहरुमा स्वीकृत लागत अनुमान बमोजिम दैनिक भ्रमण भत्ता, गाडीको ईन्धन, गाडीको मर्मत, अनुसन्धानको सिलसिलामा खर्च गरिने मसलन्द र अन्य फुटकर खर्चहरु खर्च गर्न सकिने छ।

२१. **वृद्धिमापन प्लट स्थापना तथा सञ्चालन**

यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयका कर्मचारी र उपभोक्ता समूहका सदस्यहरु परिचालन गरी वन क्षेत्रको वृद्धिमापनका लागि अनुसन्धान प्लट स्थापना/विगतमा स्थापना भएका बृद्धिमापन प्लटहरुको व्यवस्थापन गरिने छ । वृद्धिमापन प्लट संचालनका लागि अनुसन्धानको Protocal र लागत अनुमान तयार गरी विगतमा स्थापना भएका बृद्धिमापन प्लटहरुको मापन, अभिलेख प्रविष्टि तथा व्यवस्थापन र संचालनका लागि खर्च गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## २२. सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास/कोचिङ

सामुदायिक वनको स्वीकृत कार्ययोजनामा समावेश भएका वन व्यवस्थापन तथा वन सम्वर्द्धनका कृयाकलापहरुको सामुदायिक वनका उपभोक्ताहरुलाई स्थलगत रुपमा अभ्यास गराउनको लागि यो कृयाकलाप प्रस्ताव गरिएको हो । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ बमोजिम र विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई वन व्यवस्थापनको लागि आवश्यक पर्ने सामान्य प्रकारका औजार खरिद, खाजा, यातायात खर्च, मसलन्द, तालिम सामाग्री, प्रशिक्षक भत्ता आदिमा ख़र्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- ➢ कार्यक्रम सञ्चालन भएको स्थान
- ➢ कार्यक्रममा सहभागी संख्या
- ➢ कार्यक्रम सञ्चालनबाट भएको उपलब्धी
- ➢ कार्यक्रमको प्रभावकारीता बारे पृष्ठपोषण

## २३. सामुदायिक वन समूह दर्ता/कार्ययोजना तयारी/हस्तान्तरण/कार्ययोजना पुनरावलोकन

वन ऐन, २०७६, प्रदेश राष्ट्रिय वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, वन श्रोत सर्वेक्षण मार्गदर्शन २०६१ र दिगो वन व्यवस्थापन कार्यविधि २०७९ को प्रक्रियाहरु पूरा गरी सामुदायिक वन समूह गठन, दर्ता तथा सामुदायिक वनको कार्ययोजना तयारी, वन हस्तान्तरण तथा कार्ययोजना पुनरावलोकनको कार्य सम्पन्न गर्नुपर्नेछ । प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ बमोजिम र विनियोजित बजेटको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सामाजिक सर्भेक्षण, वनको सर्भे र नक्सा तयारी, समूहको विधान र सामुदायिक वनको कार्ययोजना टाइपिङ्ग, प्रिन्टिङ्ग, फोटोकपी, वाइन्डिङ्ग आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछः

- गठित समूहको नाम र ठेगाना
- समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
- कार्य समितिको स्वरुप (संख्या तथा महिला प्रतिनिधित्व)
- हस्तान्तरण भएको सामुदायिक वनको नाम र ठेगाना
- हस्तान्तरण गरिएको क्षेत्रफल
- कार्ययोजना पुनरावलोकनको विवरण

## २४. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण

यो कृयाकलापको मुख्य उद्देश्य ईच्छाईएको प्रजातिको छत्र घनत्व बीस प्रतिशत भन्दा कम भएको वनको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु हो । यसमा विनियोजित रकम स्वीकृत लागत अनुमान बमोजिम झाडी सफाई, जैविकबार, सम्वृद्धि वृक्षारोपण, वाटरहोल निर्माण, आगलागी र चरिचरन नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। एकै स्थानमा कम्तीमा २ हेक्टरभन्दा बढी क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन कार्य गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण गरिएको वनको क्षेत्रफल, रोपण गरिएको जात र संख्या, खर्चको बिल भर्पाई, आगलागी तथा चरिचरन नियन्त्रणको कार्यमा गरिएको प्रयास सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

सिलवाल

## २५. विगतमा शुरु भएका हैसियत बिग्रेको वन क्षेत्रको पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षणको निरन्तरता

यो कृयाकलापको मुख्य उद्देश्य ईच्छाईएको प्रजातिको छत्र घनत्व बीस प्रतिशत भन्दा कम भएको वनको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु हो । गत वर्षहरुमा वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण कार्यक्रम सम्पन्न भएको स्थानहरुमा त्यसको निरन्तरताको लागि यो कृयाकलाप प्रस्ताव गरिएको हो। यसमा विनियोजित रकम गोडमेल, झाडी सफाई, जैविकबार/तारबारको मर्मत, सम्वृद्धि वृक्षारोपण, आगलागी र चरिचरन नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण गरिएको वनको क्षेत्रफल, रोपण गरिएको जात र संख्या, खर्चको बिल भर्पाई, झाडी सफाई, गोडमेल, आगलागी तथा चरिचरन नियन्त्रणको कार्यमा गरिएको प्रयास सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । समुदायले व्यवस्थापन गरेको वन क्षेत्रमा हैसियत विग्रेको वन क्षेत्रमा पुर्नउत्पादन प्रवर्द्धन तथा संरक्षण गर्नु परेमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत गराउनु पर्नेछ ।

## २६. जिल्लास्तरीय सामुदायिक वन पुरस्कार वितरण

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा डिभिजन वन कार्यालय अन्तरगतका सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।प्रत्येक सब डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट तीन वटा सामुदायिक वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (जिल्ला समन्वय समितिको प्रतिनिधि-१, योजना तथा अनुगमन शाखाको प्राविधिक-१ समेत) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिनेछ । यसमा मूल्याङ्कनबाट छानिएका प्रथम, दोश्रो र तेश्रो सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । कार्यक्रम सम्पन्नपछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण (समूहको विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट लागत अनुमान स्वीकृत गराई प्रमाण-पत्र छपाई, फ्रेम खरिद, बैठक भत्ता, खाजा र नगद पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ ।

## २७. प्रदेशस्तरीय सामुदायिक वन पुरस्कार वितरण

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा प्रदेशभित्र रहेका सम्पुर्ण डिभिजन वन कार्यालय अन्तर्गतका सामुदायिक वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने समूहलाई पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट तीन वटा सामुदायिक वनको मूल्याङ्कन गरी वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा वन निर्देशनालयले मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गर्नेछ । यसमा मूल्याङ्कनबाट छानिएका प्रथम, दोश्रो र तेश्रो सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । कार्यक्रम सम्पन्नपछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहहरुको नाम र ठेगाना, पुरस्कृत हुनुको योग्यता एवं आधारहरु (समूहको विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट लागत अनुमान स्वीकृत गराई प्रमाण-पत्र छपाई, फ्रेम खरिद, बैठक भत्ता, खाजा र नगद पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## २८. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन

यस कार्यक्रम अन्तर्गत जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सब डिभिजन वन कार्यालयका कर्मचारीहरुमार्फत् कार्यान्वयन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, मसलन्द, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ । प्रतिवेदनमा फिल्ड अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा कम्तीमा देहाय विषयहरु विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

- समूहको क्रियाशीलताको स्तर निर्धारण (सदस्यता नविकरण, साधारण सभा/समिति बैठक संख्या र उपस्थिति, कार्यक्रममा जनसहभागिता, निर्णय पारदर्शिता आदि)
- वन संरक्षणको अवस्था (वन अपराध नियन्त्रण: चोरी कटान,चोरी निकासी, अतिक्रमण, वन डढेलो, अत्यधिक चरिचरण, दण्ड जरिवाना, पुरस्कार, उपभोक्ताको परिचालन एवं सहभागितको अभिलेख व्यवस्थापन, आदि)
- वन सम्बर्द्धन तथा व्यवस्थापनको अवस्था (वन सम्बर्द्धन क्रियाकलाप सञ्चालन-झाडी सफाई, गोडमेल एकल्याउने/पल्ल्याउने/हाँगा काँटछाट, सुधार कटान, वन सम्बर्द्धन प्रणाली लागू भए/नभएको, व्यवस्थापन- वन कार्ययोजना कार्यान्वयन, वन्यजन्तुको बासस्थान संरक्षण तथा व्यवस्थापन, वन पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन, हैसियत बिग्रेको वनको पुनरुत्थान, वृक्षारोपण/पुनरोपण/सम्बृद्धि वृक्षारोपण आदि)
- वन पैदावार सदुपयोग (काठ/दाउरा उत्पादन, घाटगद्दी व्यवस्थापन भए/नभएको, आन्तरिक/बाह्य बिक्रि वितरणको परिमाण र आम्दानी, कटान पश्चातको सरसफाई गर्ने/नगर्ने, काठ दाउराको समयमा नै बिक्रि वितरण भए/नभएको, काठ दाउरा बिक्रि वितरणमा सिमान्तकृत विपन्न वर्गको लागि सहुलियतको व्यवस्था भए/नभएको, अभिलेख व्यवस्थापन भए/नभएको, कानून बमोजिम दाखिला गर्नुपर्ने शुल्क/दस्तुर समयमा नै दाखिला गरे/नगरेको आदि)
- गैह्र काष्ठ वन पैदावार व्यवस्थापन तथा सदुपयोग (पाइने मुख्य प्रजातिहरुको विवरण, संकलन परिमाण, बिक्रि वितरणको परिमाण र आम्दानी, खेती कार्यक्रम सञ्चालन भए/नभएको भएको भए सो को विवरण, खेती बिस्तार तथा उत्पादनमा सिमान्तकृत विपन्न वर्गको सहभागिताको अवस्था आदि)
- आर्थिक कारोबार खाता सञ्चालन, लेखापरीक्षण, बैकिङ्ग कारोबार, वार्षिक प्रतिवेदन, बैङ्क/नगद मौज्दात, बेरुजू एवं आर्थिक अनियमितता, सार्वजनिक लेखापरीक्षण तथा खर्चको पारदर्शिता, खर्चको बाँडफाँड (वन विकास खर्च, विपन्न वर्ग तथा गरीबी न्यूनिकरण कार्यक्रम खर्च, सामाजिक विकास खर्च, प्रशासनिक खर्च आदि)

## २९. फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण

यस कार्यक्रम सामुदायिक वन, कबुलियती वन र निजी जग्गाको उपभोक्ताहरुलाई वृक्षारोपणमा संलग्न गराई हरियाली प्रवर्द्धन गरी आयआर्जन गर्ने हेतुले तयार गरिएको हो । यस शिर्षकको रकम समूह/निजी जग्गा धनी सँग छलफल स्थान छनौट प्रजाति निक्यौंल गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार फलफुलका बिरुवा खरिद, ढुवानी, वितरण, रोपण लगायतमा खर्च गर्न सकिने छ। सामुदायिक तथा

कबुलियतय वन समूहहरुलाई रोपण खर्च समेत उपलब्ध गराउन सकिनेछ । निजी जग्गा धनीलाई बिरुवा मात्र उपलब्ध गराईने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा खरिद, ढुवानी, वितरण गरिएका बिरुवाहरुको विवरण, क्षेत्रफल, खर्चको बिल भर्पाई र सञ्चालित कृयाकलापहरुको फोटो समेत पेश गर्नुपर्नेछ। फलफूल वृक्षारोपण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मा सम्बन्धित व्यक्ति/समूहको हुनेछ। यसरी फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण अन्तर्गत व्यवसायिक रुपमा गत आ.व.मा रोपण भएको क्षेत्रको डिभिजन वन कार्यालयहरुबाट अनुगमन गरी असोज महिना भित्र वन निर्देशनालय/मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछः

- सा.व./क.व./निजी वनका उपभोक्ताहरुलाई फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण
- कवुलियती वनमा फलफुल(कागती वा जुनार मध्ये कुनै एक) वृक्षारोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समूह
- निजि जग्गामा उच्च मूल्य भएका फलफुल (मेकाडामिया र पिकानट समेत) का बिरुवा खरिद तथा वितरण
- गुमालचोक सामुदायिक वनमा रैथाने फलफुलका बिरुवा वृक्षारोण (तारबार सहित), चनपा ६,काठमाण्डौ
- माथि उल्लेखित बाहेकको फलफुलका बिरुवा खरिद,रोपण/वितरण कार्यहरु

### ३०. कवुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत-मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा)

अवधि पुगि सकेका र कबुलियती वन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । यस शीर्षकको रकम सर्भे तथा नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा वाईन्डिङ्गमा खर्च गर्न सकिनेछ । समूहमा आबद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागितामा कार्ययोजना तयार गर्नुपर्नेछ।जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको ३ प्रति तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरिएको छ ।

### ३१. कवुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको वीउविजन वितरण कार्यक्रम (२०० घरधुरीलाई)

यो कार्यक्रम कबुलियती वन समूहका सदस्यहरुलाई वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम अन्तरगत कबुलियती वन समूहका उपभोक्ताहरुलाई सम्बन्धित उपभोक्ता समूहहरुको मागको आधारमा सहकार्य गरी सिजन अनुसारको तरकारीको वीउ विजन खरिद तथा वितरण गर्नुपर्नेछ । वितरण गरिएको कवुलियती वन सदस्यहरुको घरघुरी, नाम, ठेगाना, वितरण गरिएको तरकारीको वीउको प्रकार र परिमाण समेतको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ३२. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)

डिभिजन वन कार्यालयमा नयाँ कबुलियती वन समूह गठन, कार्ययोजना र जीविकोपार्जन योजना तयारी तथा नवीकरण, स्थापित समूहलाई प्राविधिक सहयोग तथा वन प्राविधिकको ज्याला/पारिश्रमिक लगायतका कार्यक्रम सञ्चालनमा यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

**३३. कबुलियती वनको बचत सङ्कलन, सहकारी गठनका लागि वित्त सहायक**

कबुलियती वन समूहको सञ्चालन, बचत, ऋण परिचालन, बैठक सञ्चालन, माइन्युट लेखन, प्रतिवेदन, समन्वय लगायतका कार्यमा सहजीकरण गर्न तथा वित्त सहायकको ज्याला/पारिश्रमिक लगायतका कार्यमा यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । वित्त सहायकले हरेक महिनाको मासिक कार्य तालिका १ गते भित्र तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नुपर्ने र सो अनुसार कार्य सम्पन्न प्रतिवेदन महिना समाप्त भएको मितिले ३ दिन भित्र पेश गर्नुपर्नेछ।

**३४. कबुलियती वनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपरभाईजरबाट)**

कबुलियती वन समूहको समूह गठन, सञ्चालन, बचत, ऋण परिचालन, बैठक सञ्चालन, माइन्युट लेखन, रिपोर्टङ, समन्वय लगायतका कार्यमा सहजीकरण गर्न तथा सुपरभाईजको ज्याला/पारिश्रमिकमा यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । डिभिजन सुपरभाइजरले सब डिभिजन वन कार्यालयहरु सँगको समन्वयमा सामाजिक परिचालकको कार्यको अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्नेछ । सुपरभाइजरले हरेक महिनाको मासिक कार्य तालिका १ गते भित्र तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नुपर्ने र सो अनुसार कार्य सम्पन्न प्रतिवेदन महिना समाप्त भएको मितिले ७ दिन भित्र आफु लगायत मातहतमा कार्यरत समूह परिचालिकाहरुको समेतको कार्य सम्पन्न प्रतिवेदन सहित पेश गर्नुपर्नेछ। साथै अर्द्धवार्षिक रुपमा कबुलियती वन समूहहरुको वनको अवस्था, समूह परिचालनको यथार्थ विवरण, बचत सङ्कलन तथा ऋण परिचालन सम्बन्धी एकमुष्ट प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । डिभिजन सुपरभाइजरको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय तथा स्थानीय तह लगायत अन्य निकायको बिचमा सम्बन्ध कायम गर्ने,
- समूह सहयोगीको कार्यको अनुगमन तथा निरीक्षण गर्ने,
- समूह सहयोगीलाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- डिभिजन वन कार्यालय र जिल्ला स्थित अन्य कार्यालयबाट समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,
- समूह सहयोगी मार्फत कबुलियती वन समूहको अनुगमन गर्नमा डिभिजन वन कार्यालय लाई सहयोग गर्ने,
- समूहमा आबद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन सहयोग गर्ने,
- सामाजिक परिचालनको कार्यमा मार्गदर्शक बनेर आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

**३५. कबुलियती वनको नियमित बैठक तथा पोष्ट फरमेसनका लागि सामाजिक परिचालन सेवा (समूह परिचालन सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)**

लक्षित समूहहरु मध्येबाट उनीहरुले नै संस्थागत रुपमा छानेका महिला समूह परिचालिकाहरु नै सामाजिक परिचालनका संवाहक हुनेछन् । डिभिजन वन कार्यालयले प्रचलित कानुनको अधिनमा रही सम्झौता गरी सामाजिक परिचालकको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ। सामाजिक परिचालिका छनौट गर्दा परिचालिका परिचालन हुने क्षेत्रमा रहेका कबुलियती वन समूहमा आबद्ध परिवारकै सदस्य मध्येबाट गर्नु पर्नेछ । हरेक

महिनाको मासिक कार्य तालिका १ गते भित्र तयार गरी सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नुपर्ने र सो अनुसार कार्य सम्पन्न प्रतिवेदन महिना समाप्त भएको ३ दिन भित्र सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ। मासिक प्रतिवेदन तथा हाजिरी पेश भए पछि मात्र पारिश्रमिकको भुक्तानी गरिनेछ । सामाजिक परिचालकको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय/सब डिभिजन वन कार्यालय स्थानीय निकाय लगायतका कार्यालय/निकायको बिचमा समन्वय गर्ने गराउने,
- समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- बैठक व्यवस्थापन गर्न कबुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, अभिलेख राख्ने, बचत गर्ने र वातावरण संरक्षण तथा सरसफाई वारे समूह सदस्यलाई ज्ञान दिने,
- डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सबै कबुलियती वन समूहको बैठकमा भाग लिने,
- कबुलियती वन समूहको अनुगमन कार्यमा सब डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,
- विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन गर्न आवश्यक सहयोग गर्ने,
- साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको जनशक्ति विकास गराउने,
- डिभिजन वन कार्यालयको नियमित मासिक बैठकमा सम्भव भएसम्म सहभागी हुने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ ।

### ३६. वन्यजन्तु उद्धारको लागि आवश्यक औजार/सामान खरिद

वन्यजन्तु उद्धार कार्य गर्नका लागि आवश्यक पर्ने उपयोगी व्यक्तिगत सुरक्षाका सामाग्री (PPE) साधनहरु खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो । वर्तमान अवस्थामा वन्यजन्तु व्यवस्थापन गर्न सजिलो होस् भनि उपयुक्त सामनहरुको खोजी गरी उपयोगी सामान प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्न सकिनेछ।

### ३७. वन्यजन्तुको वासस्थान विकासको लागि घाँसे मैदान व्यवस्थापन

वन्यजन्तुको वासस्थान संरक्षण तथा विकासको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यसमा विनियोजन भएको रकम स्वीकृत लागत अनुमान बमोजिम मिचहा प्रजाति हटाउने, झाडी एवं लहरा हटाउने, अनुपयुक्त प्रजातिका रुख तथा रुखको जरा/ठुटा उखेल्ने, कन्ट्रोल वर्निङ्ग, स-साना वाटरहोल निर्माण जस्ता कार्यमा खर्च गर्न सकिनेछ।

### ३८. भीमफेदीस्थित हात्तिसार संग्राहलय सञ्चालन खर्च

यस कार्यक्रम अन्तरगत उक्त संग्राहलयको विजुली, पानी, संग्रहालय हाताको सरसफाई,गत आर्थिक वर्षमा गरिएको ट्यागिङ्गहरुको व्यवस्थापन लगायतको काममा खर्च गर्न सकिनेछ।

३९. सालकको वासस्थान संरक्षण र विकास कार्यक्रम

सालक पाईने स्थानमा विशेष योजना बनाई लागत अनुमान स्वीकृत गरी सोही बमोजिमका कृयाकलापहरुको कार्य सञ्चालनमा खर्च गर्न सकिनेछ।

४०. फिल्डमा कार्य संचालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम

वनको संरक्षण व्यस्थापनका लागि फिल्डमा खटिएर जाने वन कर्मचारीहरुलाई फिल्डमा काम गर्दा हुने दुर्घटना आकस्मिक रुपमा स्वास्थ्यमा गडबढी, आदि कारणले हुने स्वास्थ्य समस्याको प्राथमिक उपचार र तत्काल उद्धारका लागि यो कृयाकलाप समावेश गरिएको हो । यसमा बिनियोजन भएको रकम घटना स्थलमा हुने प्राथमिक उपचार, घटना स्थलबाट तत्काल उद्धार गरी उपचार हुने स्थल/अस्पतालसम्म जाने सवारी साधन ( हेलिकप्टर, एम्बुलेन्स आदि) भाडामा खर्च गर्न सकिनेछ ।

४१. WCCB बैठक सञ्चालन

वन्यजन्तु संरक्षणका लागि नियमित रुपमा सुरक्षा संयन्त्र परिचालन तथा समन्वयको लागि WCCB बैठक वस्दछ । सोही प्रयोजनको लागि स्वीकृत लागत अनुमान बमोजिम सहभागीहरुको लागि भत्ता, खाजा तथा यातायात खर्चमा रकम खर्च गर्न सकिनेछ। भुक्तानी वा पेश्की फछ्र्यौटको लागि बैठकमा उपस्थित पदाधिकारीहरुको उपस्थिति, माइन्युट, फोटो लगायतको विवरण पेश गर्नुपर्नेछ। WCCB बैठक पश्चात प्रतिवेदन तयार गरी मन्त्रालय/निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

४२. Wall /Stone/Street site मा वन्यजन्तुको जनचेतनामूलक पेन्टिङ्ग (सब डिभिजनमा, कार्यविधिमा उल्लेखित साईज र शब्द संख्या)

बाटोको दायाँ वायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र पर्खाल को वाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गि र पारस्थितिकीय प्रणालीको बारेमा जनचेतनामूलक सन्देश दिने खालको भनाई, स्लोगन, आर्ट आदिको भित्ते लेखन/पेन्टिङ गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । कार्यक्रम सम्पन्न भएपछि पेन्टिङ भएको विषय वस्तुको सूची, कुन ठाउँमा गरिएको हो ? सोको विवरण, फोटोहरु र बिलभर्पाई पेश गर्नुपर्नेछ ।

४३. हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृतसहितको कर्मचारीटोलीको गस्ति परिचालन खर्च (सब डिभिजन मार्फत) १२ महिना

वन र वन्यजन्तु संरक्षणको लागि नियमित गस्ती अपरिहार्य हुन्छ । सब डिभिजन वन कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्रका वनक्षेत्र, नाका, बाटो आदिमा संभाव्य अवैधानिक गतिविधिहरुको निगरानी गर्नुपर्ने हुन्छ । सव डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्र रहेका त्यस्ता क्षेत्रहरुको तथ्याङ्क राखी त्यसलाई नियमित अपडेट गरी डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्दछ र ती क्षेत्रहरुमा नियमित गस्ती र निगरानी राख्नु पर्दछ। यो कार्यमा सब-डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् आवश्यकता अनुसार सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक तथा सम्बन्धित सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरु समेत परिचालन गर्न सकिनेछ । यस कृयाकलापमा विनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिम गस्ती टोलीका लागि पानी/खाजा, सञ्चार, इन्धन तथा गस्ती परिचालन र सूचनाको लागि अत्यावश्यक सामाग्री

सञ्चारसेट खरिद लगायतमा खर्च गर्न सकिनेछ । सब डिभिजन प्रमुखले गस्तीमा संलग्न कर्मचारीहरुको विवरण एवम् भए गरेको गतिविधी एवम् उपलब्धी र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

### ४४. उद्धार टोलीको लागि बीमा खर्च

वन, वातावरण तथा जैविक विविधता संरक्षण कार्यमा फिल्डस्तरमा खटिएको क्रममा कुनै भवितब्यमा परी दुर्घटनामा परेको खण्डमा पिडीत पक्षलाई तत्काल राहत प्राप्त होस भन्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक बासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने Rapid Response Team लाई हौसला प्रदान गर्नको निम्ति बिमा गरिनेछ। यस शीर्षकमा विनियोजित रकम बिमा एजेन्टसँग समन्वय गरी उपयुक्त बीमा पोलिसिबाट बीमा गरिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् बीमा गरिएको उद्धार टोलीको विवरण तथा बिमा रकम र अवधि सहितको प्रतिवेदन पेश गर्नु पर्नछ।

### ४५. गत आव देखि कार्यरत विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक काठमाडौं (अधिकृतस्तर)

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको हेरचाह, उपचार तथा उद्धारको लागि आवश्यकता अनुसार विशेषज्ञ भेटेनरी डाक्टरको परामर्श तथा विशेषज्ञ सेवाको लागि यो शीर्षकमा विनियोजित बजेटबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

### ४६. भीमफेदीस्थित हात्तिसार संग्राहालयको लागि चौकिदार र माली

भीमफेदीस्थित हात्तीसार संग्राहालयमा हेरचाह तथा सुरक्षाको लागि चौकिदार मालिको काम गर्न अनुभव प्राप्त व्यक्तिलाई सार्वजानिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ तथा प्रचलित नर्मस्को पालना गरी सेवा करार सम्झौता गरी सम्झौता बमोजिमको कामकाज गर्न लगाईनेछ ।

### ४७. धार्मिक वन समूहको गठन तथा हस्तान्तरण/नवीकरण

यस शीर्षकमा विनियोजित रकम प्रचलित वन ऐन तथा नियमावली बमोजिम गठन हुने धार्मिक वन समूहको कार्ययोजना तयारीका लागि गर्नुपर्ने कार्यहरु जस्तै वन क्षेत्र सर्भेक्षण, वन स्रोतको ईन्भेन्ट्री, कार्ययोजना लेखन तथा छपाई र किताब बाईण्डिङ लगायतका कार्यहरुमा खर्च गर्नुपर्नेछ । यो कृयाकलाप सम्पन्न भए पश्चात् धार्मिक वन उपभोक्ता समूह गठन, कार्ययोजना निर्माण तथा हस्तान्तरण/नवीकरण भएको हुनेछ ।

कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- हस्तान्तरण/नवीकरण गरिएको वनको नाम र ठेगाना
- हस्तान्तरण/नवीकरण भएको स्वीकृत कार्ययोजना
- बैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने
- कार्ययोजना हस्तान्तरण/नवीकरण गर्दा खिचिएका फोटो/भिडियोहरू

## ४८. गत/विगत आर्थिक वर्षमा भएको जडिबुटी खेती विस्तार, क्षेत्रमा पुनःरोपणका लागि बिरुवा खरिद, गोडमेल तथा क्षेत्र विस्तार आदि

बिरुवा रोपण कार्य गरे पश्चात् त्यसको संरक्षण तथा व्यवस्थापन गर्ने कार्य निकै चुनौतिपूर्ण तथा महत्वपूर्ण हुन्छ। बिरुवा रोपण कार्यलाई प्रभावकारी तुल्याउने हो भने रोपण गरिएको क्षेत्रमा मर्न गएको बिरुवाको स्थानमा पुनः बिरुवा रोपण गर्नुपर्ने हुन्छ । यस शीर्षकमा विनियोजित रकम गत आर्थिक वर्षहरुमा रोपण गरिएको क्षेत्रमा अनुगमन निरीक्षण गरी पुनःरोपण गर्ने कार्यमा आफ्नै नर्सरीमा भए सोही बिरुवा, नभएमा खरिद गर्ने, खाडल खन्ने, सरसफाई तथा गोडमेल गर्ने, रोपण गरिएको क्षेत्र विस्तार गर्ने जस्ता कार्यमा खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् पुनःरोपण गरिएको बिरुबाको प्रजाति, संख्या, रोपण गरिएको स्थान तथा फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ४९. प्राकृतिकरुपमा पाइने चिउरीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन

यो कार्यक्रम सञ्चालन गर्दा चिउरी पाईने क्षेत्रको स्रोत सर्वेक्षण र नक्सांकन गरी पकेट क्षेत्रको निर्धारण गरी सो क्षेत्रमा रहेका स्वस्थ्य चिउरीको रुख तथा पुनरुत्पादनको संरक्षण तथा व्यवस्थापन कृयाकलाप गर्न यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा प्राकृतिक रुपमा रहेका चिउरीका रुखहरु सम्बन्धित सामुदायिक वन तथा कबुलियती वन समूहसँगको समन्वय तथा सहकार्यमा पकेट क्षेत्रमा बसोबास गर्ने सिमान्तकृत समूहसँग कबुलियतनामा गरी संरक्षण र व्यवस्थापनका लागि जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

## ५०. सामुदायिक वनको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी

यस कार्यक्रम अन्तर्गत दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार सामुदायिक वनहरुको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरिनेछ । साथै वन व्यस्थापन कार्ययोजनाको म्याद समाप्त भएको सामुदायिक वनहरुको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार पुनरावलोकन तथा नवीकरणका लागि समेत खर्च गर्न सकिनेछ । यस कार्यक्रममा विनियोजित रकमबाट वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जनका लागि वन तथा भू संरक्षण मन्त्रालयको स्वीकृत वन, वनस्पति, वन्यजन्तु तथा भू संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस, २०७० बमोजिम लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ । वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीका लागि कार्यालयमा उपलब्ध जनशक्ति नभएको अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम सेवा प्रदायक मार्फत कार्य संचालन गर्न सकिनेछ ।

## ५१. वन वाटिका निर्माण तथा वासस्थान व्यवस्थापन (प्रजाति विशेष)

यस कार्यक्रम अन्तर्गत सडक किनार, नदी किनार तथा सार्वजनिक स्थानमा लोपोन्मुख तथा बहुमुल्य प्रजातिहरु (सीता अशोक, छतिवन, चिउरी, विजयसाल, चाँप, सतिसाल, रुद्राक्ष, पलाँस, वर, पिपल, समी, श्रीखण्ड आदि) को वृक्षारोपण गरी संरक्षण र प्रबर्द्धन गरिनेछ । वाटिकामा प्राकृतिक रुपमा रहेको वनस्पतिको संरक्षण, प्रबर्द्धनका लागि खर्च गरिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

### ५२. सामुदायिक वन व्यवस्थापन गरी काठ/दाउरा उत्पादन

मन्त्रालयद्वारा स्वीकृत दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम तथा आवश्यकताको आधारमा काठ, दाउराको संङ्कलन गर्नुपर्ने भएमा सोका लागि यस शीर्षकमा बिनियोजित रकम खर्च गर्नुपर्नेछ ।आफ्नो श्रोत साधनबाट सामुदायिक वनको कार्ययोजना बमोजिम काठ दाउरा संकलन गर्न नसक्ने बार्षिक दश लाख रुपैया भन्दा कम कारोबार हुने सामुदायिक वन उपभोक्ता समूहका लागि प्रस्ताव पेश गर्न डिभिजन वन कार्यालयले मंसिर मसान्त भित्र १५ दिने सार्वजनिक सूचना अनिवार्य रुपमा प्रकाशित गर्नुपर्नेछ । प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी छनौट भएका सामुदायिक वन उपभोक्ता समूहसंग प्रचलित कानून बमोजिम सम्झौता गरी संकलन खर्च उपलब्ध गराउन सकिनेछ । । यंस कार्यक्रम अन्तर्गत सङ्कलन भएको काठ, दाउराको बिक्री पश्चात संङ्कलन खर्च प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि कार्य संचालन भएको समूहको नाम र ठेगाना, काठ दाउराको परिमाण, ठेक्का तथा अमानतको विवरण, संचालित कृयाकलापको फोटो, उपभोक्ता समितिको निर्णय लगायतका खर्च विलभर्पाई संलग्न गरी पेश गर्नुपर्नेछ । साथै यसको प्रतिवेदन मन्त्रालय/निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

### ५३. सामुदायिक वनमा थिनिङ्ग कार्यको लागि सहयोग

सामुदायिक वन विकास कार्यक्रम लागू भएपछि वनको संरक्षणबाट पुनरोत्पादन भई हाल अधिकांश सामुदायिक वनको वनक्षेत्र पोथ्रापोथ्री वा पोल अवस्थाको वनमा स्थापित भएको पाइन्छ । त्यस्तै कतिपय सामुदायिक वनहरुको क्षेत्र अझै झाडीयुक्त अवस्थामा समेत रहेका छन । हाल सामुदायिक वनमा सिल्भिकल्चर प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम समेत लागू भै आएको ती बनको व्यवस्थापन कार्ययोजनाले सुधार कटानको सिफारिस समेत गरेको पाइन्छ । प्राविधिक हिसाबले थिनिङ्ग गर्न आवश्यक देखिएको सबै प्रकारका सामुदायिक वनमा थिनिङ्ग, झाडी सफाई, तथा वन व्यवस्थापन योजनामा उल्लेखित स्थानहरुमा सुधार कटान, थिनिङ्गका वार्षिक थिनिङ्ग योजना तयारी तथा स्वीकृत गरी यो कृयाकलाप गर्नुपर्नेछ । कार्यक्रम संचालन गर्दा प्रचलित नर्मसको आधारमा लागत अनुमान स्वीकृत गरी कार्य संचालन गर्नुपर्ने छ ।यस कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा वन उपभोक्ता समूहको लागत सहभागिताको सुनिश्चिता हुनुपर्नेछ। यो कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक वनको वन कार्ययोजनामा थिनिङ्ग/सुधार कटान/झाडी सफाईको कृयाकलाप संचालन गर्ने भनी उल्लेख भएका सामुदायिक वन उपभोक्ता समूहहरु मध्येबाट माग संकलन गरिने छ । संचालन गर्न सकिने परिमाण, औचित्य, समूहको सक्रियता, समूहको आर्थिक अवस्था, वनको अवस्था लगायतलाई विचार गरी डिभिजन वन कार्यालयले छनौट गरी उपयुक्त सामुदायिक वनमा यो कार्यक्रम संचालन गर्न सक्नेछ ।

कार्यक्रम सम्पन्न भएपछि कार्य संचालन भएको समूहको नाम र ठेगाना, समूह छनौटका आधारहरु, संचालित कृयाकलापको कार्य संचालन पूर्व र संचालन पश्चातको फोटो, उत्पादन भएको वन पैदावारको परिमाण, थिनिङ्ग गरेको वनको क्षेत्रफल, उपभोक्ता समितिको निर्णय लगायतका खर्च विलभर्पाई संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ५४. विगत आर्थिक वर्षमा निजी तथा सामुदायिक वनमा मोसो बाँसको अध्ययन तथा अनुसन्धानको लागि स्थापना भएको प्लट व्यवस्थापन

विगत आर्थिक वर्षहरुमा निजी तथा सामुदायिक वनहरुमा स्थापना गरिएको मोसो बाँसको स्थायी प्लटको व्यवस्थापनका लागि यो शीर्षकको रकम खर्च गरिनेछ । स्थायी प्लटको विवरण र सोमा मापन गरिएको

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

तथ्याङ्क वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहमा/ निजी वन धनी समेतको विवरण दुरुस्त गरी व्यवस्थित तवरले राख्नुपर्नेछ । यो कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वा मातहतका वन प्राविधिक मार्फत सामुदायिक वन उपभोक्ताहरु र निजी वन धनीको प्रत्यक्ष संलग्नतामा सम्पन्न गरिनेछ । बासको बिरुवाको अवस्था के कस्तो रहेको छ र प्लट स्थापना भएको क्षेत्रको सरसफाई गर्ने, गोडमेल गर्ने. आवश्यक्तानुसार मलको प्रयोग गर्ने, अनुगमन तथा निरीक्षण जस्ता कार्यमा खर्च गर्न सकिनेछ । यसको अतिरिक्त अनुसन्धान प्रोटोकलमा उल्लेखित विषयहरुको समेत अधावधिक तथ्याङ्क राख्नुपर्नेछ । कार्यक्रम पश्चात प्रतिवेदन साथ प्लट स्थापना भएको क्षेत्र/सामुदायिक वन/निजी वन प्लटको संख्या, साईज, स्थान, संलग्न व्यक्तिहरुको नामावली, जि.पि.एस. कोअर्डिनेट, बिरुवा मापनको विवरण, लागत अनुमान, फोटो लगायतका बिल भर्पाईहरु संलग्न गर्नुपर्नेछ।

## ५५. वन्यजन्तुबाट हुने क्षतिका लागि राहत वितरण

यस शीर्षकमा विनियोजित रकम खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको "वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०" अनुसार हुनुपर्नेछ ।

कार्यक्रम सम्पन्न भएपछि निर्देशिका बमोजिम राहत पाउने व्यक्तिको विवरण, वितरित रकमको विवरण संलग्न गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ५६. अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रति मुद्दा बढीमा रु १० हजार)

वन र वन्यजन्तु अपराधमा संलग्न हुने व्यक्तिहरुलाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढाउने सिलसिलामा आवश्यक रकम यस शीर्षकबाट खर्च गरिनेछ । सामान्यतया मुद्दा दायर गर्नका लागि आवश्यक पर्ने मसलन्द, यातायात भाडा, ईन्धन, पानी, अनुसन्धान अधिकृतको भ्रमण/खाजा खर्च, सञ्चार खर्च लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ । खर्च रकम फछ्यौट गर्दा खर्च भएको बिल भर्पाई एवं मुद्दा निकासाको/अभियोग पत्र दायर गरेको सम्बन्धी कागजात पेश गर्नुपर्दछ । मुद्दाको सिलसिलामा विदेशी नागरीक पक्राउ परी दोभाषे/अनुवादक राख्नुपर्दा निजलाई दिनुपर्ने पारिश्रमिक/भत्ता नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

## ५७. वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम

आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना प्रवर्धन र विकास गर्ने, वनपैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्धनबाट हरित रोजगारी तथा थप आय आर्जनका अवसरहरु वृद्धि गर्ने एवं निजि वा सामुदायिक वनको साझेदारीमा वनजन्य कच्चा पदार्थमा आधारित निर्यातमुलक वा आयत प्रतिस्थापन गर्ने उद्यम स्थापनका लागि समग्र मूल्य सृङ्खलामा प्रोत्साहन र सहजीकरण गर्नेउद्देश्यले उद्यम विकास कार्यक्रमहरु समावेश गरिएको छ। यस्ता कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम देहायको प्रकृया अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम मार्फत वन पैदावारमा आधारित उद्यम स्थापना र संचालन गर्न चाहने वन उपभोक्ता समूहहरु/सहकारी/निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) बाट लागत साझेदारीमा उद्यम स्थापना तथा संचालनको लागि व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्न प्राविधिक तथा आर्थिक प्रस्तावका लागि सार्वजनिक सूचना आब्हान गरिनेछ । यसरी

सूचना प्रकाशन गर्नु आगाडि प्रस्तावहरुको मुल्याङ्कन आधार तयारी गर्नु पर्नेछ । पेश हुन आएका प्रस्तावहरुको मुल्याङ्कन गरी वन उपभोक्ता समूहहरु/सहकारी/निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) संग नियमानुसार सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ । निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका)को हकमा कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा वढीमा ७५ प्रतिशतसम्म अनुदान दिन यस शिर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्न सकिने छ ।

स्वीकृत बार्षिक कार्यक्रममा स्थान तोकीएको हकमा स्वीकृत कार्यक्रममा तोकिएको निकायबाट व्यवसायिक योजना माग गरी सोको मुल्याङ्कन गरी उपयुक्त देखिएमा कार्यान्वयन गर्न सकिनेछ ।यस शिर्षकमा उल्लेखित प्रकृया बमोजिम वन पैदावारमा आधारित उद्यम सम्बन्धी स्वीकृत कृयाकलापहरु कार्यान्वयन गर्न सकिनेछ ।

**५८. वन उपभोक्ता महासंघ ललितपुर मार्फत प्राङ्गारिक मल उत्पादन गर्ने कार्यक्रम**

सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला महाससंघ ललितपुरसंगको सहकार्यमा वन क्षेत्रबाट पत्कर,सोत्तर आदि संकलन गरी सोबाट प्राङ्गरिक मल बनाउनका लागि यो कृयाकलाप समावेश गरिएको हो । यो कार्य संचालन गर्दा लागत अनुमान स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला महाससंघ ललितपुरसंग सम्झौता गरी कार्य संचालन गर्न सकिनेछ।

**५९. काठमाण्डौं महानगरपालिका भित्रका ठुला रुखहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन कार्यक्रम**

काठमाडौं नगरपालिका भित्र रहेका ठूला रुखहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ। डिभिजन वन कार्यालय मार्फत ठूला रुखहरुको नम्बरिङ्ग गरी उक्त रुखको प्रजाति, गोलाई, उचाई, जि.पि.एस. कोअर्डिनेट, फोटो र ठेगाना लिई तथ्याङ्क संकलन गर्नुपर्नेछ। साथै जोखिम, मध्यम जोखिम, उच्च जोखिम वा जोखिम नरहेको मध्ये के कस्तो अवस्थाको हो खुलाई तथ्याङकलिई कम्पाइल गरी अध्यावधिक गरी अभिलेख व्यवस्थापन गरिने छ। यस शिर्षकमा बिनियोजित रकम स्टेशनरी, Tagging, खाजा, गाडी भाडा, ईन्धन आदिमा खर्च गर्न सकिने छ।

**६०. वन्यजन्तु एम्बुलेस खरिद**

काठमाण्डौ उपत्यकामा हुने मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि वन्यजन्तुको उद्दार कार्यमा सहजता ल्याउने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ । वन्यजन्तु मैत्री हुने एम्बुलेन्स गाडी खरिद गर्नुपर्नेछ । यो कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरिनेछ ।

**६१. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण**

उपभोक्ताको चाहाना र आवश्यकता समेतलाई दृष्टिगत गर्दै विभिन्न सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने उद्देश्यका साथ यो कृयाकलाप समावेश गरिएको हो । यो कार्यक्रम बागमती प्रदेशको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम कार्यान्वयन गरिने छ । सल्लाको वन भएको क्षेत्रमा सम्बन्धित सब डिभिजन वन कार्यालयबाट उपभोक्ता समूह परिचालन गरी स्वीकृत सामुदायिक वन व्यवस्थापन कार्ययोजना बमोजिम गरिनेछ । स्वीकृत नर्मस्को आधारमा लागत अनुमान तयार गरी सो बमोजिम कार्य गर्नुपर्ने छ । यो कार्य संचालन पूर्व र संचालन पश्चातको फोटो पेश गर्नु पर्नेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

६२. **वन विज्ञान अध्ययन संस्थान अन्तर्गत हेटौंडामा रहेको म्युजियमको स्तरोन्नति**

वन विज्ञान अध्ययन संस्थान हेटौडाको परिसरमा रहेको म्युजियमको स्तरोन्नतिका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस कार्यक्रम वन विज्ञान अध्ययन संस्थान हेटौडासंगको समन्वयमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गरिनेछ । यो कार्य संचालन पूर्व र संचालन पश्चातको फोटो पेश गर्नु पर्नेछ ।

६३. **District wise database management and Publication of Encroachment in Bagamati Province**

यस शिर्षक अन्तर्गतको रकम डिभिजन वन कार्यालयहरु अन्तर्गत क्षेत्रका अतिक्रमित क्षेत्रहरुको तथ्याङ्क संकलन(क्षेत्रफल, संरचना, अतिक्रमित क्षेत्रको प्रकृति, अतिक्रमणकारीको विवरण, नक्शा आदि) गरी सोको प्रतिवेदन तयार गर्ने कार्यमा खर्च गरिनेछ । प्रकाशित प्रतिवेदनको एक एक प्रति मन्त्रालय र १५ वटै डिभिजन वन कार्यालहरुमा पठाउनु पर्नेछ ।

६४. **स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि Research Grant**

वन तथा वातावरण क्षेत्रमा सैद्धान्तिक एवम् व्यवहारिक हिसाबले योग्य एवम् दक्ष मानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन जरुरी छ। यसको लागि बागमती प्रदेशमा अध्ययन अनुसन्धान क्षेत्र बनाएका स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत १० जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी वढीमा ५० हजारसम्म वन संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन, प्रदूषण तथा फोहरमैला नियन्त्रण, रेड प्लस, वातावरणीय सेवा भुक्तानी, जडिबुटी, जैविक विविधता, भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा वातावरणसँग सम्बन्धीत अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ।यसबाट विद्यार्थीको शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवम् प्रतिवेदनले मन्त्रालयको योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिइएकोछ।यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिमको एक प्राविधिक समिति रहनेछ।सो समितिले मूल्याङ्कनको मापदण्ड तयार गरी सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गरी स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।छनौट भएका विद्यार्थीलाई वढीमा दुई किस्तामा रकम उपलब्ध गराईनछ।अध्ययन अनुसन्धान गर्ने क्षेत्रको कम्तिमा स्नातकोत्तर गरेको वन अधिकृतलाई Co-advisor राख्नु पर्नेछ ।

तपसिल

संयोजक : प्रदेश सचिव वा नीजले तोकेको महाशाखा प्रमुख, वन तथा वातावरण मन्त्रालय
सदस्य : प्रतिनिधि, सम्बन्धीत विश्वविद्यालय
सदस्य : मन्त्रालयले तोकेको वन अधिकृत, वन तथा वातावरण मन्त्रालय
सदस्य सचिव : वन अधिकृत, योजना शाखा, वन तथा वातावरण मन्त्रालय

आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

६५. **वन विज्ञान विषयमा स्नात्तक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप**

वन तथा वातावरण क्षेत्रमा सैद्धान्तिक एवम् व्यवहारिक हिसाबले योग्य एवम् दक्ष मानव संशाधनको विकास गर्नका लागि अध्ययन तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन जरुरी छ। यसको लागि बागमती प्रदेशमा सञ्चालित त्रिभुवन विश्व विद्यालय, वन विज्ञान अध्ययन संस्थानबाट ८ जना र कृषि तथा वन

विश्वविद्यालय, वन संकायबाट ७ जना स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन संस्थानहरुसँग Memorandum of Understanding गरी ईन्टर्न गर्न यस शीर्षकको रकम खर्च गरिनेछ। ईन्टर्न गर्ने विद्यार्थीको छनौट सम्बन्धीत विश्वविद्यालयले गर्नेछ ।ईन्टर्न गर्न आएका विद्यार्थीहरुलाई खटिएको निकाय/महाशाखाबाट भुक्तानीको लागि सिफारिस भई आए पश्चात्बढीमा ४ महिनाको लागि मन्त्रालयबाट निर्धारण भए बमोजिमको रकम खाना तथा खाजा खर्च बापत भुक्तानी दिइनेछ ।

**६६. बागमती प्रदेशलाई कार्यक्षेत्र लिई वन/वातावरण विषयमा अन्तर्राष्ट्रिय जर्नलमा लेख तथा रचना प्रकाशन प्रोत्साहन**

बागमती प्रदेशको वन तथा वातावरण क्षेत्रमा भए गरेका कामको अध्ययन गरी सो विषयमा अन्तर्राष्ट्रिय जर्नलमा लेख तथा रचना प्रकाशन गरी अन्तरराष्ट्रिय जगतमा प्रचार प्रसार गराउने प्रयोजनका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस बमोजिम अन्तर्राष्ट्रिय जर्नलमा लेख तथा रचना प्रकाशन गर्नेलाई प्रति लेख रचनाको अधिकतम रु. दश हजार प्रदान गरिने छ । यसको भुक्तानीको लागि अन्तर्राष्ट्रिय जर्नलमा लेख तथा रचना प्रकाशन भएको सक्कल प्रकाशन सहित लेखकको निवेदन प्राप्त हुनुपर्नेछ ।

**६७. वन सम्बर्द्धन कार्य समूह गठन तथा सञ्चालन**

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार वन सम्बर्द्धन सम्बन्धी (Silviculture) प्राविधिक विषयमा नीतिगत र प्राविधिक पृष्ठपोषणका लागि वन तथा वातावरण मन्त्रालयले वन सम्बर्द्धन कार्य समूह (Silviculture Working Group) गठन गरी संचालन गरिनेछ । यस शिर्षकमा बिनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिम कार्य समूहको बैठक भत्ता, खाजा/खाना, फिल्ड अनुगमनमा जादाको दैनिक भ्रमण भत्ता, यातायात खर्च, ईन्धन खर्च लगायत शिर्षकमा खर्च गर्न सकिनेछ ।

**६८. प्राविधिक परीक्षण (दिगो वन व्यवस्थापन कार्ययोजना/जलाधार व्यवस्थापन)**

यो कृयाकलाप बागमती प्रदेशमा वन तथा वातावरण मन्त्रालय मातहत रहेका डिभिजन वन कार्यालयबाट स्वीकृत भएका दिगो वन व्यवस्थापन कार्ययोजनाको प्रविधिक पक्षको पुरावलोकन गरी आवश्यक पृष्ठपोषण गर्ने उद्देश्यले प्रस्ताव गरिएको हो । यो परिक्षण कार्यका लागि दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिमको परिक्षण समितिबाट कार्य सम्पादन हुनेछ । यस शिर्षकमा बिनियोजन भएको रकम आवश्यक्तानुसार दिगो वन व्यवस्थापन कार्य योजनाको परीक्षणको लागि परिचालन हुने परीक्षण टोलीको लागि दैनिक भ्रमण भत्ता, ईन्धन, गाडी भाडा र आवश्यक मशलन्द आदिमा खर्च गर्न सकिनेछ । कार्य सम्पन्न पश्चात परीक्षण समितिबाट परीक्षण गरिएका कार्ययोजनाको विषयमा विस्तृत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्ने छ ।

**६९. वन नर्सरी तथा बीउ स्टयाण्डहरुको अवस्था सहितको अद्यावधिक विवरण तयारी**

विभिन्न जिल्लाहरुमा स्थापना भएका वन नर्सरी तथा Seed Stand हरुबाट बिरुवा उत्पादन तथा वनजन्य रुख एवम् बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त वीउ उत्पादन र त्यस्ता वीउको स्रोतको संरक्षण गर्न स्थापना गरिएका वन नर्सरी Seed Stand को अभिलेख व्यवस्थापनको लागि यो कार्यक्रम राखिएको छ । यस शीर्षक अन्तर्गत विनियोजित रकम नर्सरी तथा Seed Stand को अद्यावधिक गरिने छ। यसमा हरेक कार्यलय अन्तरगत स्थापना भएका नर्सरीहरुको तथा वीउ स्टयाण्डको देहाय वमोजिमको विवरण तयार गर्नुपर्नेछ ।

बीउ स्टयाण्डहरुको अवस्था सम्वन्धी Reporting Format

| सि नं | जिल्ला/कार्यालय | नाम, ठेगाना र जि पि एस लोकेशन | क्षेत्रफल | माउ रुख संख्या | प्रजाति | वार्षिक उत्पादन हुन सक्ने वीउको अनुमानित परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

वन नर्सरीको सम्वन्धी Reporting Format

| सि नं | जिल्ला/कार्यालय | ठेगाना र जि पि एस लोकेशन | क्षेत्रफल | वेड सख्या | प्रकृती(Permanent, Temporary,Higtech, simple) | बिरुवा उत्पादन क्षमता | उपलव्ध पूर्वाधार तथा उपकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

यस शिर्षक अन्तरगतको रकम स्टेशनरी, यस कार्यमा खटिने जनशक्तिको लागि नियमानुसार पाउने यातायात तथा दैनिक भ्रमण भत्ता,प्रतिवेदन लेखन तथा प्रकाशन लगायतका क्रियाकलापमा खर्च गरिनेछ।कार्यालयमा उपलव्ध जनशक्तिबाट कार्य सम्पादन हुन नसक्ने अवस्थामा सार्वजानिक खरिद ऐन तथा नियमावली वमोजिम परामर्श सेवाबाट समेत गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, नर्सरी तथा विउ स्टयाण्डको GIS नक्शा सहितको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ७०. जडिवुटी एवम गैह्रकाष्ठ वन पैदावार विकास वोर्ड गठन तथा संचालन

वागमती प्रदेशको प्रदेश राष्ट्रिय वन २०७६ को दफा ६६ मा व्यवस्था भए वमोजिम स्थापना भई सञ्चालन हुने जडिवुटी एवम गैह्रकाष्ठ वन पैदावार विकास वोर्डको लागि आवश्यक पर्ने प्रशासनिक तथा अन्य सञ्चालन खर्च यस शिर्षकबाट गरिनेछ ।

### ७१. सिमसार क्षेत्रमा जलकुम्भी संकलन तथा व्यवस्थापन

सिमसार क्षेत्र (नदी,ताल,तलैया,पोखरी)मा जलकुम्भी लगायत मिचाहा प्रजातिको प्रकोप नियन्त्रण गरि सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यका लागि यो कार्यक्रम राखिएको हो।यस शिर्षकमा विनियोजित रकम जलकुम्भी लगायतका अन्य मिचाहा वनस्पती संकलन गरि अन्य स्थानमा व्यवस्थापन गर्न लाग्ने कार्यमा खर्च गर्न सकिनेछ।

### ७२. कबुलियती वन समूह पुरस्कार

उत्कृष्ट कबुलियति वन पुरस्कारको लागी सवडिभिजन वन कार्यालयबाट सिफारससाथ पेश भएका उत्कृष्ट कवुलियति वन समूहहरु मध्येबाट उत्कृष्ट ३ कवुलियति वन समूह मध्ये प्रथम/द्वितिय/तृतिय पुरस्कार प्रदान गरिने छ।डिभिजन वन कार्यालयहरुबाट उत्कृष्ट समूह छनौट गर्दा निम्नानुसारको आधारभुत मापदण्ड पुरा गरेको हुनुपर्नेछ । उत्कृष्ठ सामुदायिक वन पुरस्कारका लागि गठित छनौट समितिबाट कबुलियती वन समूह पुरस्कारको छनौट गर्नुपर्नेछ ।

छनौट गर्ने न्युनतम आधारहरु

१.खर्च र आम्दानिको वार्षिक कारोवार अद्यावधिक गरेका।

२. समूहको विधान तथा कार्ययोजना वमोजिम कार्य सम्पादन गरेका ।

३. वन ऐन २०७६ तथा वन नियमावली २०७९ बमोजिम समूहको कोष परिचालन गरेका ।

४. उत्कृष्ट कार्य सम्पादन गरेका।

**७३. जिल्लाको वन क्षेत्रको एकिन तथ्याङ्क(कित्ता नम्बर सहित)को प्रोफाइल तयार गरी प्रकाशन**

वन क्षेत्र तथा आवादी क्षेत्र बिच देखापर्ने विवाद न्यूनिकरण गरी वन श्रोतको व्यवस्थापनमा प्रभावकारीता ल्याउनको लागि वन क्षेत्र तथा अन्य क्षेत्र एकिन गर्ने कार्यका लागि यो कार्यक्रम राखिएको हो । यसका लागि नापी कार्यालय स्थानीय पालिकासँग समन्वय गरी निजी स्वामित्वको रुपमा रहने गरी जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरे बाहेकका अन्य जग्गाहरुको कित्ता नम्बर र क्षेत्रफल विवरण सङ्कलन गरी प्रोफाइल तयार गरिनेछ । यस शिर्षकमा विनियोजित रकम तथ्याङ्क सङ्कलन फिल्ड भेरिफिकेशन गर्न लाग्ने कार्यमा हुने खर्चहरु बैठक भत्ता इन्धन खटिने जनशक्तिको लागि दैनिक भ्रमण भत्ता आदिमा खर्च गर्न सकिनेछ।

**७४. वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम**

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखि वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवम् डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रणभन्दा बाहिर पनि वन डढेलो प्रकोप देखापर्दै आएको छ । वन डढेलोको नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एक मुख्य एउटा आधार हुनेछ । आवश्यकतानुसार नजिकका समूहलाई संस्थागत रुपमा जोडी अग्नी नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नुपर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम स्वीकृत लागत अनुमान बमोजिम नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन(इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन, वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिद आदिमा यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ । वन डढेलो नियन्त्रण तथा व्यस्थापन सम्बन्धी प्रचार प्रसार माघ महिनादेखि गर्नुपर्नेछ ।

**७५. धादिङ्ग जिल्लाको उत्तरी क्षेत्रमा रहेको गणेश हिमाल सहितको क्षेत्र समावेश गरी वन संरक्षण क्षेत्र घोषणाका लागि पूर्व तयारी**

यसको लागि डिभिजन वन कार्यालयले कार्यक्रम ब्रेक डाउन गरेर संचार मध्यमबाट प्रचार गर्ने, यसको प्रचार प्रसारको लागि जनाकारीमूलक ब्रोशर प्रकाशन र अन्तरकृया कार्यक्रम संचालन गर्न सक्नेछ । समूहस्तरीय, पालिकास्तरीय, जिल्लास्तरीय, प्रदेशस्तरीय बिभिन्न सरोकारवालाको अन्तरकृया कार्यक्रम गर्नका लागि स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्नु पर्नेछ । यसमा पालिका तथा अन्य संघसंस्थाको आवस्यक सहयोग, सहकार्य गर्न सकिनेछ।

**७६. बराण्डाभार क्षेत्र भित्र ढलापडा तथा सुख्खड खडा काठ दाउरा संकलन (जिल्ला दर रेट अनुसार - संकलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी)**

यो कार्यक्रम बरण्डाभार क्षेत्रभित्र रहेका ढलापढा तथा सुख्खढ खडा काठ दाउराहरु कुहिन नदिन तथा राजश्व सङ्कलन गर्ने उद्देश्यले प्रस्ताव गरिएको हो । प्रचलित सर्वजनिक खरिद ऐन तथा नियमावली अनुसार काठ

दाउरा लिलाम भए पश्चात् कटान मुछान बापतको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् सङ्कलन गरिएको काठ दाउराको परिमाण, लिलाम बिक्री गरिएको परिमाण तथा विभिन्न कृयाकलापहरुको फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ७७. बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्च

वन कार्यालयहरुबाट अनुसन्धान भै सम्बन्धित निकायहरुमा अभियोजन भएका मुद्दाहरुमा सरकारी साक्षीको रुपमा अदालतले उपस्थित भै समयमा नै न्यायिक निरुपण होस भन्ने मनसायको लागि यो कार्यक्रम राखिएको हो । यसमा विनियोजित रकम बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्चको भुक्तानीको लागि खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् अदालतबाट वकपत्रका लागि लेखिएको पत्र र अदालतमा उपस्थित भएको प्रमाण तथा भर्पाई संलग्न गर्नुपर्नेछ ।

### ७८. डि.व.का. स्तरीय वन क्षेत्र प्रोफाइल तयारी (प्रत्येक सब डिभिजनको अलग अलग समेत समावेश गर्ने)

डिभिजन र सो अन्तर्गतका सबडिभिजन वन कार्यालयगत रुपमा वन तथा वातावरण क्षेत्र लगायत अति आवश्यक अद्यावधिक तथ्याङ्कहरु जस्तैः वन व्यवस्थापन पद्धति अनुसारको विवरण (वनको संख्या, क्षेत्रफल, लाभान्वित घरधुरी र जनसंख्या, समिति सम्बन्धी विवरण, वनको मौज्दात, वृद्धिदर र वार्षिक संकलन गर्न सकिने परिमाण आदि), जैविक विविधताको अवस्था (वनस्पति वन्यजन्तु रैथाने प्रजाति, लोपोन्मुख प्रजाति, सिमसार क्षेत्र, जैविक विविधताको संवेदनशीलताको आधारमा हट स्पट आदि), नदी उकास तथा वृक्षारोपण गर्न सकिने सम्भाव्य स्थानहरुको विवरण अनुमानित क्षेत्रफल सहित, वन अपराधका दृष्टिकोणले संवेदनशील क्षेत्र एवं नाकाहरु, वन उद्यमहरु, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको उपलब्धता एवं पकेट क्षेत्रहरु एकिन गर्ने कार्यका लागि यो कार्यक्रम राखिएको हो । माथि उल्लेखित विवरणहरु सबडिभिजनहरुको अलग अलग तयार गरी डिभिजन वन कार्यालयको समष्टिगत प्रोफाइल तयार गरिनेछ । यस शिर्षकमा विनियोजित रकम तथ्याङ्क सङ्कलन फिल्ड भेरिफिकेशन गर्न लाग्ने कार्यमा हुने खर्चहरु, इन्धन, खटिने जनशक्तिको लागि दैनिक भ्रमण भत्ता आदिमा खर्च गर्न सकिनेछ । कार्यालयमा उपलव्ध जनशक्तिबाट कार्य सम्पादन हुन नसक्ने अवस्थामा सार्वजानिक खरिद ऐन तथा नियमावली वमोजिम परामर्श सेवाबाट समेत गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रोफाइलका साथ साथै तथ्याङ्क सङ्कलन कार्यको तस्वीर, कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, वस्तुस्थिति झल्कने GIS नक्शाहरु सहितको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ७९. उत्कृष्ट कर्मचारी पुरस्कार

वन तथा वातावरण मन्त्रालय अन्तगर्तका जिल्लास्थित कार्यालयहरुमा कार्यरत बागमती प्रदेश सेवा अन्तर्गतका कर्मचारीहरु मध्ये तोकिएको जिम्मेवारी बमोजिम कार्यसम्पादनमा प्रतिस्पर्धी वातावरण सृजना गरी सेवा प्रवाहमा खटिने कर्मचारीहरुमा उत्प्रेरणा पैदा गर्ने र कर्मचारीहरुलाई जिम्मेवार बनाउनका लागि यो कार्यक्रम राखिएको हो । यसका कार्यान्वयनका लागि छुट्टै कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

### ८०. उत्कृष्ट कार्यालय पुरस्कार

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय अन्तगर्तका जिल्लास्थित कार्यालयहरु मध्ये तोकिएको जिम्मेवारी बमोजिम सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै अन्तर कार्यालय बिच कार्यसम्पादनमा प्रतिस्पर्धी

वातावरण सृजना गरी जिम्मेवार बनाउनका लागि यो कार्यक्रम राखिएको हो । यसका कार्यान्वयनका लागि छुट्टै कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।

## ८१. सब डिभिजनस्तरमा वन क्षेत्रको ज्वलनशील पदार्थ हटाई डढेलो व्यवस्थापन

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखि वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागी एवम् डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएकोछ । समयमा नै वन क्षेत्रबाट प्रज्वलनशील पदार्थ व्यवस्थापन नभएको कारण वन डढेलो मानिसको नियन्त्रणभन्दा बाहिर गई प्रकोपको रुप लिने गरेको छ । यस कार्य अन्तर्गत वन डढेलो जोखिम रहेको वन क्षेत्रहरुमा रहेको प्रज्वलनशील पदार्थहरु हटाई तोकिएको स्थानमा व्यवस्थापन वा नियन्त्रित आगो लगाई नष्ट गरिनेछ । यस शीर्षकमा व्यवस्था भएको रकम स्वीकृत लागत अनुमान बमोजिम प्रज्वलनशील पदार्थको सङ्कलन, ढुवानी, नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, जनशक्ति परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), प्राथमिक उपचार आदि कार्यहरुमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

## ८२. नर्सरी निर्माण,जडिवुटि तथा अन्य बिरुवा उत्पादन,खरिद र वृक्षारोपण

### १ नर्सरी निर्माण/मर्मत

डिभिजन वन कार्यालयहरुमा स्थायी प्रकृतिको नर्सरीको निर्माण तथा मर्मत गरी गुणस्तरिय बिरुवा उत्पादन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो ।संचालनमा रहेको नर्सरीलाई स्तरोन्नति गर्न वा नयाँ स्थायी प्रकृतिको नर्सरी निर्माण गर्न यो कार्यक्रम केन्द्रित रहेको छ । डिभिजन वन कार्यालय मार्फत हुने वृक्षारोपण तथा बिरुवा वितरण गर्ने कार्यमा बिरुवा उत्पादन गर्न उपयुक्त स्थानमा (डिभिजन तथा सवडिभिजनमा) नर्सरी निर्माण गर्न यो क्रियाकलाप संचालन गरिनेछ । यस्ता नर्सरीमा भौगोलिक अवस्था, बिरुवाको माग र वृक्षारोपण क्षेत्र हेरी तोकिएको संख्यामा बिरुवा उत्पादन हुनेछ जिल्ला वन पैदावार आपूर्ति समिति संचालनमा रहेको जिल्लामा स्थायी नर्सरीको लागि आपूर्ति समितिको कार्यक्रमसंग एकिकृत गर्नु पर्नेछ । लागत अनुमान गर्दा वन तथा भू-संरक्षण मन्त्रालयको प्रचलित स्विकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ । कार्यतालिका तयार गरी प्रथम त्रैमासिकको अवधिमा नर्सरी निर्माण तथा मर्मतका कार्यहरु गर्नुपर्नेछ ।अस्थायी नर्सरी संचालन भएकोमा सो को स्तरोन्नति गरी स्थायी गर्न सकिनेछ । नर्सरीमा सिचाँईको स्थायी व्यवस्था, हरेक वेडमा छहारी तथा टयागिङ,नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड बाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिचाईको व्यवस्था, वत्तीको व्यवस्था गर्नु पर्नेछ । वहुवर्षिय बिरुवा उत्पादन गर्नको लागि पहिलो वर्ष उत्पादन भएको बिरुवाको अर्को वर्षमा उपयोग गर्नसक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ । जडिबुटीका बिरुवा उत्पादन गर्दा पकेट क्षेत्रको लागि उत्पादन गर्नुपर्नेछ। नर्सरी निमार्ण तथा सुधार गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट द्रेखिनेगरी रजिष्टरको व्यवस्था गरिनु पर्दछ ।नर्सरी राखिएको स्थानमा स्पष्ट देखिनेगरी नामाकरण गरी Layout देखिने गरी होर्डिङ्ग वोर्ड राख्नुपर्नेछ ।

कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी स्थापना तथा मर्मतको औचित्य
- नर्सरी स्थापना तथा मर्मत गरिएको स्थान, Layout सहितको होर्डीङ्ग वोर्ड नक्साहरु
- नर्सरीको बिरुवाउत्पादन क्षमता र स्थानको क्षेत्रफल
- स्थापना तथा मर्मत गर्दा लागेको खर्च

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- नर्सरी संचालन हुने अनुमानित अवधि
- नर्सरी स्थापना तथा मर्मत हुनु अघि तथा पछिको फोटो

## २ बिरुवा उत्पादन तथा वितरण

### २.१ काष्ठ र बहुउपयोगी प्रजाती

खाली रहेको वनक्षेत्रमा वृक्षारोपण गर्न, जनसमुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा सवडिभिजन वन कार्यालय मार्फत बिरुवा उत्पादन गरी वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागीता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

- नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय र प्रदेशको आवश्यकता तथा व्यवसायिक महत्वका बिरुवालाई ध्यान दिई जात. संख्या र साइज खुल्ने गरी बिरुवा उत्पादन योजना तयार गर्नुपर्नेछ । सो गर्दा बिरुवाको प्रकृति अनुसार उपयुक्त बिरुवा उत्पादन गर्न आवश्यक अवधिका आधारमा उपयुक्त साइजको पोलिब्यागमा उत्पादन गर्नुपर्नेछ ।
- कार्यदिशमा कुन कुन प्रजातिका स्थानिय आवश्यकता अनुसार बिरुवा उत्पादन गर्ने हो स्पष्ट रुपमा खुलाउनुपर्नेछ ।
- गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ ।
- यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्धारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।
- बिरुवा उत्पादन भई वितरण गर्दा वितरण रजिस्टर खडा गरी राख्नु पर्नेछ । बिरुवा वितरण गरिएको बिस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ ।
- बिरुवा उत्पादनको प्रतिवेदनमा नर्सरी रहेको स्थान, क्षेत्रफल, क्षमता, GPS लोकेशन, जात, उमेर अनुसार बिरुवा संख्या, फोटो, बीउको श्रोत, वितरण/उपयोग रजिष्टर, रोजगारी सृजना लगायतका विवरण राख्नुपर्नेछ।
- स्वस्थय र गुणस्तरीय विरुवा मात्र वितरण गर्नु पर्नेछ ।

### २.२ जडिबुटी तथा गैह्रकाष्ठ प्रजाती

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, बैकल्पिक आयश्रोतको रुपमा विकास गर्न जडिबुटी तथा गैरकाष्ठ प्रजातीका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्ने र जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जिविकोपार्जनमा सुधार पुर्‍याउने उद्देश्यबाट यो क्रियाकलाप संचालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, कवुलियति वन, संरक्षित वन आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।जडिबुटी तथा गैह्रकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरुको सर्भेक्षण गरी सो को सूची बनाई उत्पादन गर्नुपर्नेछ। नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यवसायीक महत्वपुर्ण जडिबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी बिरुवा उत्पादन गर्नुपर्छ । जडिबुटीको हकमा प्राविधिक रुपले

उपयुक्त प्रजाति छनौट गरी बिरुवा उत्पादन गर्नुपर्नेछ । जडिबुटीको खेतीको लागि विशेष क्षेत्र छनौट गरी उक्त क्षेत्रमा वृक्षारोपणको लागि तोकिएको,बहुमूल्य र ठाउँ विशेष जडिबुटी जस्तै लौठसल्ला, टिमुर, तेजपात, अमला, घिऊकुमारी आदि जातका बिरुवा उत्पादनमा जोड दिनुपर्नेछ ।

### २.३ नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण प्रजातिका बहुबर्षिय बिरुवाको तयारी तथा व्यवस्थापन

यस शीर्षकमा विनियोजित रकम डिभिजन वन कार्यालयहरुको नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण प्रजातिका बिरुवाहरुको संरक्षण एवं व्यवस्थापन कार्यको लागि खर्च गर्न सकिनेछ।कार्य संचालन गर्दा नर्सरीमा मौज्दात रहेको बिरुवाहरुको प्रजाति, संख्याको विवरण सहित प्रतिवेदन तयार गरी बिल भर्पाई लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

### २.४ वृक्षारोपण

वार्षिक वृक्षारोपण योजना (स्थान, नक्शा, क्षेत्रफल, संख्या, प्रजाति समेत) तयार गरी डिभिजन वन कार्यालयले आवश्यकता महशुस गरी प्रस्ताव गरेको स्थानमा वृक्षारोपण गर्न यो कृयाकलाप समावेश गरिएको छ। सकभर वृहत क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ । स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए अनुसार विभिन्न सार्वजनिक, खाली र पर्ति जग्गामा वन तथा भूसंरक्षण मन्त्रालयको २०७० मा स्वीकृत नर्मस अनुसार लागत अनुमान स्वीकृत गरी वृक्षारोपण गर्न सकिने छ। वृक्षारोपण पश्चात संरक्षणको सुनिश्चितताका लागि आवश्यकता अनुसार तारबार, घेरबार, हेरालु लगायतका क्रियाकलापहरू समेत गरिनेछ । वृक्षारोपण गरिने स्थानको जि.पि.एस. लोकेशन सहित GIS नक्शा, क्षेत्रफल, प्रजाति, संख्या आदिको विस्तृत विवरण संलग्न राखी प्रगति विवरण पेश गर्नुपर्नेछ।यसरी वृक्षारोपण गरिएको ठाउँमा यी विवरणहरु सहितको एउटा होर्डिङ बोर्ड समेत राख्नुपर्नेछ । गत बर्षहरूमा भएका वृक्षारोपण क्षेत्रको गोडमेल, पुनःरोपण र संरक्षणको व्यवस्था समेत यसै शिर्षकबाट गर्न सकिनेछ । साथै यस अन्तर्गत विभिन्न दिवस, समारोह तथा अतिक्रमण हटाईएको वा अतिक्रमण हुन सक्ने सम्भावित क्षेत्रमा समेत घेराबार सहितको वृक्षारोपण गर्न सकिनेछ । बृक्षारोपणको योजना बनाई कार्यान्वयनको विवरण वन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ । बृक्षारोपण क्षेत्रको नियमित अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ ।

### २.४.१ किसान तथा वन समूह मार्फत वृक्षारोपण र संरक्षण

डिभिजन वन कार्यालयले किसान तथा वन समूहहरुको आवश्यकता महशुस गरी तथा वार्षिक कार्यक्रममा प्रस्ताव गरेको स्थानमा वृक्षारोपण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । भने अन्य स्थानमा सार्वजानिक प्रस्ताव आह्वान गरिनेछ। कार्यक्रम संचालनको लागि समूहले योजना सहितको विवरण पेश गर्नुपर्नेछ । स्विकृत वार्षिक कार्यक्रममा व्यवस्था भए अनुसार स्थानीय किसान तथा वन समूह मार्फत वृक्षारोपण गर्न जनसहभागिता परिचालन गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रममा छुटयाइएको बजेट किसान वा समूहले काम सम्पन्न गरेपछि डि.व.का.को कर्मचारीको अनुगमन प्रतिवेदन पश्चात निजको खातामा रकम उपलव्ध गराईनेछ । यसरी वृक्षारोपण गरिएको ठाउँमा वृक्षारोपण गरिएको स्थान, प्रजाती र संख्या, बृक्षारोपण गरिएको क्षेत्रफल र नक्सा विवरण सहितको एउटा होर्डिङ बोर्ड समेत राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ

- औचित्य र योजना, बिरुवा संरक्षण योजना
- वृक्षारोपण गरिएको स्थान, प्रजाती र संख्या
- वृक्षारोपण गरिएको क्षेत्रफल, फोटाहरु र नक्सा विवरण

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

### २.४.२ सार्वजनिक, नदी किनारा, नदी उकास जग्गामा वृक्षारोपण तथा वन विकास

यस शीर्षकमा विनियोजन भएको रकमबाट डिभिजन वन कार्यालयको नर्सरीमा हुर्किएका बिरुवाहरु ढुवानी गरी रोपण गर्नुपर्नेछ । वृक्षारोपण गर्नु पूर्व उल्लेखित क्षेत्र छनौट गरी सार्वजनिक जग्गामा वृक्षारोपण गर्नु पर्दा उपभोक्ता समूह गठन गरी संभव भएसम्म स्थानीयको चाहना एवं आयआर्जन हुनसक्ने किसिमका प्रजातिको विरुवा रोपण गर्नुपर्नेछ । वृक्षारोपण भएको क्षेत्रलाई तारवारको व्यवस्था गरी संरक्षण गर्नुपर्नेछ । सार्वजनिक समूहद्वारा वृक्षारोपण भएको क्षेत्रको अनुगमन डि.व.का.बाट नियमित रुपमा गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यक्रम सम्पन्नपश्चात प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रम संचालन भएको स्थान
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

### २.४.३ जडिबुटी तथा गैह्रकाष्ठ बिरुवा रोपण र विस्तार

**क) निजी जग्गामा जडिबुटी खेती**

१. पहिलो त्रैमासिक भित्र पालिका एवं जनप्रतिनिधिहरुसँग समन्वय गरी, सरोकारवालाहरु, इच्छुक व्यवसायी बिच अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी संचालन गर्ने।

२. दोश्रो त्रैमासिकको पहिलो महिनामा कार्यक्रममा तोकिएको स्थानमा वाहेक अन्य स्थानमा व्यक्ति/सहकारी/फर्म/समूह/ कम्पनी इच्छुकलाइ देहायको विवरण सहित कार्यक्रममा तोकेको जातको खेती गर्न निवेदन आव्हानको १५ दिने सुचना निकाल्ने। तोकिएको क्षेत्रमा समेत व्यवसायिक योजना पेश गर्न लगाउने ।

   - व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु (व्यक्तिको हकमा नागरिकता र पान नम्बर)
   - जग्गाको विवरण जग्गाधनी प्रमाण पुर्जा र तिरो तिरेको रसिद
   - निवेदन

३. व्यवसायिक खेती गर्ने जग्गाको स्थलगत अवलोकन तथा निरीक्षण गरी जग्गामा सिंचाइ/भिरालोपना/मोहडा/ प्रजाती खेती गर्न उपयुक्त छ वा छैन भन्ने सम्बन्धमा सम्वन्धीत सवडिभिजनको प्रतिवेदन ।

४. छनौट गरिएका व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी र डिभिजन वन कार्यालय बिच सम्झौता गर्ने ।

५. छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीलाई डिभिजन वन कार्यालयले निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन व्यवसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयारी लगायतका प्राविधिक सेवा उपलब्ध गरिदिनुपर्नेछ ।

६. बिरुवाको व्यवस्थापनका लागि डिभिजनले रोपणका लागि उपयुक्त साइज र उमेरका गुणस्तरीय बिरुवा उपलव्ध गराउने गरी अन्य गुणस्तर निर्धारणका मापदण्ड तयार गर्ने।

७. सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बिरुवा खरिदको प्रकृया पुरा गरी बिरुवा आपूर्तिकर्ता (नर्सरी/फर्म) सँग १०% प्रतिस्थापन गर्ने बिरुवा समेत उपलब्ध गराउने शर्त राखी सम्झौता गर्ने ।

८. बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुने। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार दररेट माग गरी सो अनुसार खरिद प्रकृया गर्न सकिने ।

९. डिभिजनले सम्झौता गरिएको किसानको जग्गाको तयारी, झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सफाइ, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाई लगायतका कामहरुको सम्पादनमा सहयोग पुऱ्याउने ।

१०. सिंचाइका लागि पाइप तथा कूलोको व्यवस्था गर्ने। यो कार्यको लागत अनुमान तथा अनुगमनको कार्य करारमा रहेको वन प्राविधिकले गर्ने ।

११. अन्तिम खेती विकास तथा विस्तारको अनुगमन तथा मुल्याङ्कन डिभिजन वन कार्यालयले गर्ने

१२. सञ्चारकर्मी, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सार्वजनिक सुनवाइ गरी भुक्तानीका बखत सो सुनवाइको प्रतिवेदन पेश गर्ने ।

१३. होडिङ्गवोर्ड राख्ने जसमा, खर्च/लागत/बिरुवा संख्या र जात/रोपण क्षेत्रफल समेत उल्लेख गर्ने

१४. प्राविधिकको सल्लाह बमोजिम उपयुक्त समयमा वृक्षारोपण कार्य गर्ने/गराउने ।

१५. अनुगमन तथा मुल्याङ्कन कार्य डि.व.का.ले सम्पन्न गरी वन निर्देशनालयमा प्रतिवेदन पेश गर्ने र वन निर्देशनालयले मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

**ख) सामुदायिक वनको जग्गामा कबुलियतनामा गरी जडिबुटी खेती सञ्चालन**

१६.डिभिजनले कार्यक्रममा तोकिएका जातहरुको खेती सम्भावित तोकिएको सामुदायिक वनको हकमा सोही सा.व.उ.स संग व्यवसायिक योजना पेश गर्न लगाउने । अन्यको हकमा डिभिजन वन कार्यालय अन्तरगतका सा.व.उ.स. का पदाधिकारी वोलाइ खेतीका लागि इच्छुक छन वा छैनन छलफल गर्ने र इच्छुक वन समूहको सुची तयार गर्ने ।

१. पहिलो चौमासिक भित्र स्थानीय तह, सा.व.उ. महासंघ, सरोकारवालाहरु, इच्छुक व्यवसायी बिच अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी संचालन गर्ने ।

२. सा.व.उ.स.सँग मिलेर खेती गर्न इच्छुक व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीलाइ आव्हान गर्ने सा.व.उ.स.लाइ अनुरोध गर्ने ।

३. सामुदायिक वन तथा कोहि जडिबुटीखेती संचालक सामुदायिक वनमा खेती गर्न इच्छुक व्यक्ति/सहकारी/फर्म/समूह/ कम्पनी भएमा डि.व.का.को रोहवरमा द्धिपक्षिय सम्झौता गरी कार्य गर्नुपर्नेछ । सामुदायिक वनले जग्गा भाडा लिन पाइनेछैन । लाभांश बाँडफाँड सा.ब. र जडिबुटीखेती समूहको समझदारीमा हुनेछ ।

४. जडिवुटी खेती गर्न निजी व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीलाइ दिने विषयमा साधारण सभा वा समितिको बैठकबाट निर्णय हुनुपर्ने ।

५. दोश्रो त्रैमासिकको पहिलो महिनामा नतोकिएको स्थानको हकमा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी इच्छुकलाइ देहायको विवरण सहित कार्यक्रममा तोकेको जातको खेती गर्न तपसिलका कागजात सहीत निवेदन आव्हानको १५ दिने सुचना निकाल्ने ।

- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताको कागजातहरु (व्यक्तिको हकमा नागरिकता र पान नम्बर)
- जग्गाको विवरणको विषयमा सा.व.उ.स. तथा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी बिचको जग्गा उपलव्ध गराउने सम्झौता ।
- सा.ब.को कार्ययोजना
- व्यवसायिक योजना

६. व्यवसायिक खेती गर्ने जग्गाको स्थलगत अवलोकन तथा निरीक्षण गरी जग्गामा सिंचाइ/भिरालोपना/मोहडा/ प्रजाती खेती गर्न उपयुक्त छ वा छैन भन्ने सम्बन्धमा सम्बन्धित सवडिभिजनको प्रतिवेदन ।

७. छनौट गरिएका सामुदायिक वन तथा उक्त क्षेत्र भित्र खेती गर्न ईच्छुक व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी र डिभिजन वन कार्यालय बिच सम्झौता गर्ने ।

८. छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीलाई डिभिजनले निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन व्यवसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयारी लगायतका प्राविधिक सेवा उपलब्ध गरिदिनुपर्नेछ।

९. बिरुवाको व्यवस्थापनका लागि डिभिजनले रोपणका लागि उपयुक्त साइज र उमेरका गुणस्तरीय बिरुवा उपलव्ध गराउने गरी अन्य गुणस्तर निर्धारणका मापदण्ड तयार गर्ने ।

१०. सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बिरुवा खरिदको प्रकृया पुरा गरी बिरुवा आपूर्तिकर्ता (नर्सरी/फर्म) सँग १०% Replacement गर्ने बिरुवा समेत उपलब्ध गराउने शर्त राखी सम्झौता गर्ने ।

११. बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुने । जिल्ला दररेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार दररेट माग गरी सो अनुसार खरिद गर्न सकिने ।

१२. डिभिजनले सम्झौता गरिएको स्थानको जग्गाको तयारी, झाडी सफाइ, कम्पोष्ट मल, जग्गा Clearance, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाई लगायतका कामहरुको सम्पादनमा सहयोग पुऱ्याउने ।

१३. सञ्चारकर्मी, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सार्वजनिक सुनवाइ गरी भुक्तानीका बखत सो सुनवाइको प्रतिवेदन पेश गर्ने ।

१४. होडिङ्गवोर्ड राख्ने जसमा, खर्च/लागत/बिरुवा संख्या र जात/रोपण क्षेत्रफल समेत उल्लेख गर्ने

१५. प्राविधिकको सल्लाह बमोजिम उपयुक्त समयमा वृक्षारोपण कार्य गर्ने/गराउने ।

१६. अनुगमन तथा मुल्याङ्कन कार्य डि.व.का.ले सम्पन्न गरी वन निर्देशनालयमा प्रतिवेदन पेश गर्ने र वन निर्देशनालयले गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

### २.४.४ शहर/नगर क्षेत्र, सडक किनारामा सौन्दर्यमुलक बिरुवा वृक्षारोपण,पुन रोपण हरियाली प्रबर्द्धन तथा ग्रिन वेल्ट निर्माण

प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम शहरी क्षेत्रका लागि उपयुक्त प्रजातिका ५ फिटभन्दा अग्लो बिरुवा खरिद, ढुवानी, रोपण तथा ट्रिगार्ड (काठ/बाँस आदि जस्ता जैबिक समाग्रीबाट निर्मित) निर्माण/खरिद गर्न यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरिनेछ । शहरी क्षेत्रमा बढ्दै गैरहेको वायु तथा ध्वनि प्रदूषणको असरलाई हरियो रुख बिरुवा मार्फत न्यूनीकरण गर्न एवम् स्वच्छ, रमणीय वन बगैचाको विकासका लागि शहरी वन विकास गरिनेछ । यो कार्य सम्बन्धित स्थानीय तहको सहकार्यमा सञ्चालन गरिनेछ र रोपण पश्चात संरक्षणको जिम्मेवारी सहित लिखित रुपमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्नेछ । साथै यस शिर्षकमा बिनियोजित रकमबाट गत आर्थिक वर्षहरुमा शहरी क्षेत्रमा रोपण गरिएका बिरुवाहरुको काँटछाँट, गोडमेल, आकार निर्धारण लगायतका वन सम्बर्द्धन कार्यहरु गर्न सकिनेछ ।

### २.४.५ घेराबार, छेकावार तथा तारवार सम्बन्धी कार्यक्रमहरु

जंगली जनावरहरु स्थानीय बासिन्दाहरुको आवादीमा प्रवेश गरी बाली नाली नष्ट गरी सृजना भएका मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्नका लागि घेराबार/छेकबारका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो कार्य संचालन गर्दा बस्ति/आवादि र वनको सिमानामा मात्र जैविक बार, ढुंगाको पर्खालबाट घेराबार/छेकबार गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ । सो सम्भव नभएको अवस्थामा मात्र मेसवायर प्रयोग गरी घेराबार/छेकबार गर्न सकिनेछ । तर वन्यजन्तुलाई क्षति पुऱ्याउने खालको काँडेतार प्रयोग गर्न पाईने छैन । घेरावार/छेकबार निर्माण कार्य सार्वजनिक खरिद प्रकृया बमोजिम गर्नुपर्नेछ । मध्यवर्ति क्षेत्रमा उक्त कार्य गर्नुपर्ने भए सम्बन्धित निकायसंग आवश्यक समन्वय गर्नुपर्नेछ । यस अन्तर्गत घेराबार, छेकाबार तथा मेसबार वा यस्तै प्रकृतिका सम्पूर्ण कृयाकलापहरु यसै बमोजिम संचालन गर्न सकिनेछ ।

### २.४.६ विद्यार्थी तथा विद्यालय तथा वृक्षारोपण कार्यक्रम

डिभिजन वन अन्तरगत रहेका विभिन्न विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई वन तथा वातावरण सम्वन्धी जनचेतना वढाउने उद्देश्यले यस कार्यक्रम राखिएको हो ।यस कार्यक्रम अन्तरगत विद्यार्थीहरुबाट विद्यालयमा तथा अन्य सार्वजानिक स्थानमा वृक्षारोपण गरिनेछ । खर्च अनुमान गर्दा वन तथा भू-संरक्षण मन्त्रालयको प्रचलित स्विकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ ।

### २.४.७ मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि वैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण

यो कार्यक्रम वन क्षेत्रसँग जोडिएको बस्ती तथा खेती गरिएको स्थानमा वन्यजन्तुका कारणले सिर्जना हुने मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने अभिप्रायले सञ्चालन गरिएको हो । यो कार्यक्रम सञ्चालन गर्दा वन्यजन्तुले नरुचाउने प्रजाति छनौट गरी वृक्षारोपण गर्न पर्नेछ । वन्यजन्तुको प्रभाव पर्ने सार्वजनिक जग्गा वा नजिकको नदी उकास क्षेत्रहरुमा जडिबुटी खेती (वन्यजन्तुले नरुचाउने र खासै असर नगर्ने) गरी आयआर्जन गराउँदै मानव वन्यजन्तु द्वन्द न्यून गर्ने उद्देश्यका साथ यो क्रियाकलाप सञ्चालन गरिनेछ । जडिबुटी खेती गर्ने जग्गा, व्यक्ति, तथा समूह पहिचान भैसकेपछि प्रस्ताव गरिएको जग्गाको निरीक्षण पछि सञ्चालन गर्नुपर्ने आवश्यक कार्यक्रम र क्रियाकलापहरु सञ्चालनको लागि लागत अनुमान तयार पारी सम्झौता गरी सो अनुरुप कार्य सम्पन्न गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा मेन्था, क्यामोमाईल, पामारोजा,

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

यस शिर्षक अन्तरगतको रकम वृक्षारोपणको लागि आवस्यक कामै, घेरोवार, बिरुवा खरिद, ढुवानी, मलखाद, प्राविधिकलाई (आवश्यकता आनुसार आगन्तुक प्राविधिक) लाइ भ्रमण भत्ता, कार्यक्रमको सिलसिलामा खाजा, पानि, होर्डिग बोर्डको लागि खर्च गर्न सकिनेछ/यसको जानकारीको लागि ब्रोसर, लिफलेट पनि प्रकाशन गर्न सकिनेछ।

### २.४.१२ बिरुवा खरिद वितरण तथा वृक्षारोपण

यस कार्यक्रम सामुदायिक वन, कबुलियती वन र निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरी आयआर्जन गर्ने हेतुले तयार गरिएको हो । यस शिर्षकमा विनियोजित रकम समूह/निजी जग्गा धनी सँग छलफल, स्थान छनौट, प्रजाति निक्यौंल गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बिरुवा खरिद, ढुवानी, तथा वृक्षारोपण वितरण लगायतमा खर्च गर्न सकिने छ।यस कार्यक्रममा सामुदायिक वन, कवुलियति वन, सार्वजानिक वन, नदि उकास क्षेत्र/नदि किनार तथा निजी जग्गामा बिरुवा खरिद गरि, वितरण तथा वृक्षारोपण गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा खरिद, ढुवानी, वितरण गरिएका बिरुवाहरुको प्रजाति, गुणस्तर, बृक्षारोपण गरिएको क्षेत्रफल, विरुवा संख्या, खर्चको बिल भर्पाई र सञ्चालित कृयाकलापहरुको फोटो समेत पेश गर्नुपर्नेछ। बिरुवा रोपण खर्च, वृक्षारोपण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मा सम्बन्धित व्यक्ति/समूहको हुनेछ ।

### २.४.१३.बाँसको बिरुवा खरिद तथा रोपण

यस शीर्षकम विनियोजन भएको रकम भू संरक्षण सम्बन्धी निर्माण भएका संरचना वरिपरि कम्तिमा २ वर्षे बाँसको बिरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका बाँसको बिरुवाको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ ।

### २.४.१४.स्थानीय स्तरमा बाँसको राईजोम संकलन/खरिद तथा रोपण (सामुदायिक वन र कबुलियती वन)

यो कार्यक्रम सामुदायिक वन र कबुलियती वनमा परम्परागत रुपमा गरिदै आएको बाँसको वृक्षारोपणलाई प्रवर्द्धन गर्ने र समूहमा बाँसमा आधारित उद्यम विकास गर्ने हेतुले तयार गरिएको हो ।यस शीर्षकम विनियोजन भएको रकम स्थानीय तहमा रहेको बाँसको राईजोम संकलन तथा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका बाँसको राईजोमको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ ।

### २.४.१५.सामुदायिक वन, कवुलियती वन सार्वजनिक क्षेत्र, नदी उकास क्षेत्र/नदी किनार तथा निजी जग्गामा बाँसको कटीङ्ग बिरुवा खरिद, ढुवानी र रोपण (प्रति प्याकेज २ हजार गोटा)

यस शीर्षकमा विनियोजन भएको रकम सामुदायिक वन, कवुलियती वन, सार्वजनिक क्षेत्र, नदी उकास क्षेत्र/नदी किनार तथा निजी जग्गामा भू संरक्षण गर्ने उद्देश्यले यो कृयाकलाप प्रस्ताव गरिएको छ। सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत माग सङ्कलन गरी माग भएका स्थानको स्थलगत निरीक्षण भए पश्चात् प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएका स्थानमा कम्तिमा २ वर्षे बाँसको कटिङ्ग बिरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ। यस कार्यक्रम अन्तरगत निजी जग्गा र सार्वजनिक क्षेत्रमा रोपण कार्य गर्न सकिनेछ। निजी जग्गाको हकमा बिरुवा मात्र उपलब्ध गराईनेछ भने

सार्वजनिक क्षेत्रमा रोपणको खर्च समेत स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध गराउन सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद र रोपण भएका बाँसको बिरुवाको संख्या, स्थान र सोको नक्सा, निजी जग्गामा रोपणमा संलग्न व्यक्तिको नामावली, बाँस रोपिएको जग्गाको कित्ता नम्बर सहितको ठेगाना, फोटो, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

### २.४.१६ सामुदायिक वनमा फ्रुट फरेष्ट्री मोडल कार्यक्रम

फाट्टफुट्ट रुख बिरुवा भएको नाङ्गो सामुदायिक वनलाइ उत्पादनमुखी, हराभरा तथा मानव वन्यजन्तु द्वन्द्व कम गर्ने वन क्षेत्रको विकास गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । प्रस्तावित कार्यक्रममा सव डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयले सामुदायिक वन क्षेत्र छनौट गर्नेछ। यस कार्यक्रम अन्तर्गत कम्तिमा १ हेक्टर क्षेत्रफलमा हावापानी सुहाउँदो उच्च मूल्यको वनजन्य फलफुल बिरुवा खरिद तथा ढुवानी गरी बृक्षारोपण गरिनेछ ।

### २.४.१७ वन क्षेत्रमा समृद्धि वृक्षारोपण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन क्षेत्र, अतिक्रमित क्षेत्र, गाउँमा भएका सार्वजनिक पर्ति जग्गा एवम् नदी उकासबाट प्राप्त जग्गा, हैसियत विग्रेको (२० प्रतिशत भन्दा कम छत्र घनत्व भएको) वन क्षेत्रमा प्राकृतिक पुनरोत्पादन प्रवर्द्धन/स्थानीय प्रजातिको मात्र वृक्षारोपण गर्नुपर्नेछ। यो कृयाकलापमा विनियोजित रकम झाडी सफाई, पुनरोत्पादन प्रवर्द्धन, वृक्षारोपण र जैविकबार लगाउने कार्यमा खर्च गर्न सकिनेछ। खुल्ला चरिचरन क्षेत्र भई जैविकबार बाट मात्रै संरक्षण गर्न नसक्ने भएमा कम खर्च हुने गरी काडेतार लगायत मेश वायरबाट घेरबार गर्न सकिनेछ तर सम्भव भएसम्म जैविकबारलाई प्राथमिकता दिनुपर्नेछ। वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नुपर्दछ । वृक्षारोपण संरक्षणको लागि बारबेरा गर्दा सकेसम्म स्थानीयस्तरमा उपलव्ध हुने जैविकबारहरु जस्तैः सजिवन, निलकाँडा, बाँस, केतुके आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउन सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात् वृक्षारोपणसम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी सो क्षेत्रमा राख्नुपर्नेछ ।

### २.४.१८ स्थानीय तहसंगको सहकार्यमा एक घर एक बिरुवा रोपण तथा हरियाली प्रवर्धन कार्यक्रम

स्थानिय स्तरमा वन तथा वातावरण सम्वन्धी जनचेतना तथा हरियाली प्रवर्द्धन गर्जे उद्देश्यले यस कार्यक्रम राखिएको हो ।यस कार्यक्रम अन्तरगत हरेक घरबाट एक जना व्यक्तिले आफ्नो नीजि जग्गामा कम्तिमा एक बिरुवा रोपण गर्नुपर्नेछ ।यसका लागि सम्बन्धित डिभिजनले कार्यालयको नर्सरीमा उत्पादित वहुवर्षिय बिरुवा उपलव्ध गराउनुपर्नेछ, साथै नर्सरीमा बिरुवा मौज्दात नभएको अवस्थामा खरिद गरेर समेत उपलव्ध गराउनुपर्नेछ ।

यस शीर्षकसंग सम्बन्धित कृयाकलापहरु देहाय बमोजिम रहेको छः

| क्र. सं. | कृयाकलाप कोड | कृयाकलाप |
|---|---|---|
| १ | ११.४.१७.२९७१ | टिम्बुर खेती कार्यक्रम २० हेक्टरमा शंखरापुर २ |

| क्र. सं. | कृयाकलाप कोड | कृयाकलाप |
|---|---|---|
| २ | ११.४.१७.२९३८ | मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि वैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण |
| ३ | ११.४.१७.२९४८ | सतुवा चिराइतो कुरिलो जस्ता बिरुवा र लाथ्रा जडिबुटी प्रजातिको वन क्षेत्र/निजी जग्गामा खेतीको लागि प्लट वृक्षारोपणको लागि बिरुवा खरिद र वितरण |
| ४ | ११.४.१७.२९७० | वन क्षेत्र भित्र जडिबुटी रोपण कार्य दक्षिणकाली ७, काठमाण्डौ |
| ५ | ११.४.१७.२९४१ | हिउँदे वृक्षारोपण अन्तर्गत ओखर आदि प्रजातिको वृक्षारोपण |
| ६ | ११.४.१७.२९३४ | बहुमुल्य प्रजातिको रुख/बल्लाबल्ली किसिमका जडिबुटीहरुको एकै क्लष्टरमा १०० रोपनी भन्दा बढी क्षेत्रफलको वन क्षेत्र/निजी जग्गामा खेतीको लागि बिरुवा खरिद र वितरण |
| ७ | ११.४.१७.२९६७ | खार्पा सामुदायिक वनमा वृक्षारोपण दक्षिणकाली ९ |
| ८ | ११.४.१७.३२९० | पन्चकन्या सामुदायिक बनमा जडिबुटी खेती प्रवर्द्धन |
| ९ | ११.४.१७.२९७६ | टिमुर खेती तथा विस्तार, ईन्द्रसरोबर गापा, मकवानपुर |
| १० | ११.४.१७.२९७४ | सिसवन लौठ सल्ला जडिबुटी खेती विस्तार कार्यक्रम महाङ्काल ३, ललितपुर |
| ११ | ११.४.१७.२९५९ | बिगु र कालिन्चोक गापा अर्गली, लोक्ता र डाले घास, भुई घासको वृक्षारोपण कार्यक्रम, दोलखा |
| १२ | ११.४.१७.३७९२ | हाईटेन्सन लाईन मुनि अम्रिसो रोपण |
| १३ | ११.४.१७.२९६३ | जडिबुटी खेती विस्तार रुविभ्याली, धादिङ्ग |
| १४ | ११.४.१७.२९४० | वन अतिक्रमण हटाई वृक्षारोपण |
| १५ | ११.६.२५.१६१ | बालकुमारी विष्णुविर सामुदायिक वनमा फलफुल रोपण, मध्यपुर थिमि ४,५,६, भक्तपुर |
| १६ | ११.४.१७.२९२२ | निजी तथा कृषि वन विकासको लागि बिरुवा खरिद/वृक्षारोपण सहयोग |
| १७ | ११.४.१७.२९०९ | वृक्षारोपण सार्वजानिक, पर्ति, बाँझो, नदी उकास र हाईटेन्सन लाईन मुनिको जग्गा आदि क्षेत्रमा उपयुक्त प्रजातिको वृक्षारोपण |
| १८ | ११.४.१७.२९२१ | ऐतिहासिक पात्लेपानी नर्सरी मर्मत तथा स्तरोन्नति |
| १९ | ११.४.१७.२९७८ | स्थानिय तहसँगको सहकार्यमा दाँते ओखर खेती प्रबर्धन कार्यक्रम बाहबिसे ७, सिन्धुपाल्चोक |

**८३. संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद, वितरण/रोपण**

यस अन्तरगत संवेदनशील जलाधार क्षेत्र वरपर रहेको निजी जग्गा जमीनमा फलफूलको बिरुवाहरु रोपण गरिने छ। स्थान छनौट गर्दा संवेदनशील जलाधार क्षेत्र छनौट गरी वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गरिनेछ । यस शीर्षकमा विनियोजन भएको रकम जिल्ला दररेटको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रक्रिया पुरा गरी फलफूल बिरुवा खरिद तथा वितरण गरी रोपण कार्यमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका फलफूल बिरुवाको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत स्थानीय माग एवं भुगोल सुहाउँदो प्रजातिका फलफूल बिरुवा खरिद तथा रोपण गरिनेछ ।

## ८४. फलफुलका बिरुवा खरिद तथा वितरण

विभिन्न प्रजातिका फलफुलको बिरुवा वृक्षारोपण गरी खाली क्षेत्रलाई सदुपयोग गरी संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन/हरीयाली प्रवर्द्धन/आयआर्जनको उद्देश्य राखेर यी क्रियाकलापहरु सञ्चालन गरिनेछ। यस शिर्षको रकम सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन समूह/निजी वन धनी/निजी जग्गा धनी सँग छलफल स्थान छनौट प्रजाति निक्यौंल गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार फलफुलका बिरुवा खरिद, ढुवानी, वितरण लगायतमा खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा खरिद, ढुवानी, वितरण गरिएका बिरुवाहरुको विवरण, क्षेत्रफल, खर्चको बिल भर्पाई र सञ्चालित कृयाकलापहरुको फोटो समेत पेश गर्नुपर्नेछ। फलफूलका बिरुवा रोपण खर्च, वृक्षारोपण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मा सम्बन्धित व्यक्ति/समूहको हुनेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछः

- संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद र वितरण (कार्यविधिमा तोकिएको प्रजाती मात्र) कार्यक्षेत्र भित्रका सबै जिल्लामा
- सा.व./क.व./निजि वनका उपभोक्ताहरुलाई फलफूलका बिरुवा खरिद तथा वितरण/रोपण

## ८५. केन्द्रीय तथा हाईटेक नर्सरीमा गत आर्थिक वर्षमा उत्पादन भएका बहुवर्षीय बिरुवाहरुको संरक्षण

यस शीर्षकको रकम केन्द्रीय तथा हाईटेक नर्सरीमा उत्पादन भएका बिरुवाहरुको हेरचाह, गोडमेल, प्रुनिङ्ग, जरा काट्ने, पानी हाल्ने, औषधी छर्किने, प्रुनिङ्ग नाईफ, सिकेचर, ग्राफ्टिङ्ग चक्कु, कुटो कोदालो, झारी, पाईप, प्लाष्टिक, एक पाङ्ग्रे गाडा खरिद गर्ने कार्यको लागि लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## ८६. हाईटेक नर्सरी स्तरोन्नति/थप पूर्वाधार निर्माण (मकवानपुर र काठमाण्डौं)

डिभिजन वन कार्यालय मकवानपुर अन्तर्गत हेटौंडामा रहेको हाईटेक नर्सरीको विस्तृत परियोजना प्रतिवेदनमा बमोजिम बाँकी पूर्वाधारहरु निर्माण गरी स्तरोन्नति गर्ने र डिभिजन वन कार्यालय काठमाण्डौं अन्तर्गत चाल्नाखेल नर्सरी र डिभिजन वन कार्यालय मकवानपुरको हाईटेक नर्सरीमा थप पूर्वाधार निर्माण गर्नका लागि यस शीर्षकको रकम खर्च गरिनेछ । यस शीर्षक अन्तर्गतको कार्य प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ।

## ८७. संरक्षण पोखरी/रिचार्ज पोखरी/मानव निर्मित ताल/सिमसार ताल निर्माण र विभिन्न पानी पोखरी निर्माण

यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी निर्माण मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता वढाउने तथा उपल्लो भूभागबाट तल्लो भूभागमा बगेर आउने भलपानी र भूक्षय व्यवस्थापन गर्नु हो । यस कार्यक्रम अन्तर्गत धारा पंधेराबाट खेर जाने र वर्षाको भलको पानी सङ्कलन गरी सुख्खा मौसममा खेतवारीमा सिंचाई गर्न र भल वाढी कम गर्न गाँउघरमा भईरहेका पोखरीहरुलाई मर्मत गर्ने र आवश्यकता अनुसार नयाँ पोखरी निर्माण गरिनेछ। यस कार्यक्रममा निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछन्:

- परम्परागत रुपमा रहेका कुवा, पोखरी, ताल संरक्षण
- जलभरण संरचना, संरक्षण पोखरी निर्माण, तारवार
- रनअफ हार्भेस्टिङ डयाम निर्माण
- हरियाली प्रवर्द्धन

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## ८८. पार्क/उद्यान/बाल उद्यान/ल्याण्डस्केप/पद मार्ग निर्माण

स्वीकृत वार्षिक कार्यक्रममा पर्यापर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि वृद्धि गर्ने उद्देश्यले विभिन्न पार्क/उद्यान/बाल उद्यान/ल्याण्डस्केप/पद मार्गहरु समावेश गरिएको छ । यस्ता संरचना निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, वन ऐन तथा सम्बधित नियमावली बमोजिम देहायको प्रकृया अवलम्वन गरी गर्न सकिनेछ ।

१. सामुदायिक वनमा पार्क/उद्यान निर्माण गर्दा वन नियमावली, २०७९ को नियम ५२ को उपनियम ४ मा व्यवस्था भए बमोजिम सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कूल क्षेत्रफलको वढीमा ५ प्रतिशत वा ५ हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नवढ्ने गरी गर्नुपर्नेछ ।

२. सामुदायिक वनको स्वीकृत कार्ययोजनामा सामावेश नगरी सामुदायिक वनमा यस किसिमका संरचना निर्माण गरिने छैन । सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनको लागि निर्माण हुने संरचना निर्माण गर्दा वन नियमावली, २०७९ को अनुसुची ३० क मा उल्लेखित कृयापलापहरु मात्र निर्माण गर्न पाइने छ । वन नियमावली, २०७९ को अनुसुची ३० ख मा उल्लेखित निषेधित कार्य गर्न पाइने छैन ।

३. संरचना निर्माण कार्य निर्माण उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । तर कुनै योजनाको कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको वा लाभग्राही समुदायको प्रतक्ष्य सहभागिता हुन नसक्ने अवस्थामा वोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ ।

४. सामुदायिक वनमा संरचना निर्माण हुने अवस्थामा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत नै कार्य गराउनु पर्नेछ। वन उपभोक्ता समूहले कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव पेश गर्नु अघि अनुगमन उप समिति गठन गर्नुपर्नेछ ।

५. उपभोक्ता समिति गठनः सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहवरमा लाभग्राही समुदायको भेलाबाट निर्माण उपभोक्ता समितिर अनुगमन उपसमिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यतया समावेशी प्रकृतिको हुनु पर्नेछ ।

६. वन क्षेत्र बाहेकको स्थानमा उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणकालागि स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ । स्थानीय तहले यस्तो सिफारिस गर्दा निर्माण पश्चात त्यसको स्याहार सम्भार र सञ्चालन गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ।

७. कुनै विद्यालयमा उद्यान निर्माण कार्य सम्बन्धित विद्यालयसंग सम्झौता गरी निर्माण कार्य गराउनु पर्नेछ ।

८. सम्बन्धित विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।

९. डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिनेछ । कार्यालयमा सम्बन्धित विषयको प्रविधिक नभएको अवस्थामा सम्बन्धित स्थानीय तहको प्राविधिक मार्फत कार्य गराउन सकिनेछ ।

१०. लागत इष्टिमेट तयार गरी सो को स्वीकृती तथा कार्यक्रम सञ्चालनको निम्ति तयार गरिने प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि, सञ्चालन मोडालिटी, संरक्षणको स्पष्ट व्यवस्था आदि खुलेको हुनु पर्नेछ ।

११. उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणको कूल लागत मध्ये कम्तिमा १० प्रतिशत सम्बन्धित लाभग्राही समुदायले अनिवार्य व्यहोर्नु पर्नेछ । यसको सुनिश्चितताको लागि सम्झौता गर्नु अगावै निर्माण समितिको नाममा बैंक खाता खोली योजनाको कूल लागत अनुमानको कम्तिमा १० प्रतिशत रकम सो खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्नेछ।

१२. सम्बन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिइने छ ।

१३. कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर जस्ता सुचकहरु समावेस गरी गर्नुपर्नेछ ।

१४. उपभोक्ता समितिबाट संचालित कार्यक्रमहरु सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराईने छ ।

१५. उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका संपूर्ण जिम्मेवारी वहन गर्ने छ ।

१६. सम्बन्धित स्थानिय तहसित समन्वय गरी सम्पन्न भएका योजना हस्तान्तरण नहुँदासम्म सो को संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

१७. उपभोक्ता समितिले कार्यस्थलमा खटिएका प्राविधिक कर्मचारीले दिएका सल्लाह सुझाव बमोजिम कार्य सञ्चालन गर्नुपर्नेछ ।

१८. उपभोक्ता समितिले रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रकृया पुरा गरेर मात्र खर्च गर्नुपर्नेछ । प्रकृया नपुर्याई गरिएको खर्च भूक्तानी हुने छैन ।

१९. कार्य सम्पन्न पश्चात भूक्तानी माग गर्दा निर्माण स्थलमा कार्य शुरु गर्नु अघिको फोटो, निर्माण कार्य हुदै गर्दाको फोटोहरु, निर्माण कार्य सम्पन्न भै सकेपछिको फोटो, जनप्रतिनिधिको रोहवरमा भएको सार्वजनिक सुनुवाईको माइन्युट, अनुगमन उपसमितिको प्रतिवेदन, सम्बन्धित वडाको सिफारिस, सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिश, विल एवं भर्पाईहरु, भएको कार्यको नापजाँच गरी प्रविधिकले तयार गरी प्रमाणित गरेको कार्य सम्पन्न प्रतिवेदन समावेश गरी पेश गर्नुपर्नेछ

२०. प्राप्त कार्य सम्पन्न प्रतिवेदन र स्वीकृत विल भर्पाइ वमोजिमको रकममा नियमानुसार कट्टी गर्नुपर्ने कर र धरौटी रकम कट्टा गरी बाँकी रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा हुने गरी भूक्तानी गरिनेछ ।

२१. उपभोक्ता समिति मार्फत गर्ने काममा कुनै ठेकेदारबाट निर्माण कार्य गरे गराएमा वा लगाएमा समिति तथा साईट इन्चार्ज तथा कार्यालय प्रमुखलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

२२. खर्चको सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।

यस अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा देहायका कृयाकलापहरु संचालन गरिने छ ।

| क्र. सं. | कृयाकलाप कोड | कृयाकलाप |
|---|---|---|
| १ | ११.६.२५.१३३ | वनदेवी मावि बाल उद्यान निर्माण चौतारा साँगाचोकगढी ५ |
| २ | ११.६.२५.१०१ | चोकभञ्ज्याङ्ग कपन टापु सामुदायिकमा पर्यापर्यटकिय पार्क निर्माण, बुढानिलकण्ठ ११ |
| ३ | ११.४.१७.२९४२ | भिमफेदी स्थित हात्तिसार संग्राहालयमा ल्याण्डस्केप सहित उद्यान निर्माण तथा व्यवस्थापन |
| ४ | ११.६.२५.९० | नोर्बुलिङ एकिकृत बस्तीमा बालविका तथा जेष्ठ नागरिकका लागि पार्क निर्माण, हेलम्बु २ सिन्धुपाल्चोक |
| ५ | ११.६.२५.८१ | सशस्त्र प्रहरी बल नेपाल मद्दती तथा सेवा गुल्म हरित पार्क निर्माण चन्द्रागिरी १२ |
| ६ | ११.६.२५.१४७ | विन्धवासिनी हरियाली पार्क, तारकेश्वर ५, काठमाण्डौ |
| ७ | ११.६.२५.१५० | काठमाण्डौ हनुमानढोका दरवार विश्व सम्पदन क्षेत्र लगायत का.म.पा. १३, १९,२०,२३,२४ मा गमला सहितको हरियाली प्रवर्द्धन कार्यक्रम |
| ८ | ११.६.२५.१२९ | जौबारी पर्यावरणीय पार्क निर्माण कालिन्चोक-२ दोलखा |
| ९ | ११.६.२५.१४० | मुलधारा हरित बाल उद्यान पार्क तथा पानी मुहान संरक्षण चौतारासाँगाचोकगढी नपा १४ सिन्धुपाल्चोक |
| १० | ११.६.२५.१४२ | वनदेवी माविमा हरित बाल उद्यान निर्माण चौतारासाँगाचोक गढी नपा १० सिन्धुपाल्चोक |
| ११ | ११.६.२५.१२२ | जनकौलि सामुदायिक वन क्षेत्रमा पर्यापर्यटनका लागि ताल निर्माण, रत्ननगर ६, चितवन |
| १२ | ११.६.२५.१५४ | देवी मन्दिर परिसरमा पर्यापर्यटनका लागि शोन्दर्यकरण कार्यक्रम, भरतपुर १५, चितवन |
| १३ | ११.६.२५.११६ | विपी गणेशमान शान्तिपार्क डिपिआर बमोजिमको कार्य, हेटौडा ६, मकवानपुर |
| १४ | ११.६.२५.१६० | वनदेवी पार्कको उत्तर पाखोमा सौन्दर्यकरण, मध्यपुर थिमी ४, शंखधरचोक भक्तपुर |
| १५ | ११.६.२५.८६ | पर्यापर्यटन विकासको लागि बाल कुमारी वन क्षेत्रभित्र पर्यापर्यटन प्रवर्द्धनका लागि पार्क निर्माण, ल.पु.म.न.पा १८, ललितपुर |
| १६ | ११.६.२५.७६ | का.म.पा. वडा नं. १४ बल्खु टेकुसी कुमारी क्लब अगाडी रहेको बागमती खोला किनारमा अवस्थित प्रति जग्गामा पार्क निर्माण, काठमाण्डौ |
| १७ | ११.६.२५.१०० | छगडोल सामुदायिक वनमा पर्यापर्यटकिय पार्क निर्माण नागार्जुन ५, काठमाण्डौ |
| १८ | ११.६.२५.१५१ | गले पार्क पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम, चन्द्रागिरी १२, काटमाण्डौ |
| १९ | ११.६.२५.९७ | कटुवापाखा सामुदायिक वनमा पर्यापर्यटन पार्क निर्माण धुलिखेल नपा ८ |
| २० | ११.६.२५.१७३ | बसु डाँडा हरित पार्क निर्माण, पञ्चकन्या २, नुवाकोट |
| २१ | ११.६.२५.१२७ | देवस्थान पर्यापर्यटकिय हरित पार्क भरतपुर २४ |
| २२ | ११.६.२५.१५५ | पर्यावरणीइ गन्तव्य प्रवर्द्धन तथा निर्माण, ईच्छाकामना गापा ४, कुरिनटार |
| २३ | ११.६.२५.१५९ | कुसमाण्ड सरोवर त्रिवेणीधान हरियाली प्रवर्धन कार्यक्रम, हेटौडा ९, मकवानपुर |
| २४ | ११.६.२५.८७ | भवानीथान मन्दिरमा वृक्षारोपण तथा पार्क निर्माण, ल.पु.म.न.पा २२, ललितपुर |
| २५ | ११.६.२५.११२ | मत्छेनारायण सामुदायिक हरियाली पार्क निर्माण चन्द्रगिरी-९ काठमाण्डौ |
| २६ | ११.६.२५.१४९ | मदन भण्डारी पार्क दक्षिणकालि न.पा. ७, काठमाण्डौ |
| २७ | ११.४.१७.२९६२ | हिरक पार्क तथा ईको टुरिज्म क्षेत्र विकास निर्माण , नेत्रावती डबजोङ्ग, धादिङ्ग |
| २८ | ११.६.२५.१२५ | मजुवा सामुदायिक वन पर्यटकिय पार्क निर्माण, भरतपुर १७ |

| क. सं. | कृयाकलाप कोड | कृयाकलाप |
|---|---|---|
| २९ | ११.६.२५.१७१ | न्यूरेनी चिसापनी बाल उद्यान हेटौडा ७, मकवानपुर |
| ३० | ११.६.२५.९२ | हरियाली सामुदायिक पार्क निर्माण सूर्यविनायक ८, भक्तपुर |
| ३१ | ११.६.२५.१७४ | चरेली हरित पार्क निर्माण, चा न पा ८, भक्तपुर |
| ३२ | ११.६.२५.८२ | वन वाटिका सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण कागेश्वरी मनोहरा ५, काठमाण्डौ |
| ३३ | ११.४.१७.२९१९ | राष्ट्रिय वनस्पती उद्यान गोदावरीको प्राविधिक सहयोगमा त्रिभुवन पार्क च.न.पा. मा गुलाब उद्यान निर्माण तथा व्यवस्थापन |
| ३४ | ११.६.२५.९९ | कुरकुरे हरियाली पार्क निर्माण एवं संरक्षण, नागार्जुन ८, काठमाण्डौ |
| ३५ | ११.६.२५.१३५ | साउनेमूल देवीस्थान मन्दिर परिसर सार्वजनिक जग्गामा हरित पार्क निर्माण चन्द्रागिरी नपा १ काठमाण्डौं |
| ३६ | ११.६.२५.१३२ | राधास्वामी सतसंग व्यास नेपाल मेलुङ्ग गापा -१ दोलखाको पार्क निर्माण तथा हरियाली प्रवर्द्धन (तारबार सहित) |
| ३७ | ११.६.२५.८९ | पोष्ट बहादुर बोगटी स्मृती पार्क, निर्माण विदुर न.पा. ५, नुवाकोट |
| ३८ | ११.६.२५.१३४ | श्रमिक मा.वि हेटौडा ४ मा विद्यालय वगैचा निर्माण |
| ३९ | ११.६.२५.१५७ | टोनी हेगन पार्कमा बोटानिकल गार्डेन, हेटौडा १०, मकवानपुर |
| ४० | ११.६.२५.१७० | विद्यालय बगैचा निर्माण,(ब्रम्हदेवी आ वि), हेटौडा १२, मकवानपुर |
| ४१ | ११.४.१७.२९१८ | संजीवनी पार्क स्तरोन्नति भैसेपाटी महिला सा.व. ललितपुर मनपा २५ |
| ४२ | ११.४.१७.२९५६ | काठमाण्डौ वडा नं. १०, ११, २९ खोला परिसरमा सौन्दरीकरण तथा हरियाली प्रवर्द्धन, काठमाण्डौ |
| ४३ | ११.४.१७.२९७५ | विपी संग्रहालय सुन्दरीजल सौन्दर्यकरण कार्यक्रम, सुन्दरीजल काठमाण्डौ |
| ४४ | ११.६.२५.७४ | गजरकोट थाईको चौर मैत्री बाटिका पार्क निर्माण, कागेश्वरी मनोहरा ५, काठमाण्डौ |
| ४५ | ११.६.२५.८४ | चखण्डोलको प्राकृतिक जंगल पुनस्थापना संरक्षण तथा पार्क निर्माण कागेश्वरी मनोहरा ६ |
| ४६ | ११.६.२५.१११ | साविक ८ किम्सीधारा नैकाप पार्यापर्यटनका लागि रिचार्ज पोखरी तथा पार्क निर्माण, च.न.पा.१३ |
| ४७ | ११.६.२५.१३६ | अतिक्रमण हटाई पर्यापर्यटन प्रवर्द्धनका लागि पार्क निर्माण, दक्षिणकाली न.पा. २ हात्तीवन काठमाण्डौं |
| ४८ | ११.६.२५.१५२ | बालकुमारी वाईछाप क्षेत्र संरक्षण तथा हरियाली पार्क निर्माण, चन्द्रागिरी १४, काठमाण्डौ |
| ४९ | ११.६.२५.१३८ | शहिद स्मृति हरियाली पार्क निर्माण मेलम्ची ५ सिन्धुपाल्चोक |
| ५० | ११.६.२५.१२३ | खैरहनी चौर पिकनीक पार्क निर्माण, भरतपुर महानगरपालिका २९ |
| ५१ | ११.६.२५.८० | निजामती पार्क स्थापन टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान बानेश्वर, काठमाण्डौ |
| ५२ | ११.६.२५.७३ | तेज विनायक युवा तथा जेष्ठ नागरिक बाटिका निर्माण, कागेश्वरी मनोहरा ८, काठमाणंडौ |
| ५३ | ११.६.२५.७७ | जागृति नगर पार्क निर्माण तथा वृक्षारोपण, का.म.पा. ३१, काठमाण्डौ |
| ५४ | ११.६.२५.९६ | निर्माणधिन मदन भण्डारी पार्क सम्पन्न गर्ने कार्य फ्याकुर डाँडाँ दक्षिणकाली नगरपालिका ७ नं. वडा कार्यालय |
| ५५ | ११.६.२५.१४३ | युद्ध स्मारक पार्क हरियाली प्रबर्द्धन तथा बँगैचा व्यवस्थापन किर्तीपुर नपा १० काठमाण्डौ |
| ५६ | ११.६.२५.१६९ | राष्ट्रिय शहिद तथा शान्ति पार्क निजामति स्मारकमा हरियालि तथा पर्यावरण मैत्री संरचना निर्माण गोकर्णेश्वर ४ काठमाडौ |
| ५७ | ११.६.२५.१२४ | जडिबुटी पार्क निर्माण, माडी नगरपालिका |
| ५८ | ११.६.२५.११७ | न्यूरेनी चिसापानी सा.व. मा हर्वल पार्क निर्माण, हेटौडा ७ |
| ५९ | ११.६.२५.१२० | सालक पार्कमा आकाशेपुल बालमैत्री उद्यान निर्माण, हेटौडा १७ |
| ६० | ११.६.२५.९३ | खर्क चौर पार्क निर्माण चागुनारायण ९, भक्तपुर |
| ६१ | ११.६.२५.१६७ | जेष्ठ नागरिक मैत्री हरियाली पार्क निर्माण, मध्यपुर थिमी, भक्तपुर |
| ६२ | ११.६.२५.८५ | जर्सिङ पौवा सामुदायिक वनमा पद मार्ग निर्माण शंखरापुर ३ |
| ६३ | ११.६.२५.१४६ | सार्वजनिक जग्गा संरक्षणका लागि हरित पार्क निर्माण, कागेश्वरी मनोहरा ५, सानोगली, काठमाणंडौ |
| ६४ | ११.६.२५.१५३ | खरी डाँडा हरियाली प्रवर्द्धन तथा पर्यापर्यटन विकास कार्यक्रम |

| क्र. सं. | कृयाकलाप कोड | कृयाकलाप |
|---|---|---|
| ६५ | ११.६.२५.६९ | एक विद्यालय एक बगैंचा निर्माण |
| ६६ | ११.६.२५.११३ | बटाहा विपिन चौरी हरियाली पार्कमा ताल/रिजार्ज पोखरी निर्माण, दु.न.पा. ८, सिन्धुली |
| ६७ | ११.६.२५.१३० | रातमाटे ल्याण्डफिल साईट नजिकको कालिका सामुदायिक वनमा वातावरण मैत्री पार्क निर्माण,कमलामाई न पा ५ सिन्धुली |
| ६८ | ११.६.२५.१६६ | सिताकुण्ड सामुदायिक वनको व्यवस्थापनमा निर्माणाधिन मयुर पार्क निर्माण-बगैंचा समेत(भनपा ५) |
| ६९ | ११.६.२५.१५८ | रुद्रेश्वर महादेव मन्दिर परिसर सौन्दर्यकरण कार्यक्रम, हेटौडा ५, मकवानपुर |
| ७० | ११.६.२५.१४८ | पर्यापर्यटन प्रवर्द्धनका लागि हात्तीवनमा साईकल ट्रेल तथा पार्क निर्माण, दक्षिणकाली ३, काठमाण्डौ |
| ७१ | ११.६.२५.१०५ | केउरानी सामुदायिकमा पर्यापर्यटकिय पार्क निर्माण , चन्द्रागिरी १, काठमाण्डौ |

पुनश्चः उपरोक्त बमोजिमको कार्यक्रमको अतिरिक्त थप मिल्दोजुल्दो कार्यक्रमको हकमा माथि उल्लेख भए बमोजिम नै गर्नुपर्नेछ ।

## ८९. वातावरणीय अध्ययनको प्रतिवेदन सम्बन्धी बैठक

प्रदेशमा सञ्चालन हुने विकास निर्माण तथा वातावरण संरक्षण ऐन तथा नियमावलीमा उल्लिखित कार्य तथा आयोजनाहरुको वातावरणीय प्रतिवेदनहरुको अध्ययन गर्नुपर्ने तथा स्वीकृतिको लागि सिफारिस गर्नुपर्ने प्रावधान रहेको हुँदा यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस शीर्षकमा विनियोजित रकम निर्देशनालय तथा मन्त्रालयमा मूल्याङ्कन कार्यको लागि गठित सिफारिस समितिको पदाधिकारीहरुको लागि खाजा, खाना, नियमानुसार पाउने भत्ता र विशेषज्ञको यातायातमा खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भए पश्चात् वातावरण अध्ययन प्रतिवेदनहरुको मूल्याङ्कनको लागि बस्ने सिफारिस समितिको बैठकको माइन्युट समावेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गर्न सकिनेछः

- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता
- वातावरण अध्ययन प्रतिवेदनहरुको मूल्याङ्कनको लागि बस्ने सिफारिस समितिको बैठकका लागि खाजा खर्च
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतका लागि प्राप्त EIA अध्ययन गरी राय सुझाव लिन (विज्ञको पारिश्रमिक र यातायात खर्च समेत)

## ९०. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

मन्त्रालय र मातहतका निकायबाट सम्पादन भएका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? लगायतका विवरण सहितको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम दैनिक भ्रमण भत्ता, तथ्याङ्क सङ्कलन, विश्लेषण आदिमा खर्च गर्न सकिनेछ ।

## ९१. वातावरणीय अध्ययन प्रतिवेदनको कार्यन्वयनको अनुगमन तथा नियमन

यस शिर्षक अन्तरगतको रकम प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तरगत स्वीकृत गरिएका विभिन्न प्रस्तावहरुको वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनको अवस्थाको अनुगमनको लागि भ्रमण भत्ताको लागि खर्च गर्न सकिनेछ।

यस अन्तरगत निम्न क्रियाकलापहरु संचालन गरिनेछः

क. प्रदेशका मन्त्रालय र स्थानीय तहद्वारा स्वीकृत गरिएका वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्थाको अनुगमन तथा मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।

ख. प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन

**९२. जैविक विविधता सूचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श)**

यो शीर्षकमा विनियोजित रकम जैविक विविधता सूचना केन्द्रको हेरचाह तथा सुरक्षाको निमित्त खटाईएको हेरालुलाई पारीश्रमिक बापत खर्च गरिनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात सहित सम्बन्धित कार्यालय/कर्मचारीको सिफारिसमा भुक्तानी गर्नुपर्नेछ । निजले जैविक विविधता सूचना केन्द्र टिकौलीको प्रमुखको प्रत्यक्ष निर्देशन र अधीनमा रही काम गर्नुपर्नेछ।

**९३. केन्द्रीय तथा हाईटेक नर्सरी सञ्चालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक**

डिभिजन वन कार्यालयद्वरा संचालित नर्सरीमा कम्तीमा ५ वर्ष नर्सरी सञ्चालनमा कार्य गरेको व्यक्तिलाई सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नर्मस्को पालना गरी करार गरी कामकाजमा लगाईने छ । यस्तो करार गर्दा पहिलेदेखि काम गर्दै आएका नाईकेलाई प्राथमिकता दिन सकिनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात सहित तोकेको अधिकृतको सिफारिसमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ।

**९४. वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थी, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन**

डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहहरुले आफ्नो कार्यक्षेत्रभित्र वातावरण र सरसफाईको सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय युवा क्लव तथा युवा विद्यार्थी, इको क्लव, एन्टिपोचिङ युनिट, महिला समूह, आमा समूह, वन समूह (सामुदायिक वन/कवुलियती वन/संरक्षित वन/निजी वन सञ्जाल) आदिमा आबद्ध व्यक्तिहरुलाई स्वयंसेवकको रुपमा संलग्न गराई सञ्चालन गरिनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन, सरसफाई कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा खटिने स्वयंसेवकको भत्ता, खाजा, पानी, ब्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ । कार्यसम्पन्न भए पश्चात् भए गरेको कार्यक्रमको विवरण संलग्न व्यक्तिहरुको नामावली, फोटो र बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**९५. कार्यक्रम सञ्चालन खर्च**

कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने भैपरी खर्च गर्ने प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजन भएको रकम कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने खाजा/खाना, पानी, ईन्धन, भत्ता आदि कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।

## ९६. सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्त गर्न सरसफाई अभियान संचालन

धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक क्षेत्रको वातावरणीय सरसफाई सम्वन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ ।यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्य,सरसफाई कर्मीको लागि पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, सरसफाई कर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ बोर्ड आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ ।कार्य सम्पन्न भए पछि कार्यक्रम संचालन पूर्व र पश्चातको फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

## ९७. नदी खोला किनार/कोरिडोर सरसफाई,हरियाली प्रवर्द्धन कार्यक्रम

नदी किनारको वातावरण सरसफाई सम्वन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने तथा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ ।यो शीर्षकमा बिनियोजित रकम लागत अनुमान स्वीकृत गरी वातावरण संरक्षण तथा सरसफाई समन्वय बैठक, वृक्षारोपण, सौन्दरीकरण, सरसफाईकर्मीको लागि पारिश्रमिक र फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

यस शिर्षकसंग मेल खाने देहाय लगायतका कृयाकलापहरु सञ्चालन हुनेछन् :-

- गोदावरी खोला सरसफाई तथा हरियाली प्रबर्द्धन कार्यक्रम महालक्ष्मी नगरपालिका
- रुद्रमति खोला सरसफाई तथा कोरिडोर हरियाली प्रवर्द्धन, काठमाण्डौ
- स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा नदीखोलामा मिचाहा प्रजाति विस्थापन, सरसफाई तथा हरियाली कार्यक्रम (मनमती, भद्रमती, बल्खु, कर्रा, रासी आदि)
- काठमाण्डौ वडा नं. १०, ११, २९ खोला परिसरमा सौन्दरीकरण तथा हरियाली प्रवर्द्धन, काठमाण्डौ
- धोवी खोला कोरीडोर वृक्षारोपण, बुनपा २, काठमाण्डौ

## ९८. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौडामा प्लास्टीक जन्य लगायतका फोहर सरसफाइ कार्यक्रम

यो कार्यक्रम वन विज्ञान अध्ययन संस्थानको सेरोफेरोमा रहेको चित्तलको समूहलाई संरक्षण गर्ने उद्देश्यले राखिएको हो । विगतको समयमा सो स्थानमा रहेको फोहोरको कारण वन्यजन्तुको बासस्थान र आहारमा पर्न गएको असर न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो । वन निर्देशनालय र वन विज्ञान अध्ययन संस्थान हेटौडाबीचको आपसी सम्झदारीमा MOU गरी कार्यक्रम सञ्चालन गरिनेछ । यो

कार्यक्रम सञ्चालन गर्दा वन विज्ञान अध्ययन संस्थान वा त्यहाँ रहेको विद्यार्थीहरुको वातावरणसँग सम्बन्धित समूह/क्लबसँगको सहकार्यमा सम्पन्न गर्न सकिनेछ । उक्त कार्यक्रम सञ्चालन गर्दा वन निर्देशनालयबाट लागत अनुमान स्वीकृत गराई यो कार्यक्रममा विनियोजित रकम सरसफाईको समाग्री खरिद, खाना/खाजा ईत्यादीमा खर्च गर्न सकिनेछ । भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, फोटो, बिलभरपाई पेश गर्नुपर्नेछ ।

## ९९. प्रदेशस्तरीय निजी वन पुरस्कार

प्रदेशस्तरीय उत्कृष्ठ निजी पुरस्कारको लागी निर्देशनालयले पुरस्कार छनौट मापदण्ड तयार गरी १५ वटै डिभिजन वन कार्यालयमा छनौटका लागि लेखी पठाउनु पर्नेछ । डिभिजन वन कार्यालयहरुले तोकिएको मापदण्ड बमोजिम निजी वन धनीहरु मध्येबाट उत्कृष्ठ निजी वन धनी १ जनालाई सिफारिश साथ छनौट गरी पठाउनु पर्ने छ। प्राप्त सिफारिशका आधारमा तोकिएको मापदण्डका बमोजिम निजी वनहरुको मूल्याङ्कन गरी पुरस्कृत गर्नुपर्नेछ ।

## १००. शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन

शहर बजारमा धनजनमा क्षति पुऱ्याउने जोखिमयुक्त रुखहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । जोखिमयुक्त रुखहरुको व्यवस्थापन गर्दा वन नियमावली, २०७९ मा जोखिमयुक्त रुखको व्यवस्थापन सम्बन्धमा भएको प्रावधान बमोजिम हुनेछ ।यस शीर्षकमा विनियोजन भएको रकम लागत अनुमान तयार गरी कटान, मुछान र ढुवानी आदिकार्यमा खर्च गरिनेछ।

## १०१. सचेतनाको लागि प्रचार प्रसार

सहर बजार लगायतका क्षेत्रहरुमा वन,वातावरण संरक्षण तथा जलवायु परिवर्तन,वन डढेलो रोकथाम तथा न्यूनिकरण सम्बन्धी सचेतना एवम् प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न स्थानीयस्तरमा जनचेतना अभिबृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । वन,वातावरण संरक्षण तथा जलवायु परिवर्तन,वन डढेलो रोकथाम एवम न्यूनिकरण सम्बन्धी सचेतना एवम् प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने सम्बन्धी जानकारी गराउन विभिन्न माध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका,अनलाईन) प्रचार प्रसार गरिनेछ । आवश्यकता अनुसार स्थानीय हाट वजारमा Rally गर्ने, माइकिङ गर्ने, पम्पलेट तथा स्टिकर प्रकाशन तथा वितरण समेत गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् प्रकाशन गरिएका प्रचारप्रसारका सामाग्री, फोटो, खर्चको बिल भर्पाइ सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कृयाकलापहरु सञ्चालन गरिनेछः

- प्लाष्टिक व्यवस्थापन सम्बन्धी सचेतना (गोष्ठी/सेमिनार/रेडियो कार्यक्रम Rally and Campaign)
- प्लाष्टिक व्यवस्थापन सम्बन्धी सचेतना
- वातावरण तथा जलवायु परिवर्धन सचेतना अभियान(मोतीदेवी स्मृति केन्द्र काठमाण्डौसँगको सहकार्यमा स्थानीय स्तरमा सञ्चालन)
- महिला सहभागितामा वन तथा वातावरण संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम
- वातावरण तथा जलवायु परिवर्तन सचेतनाको लागि प्रचार प्रसार
- वन डढेलो रोकथाम तथा न्यूनिकरणका लागि प्रचारप्रसार
- जागौ युवा परिवर्तनका लागि वातावरणीय सचेतना कार्यक्रम चन्द्रगिरी ५ काठमाण्डौ

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

**१०२. सब डिभिजनको कार्यक्षेत्रको बजारमा वातावरण सरसफाई कार्यक्रम (त्रैमासिक रुपमा)**

सब डिभिजन वन कार्यलयको कार्यक्षेत्रमा पर्ने बजारहरुमा नजिक रहेका सामुदायिक वन समूह, सुरक्षा निकाय,नागरिक समाज, इको क्लब, स्थानीय जनताहरुसँगको सहकार्यमा त्रैमासिक रुपमा सरसफाई कार्यक्रम आयोजना गर्नुपर्नेछ । यस शीर्षकको रकम खाजा, सञ्चार, पानी, मास्क, पञ्जा, कुच्चो, खरेटो, डोको, डस्टबिन वा सरसफाई सँग सम्बन्धित अन्य आवश्यक वस्तु आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् उपस्थिति विवरण तथा फोटो एवम् खर्च बिलभर्पाइ सहितको प्रतिवेदन पेश गर्नुपर्दछ।

**१०३. वन, वातावरण,जलाधार तथा जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोह/सप्ताह**

तोकिएको मितिमा वन, वातावरण, सिमसार, जलाधार तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यो शीर्षकको रकम मन्त्रालय र मातहतका निकायहरुले लागत अनुमान स्वीकृत गराई हलभाडा, ब्यानर, खाजा/खाना, पानी, इन्धन, सञ्चार, मसलन्द, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतियोगिता, निवन्ध प्रतियोगिता, वक्तित्वकला प्रतीयोगिता, पेन्टिङ्ग प्रतीयोगिता आदिमा) लगायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा समारोहमा भए गरेका क्रियाकलापहरु, उपलव्धी, उपस्थिति विवरण, कार्यक्रम सञ्चालन गरिएको स्थान, फोटो र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यस अन्तरगत निम्न कार्यहरु सञ्चालन गर्न हुनेछनः

- भू संरक्षण दिवस
- सामुदायिक वन दिवस
- विश्व वन दिवस
- सिमसार दिवस
- अन्तराष्ट्रिय जैविक विविधता दिवस
- विश्व वातावरण दिवस
- राष्ट्रिय वृक्षारोपण दिवस
- वन डढेलो सचेतना सप्ताह
- आवश्यकता अनुसार अन्य दिवस

**१०४.माइकेनिया लगायत मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन**

वन क्षेत्रमा माइकेनिया लगायत मिचाहा प्रजातिको प्रकोप नियन्त्रण गरि वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यका लागि यो कार्यक्रम राखिएको हो । यस शिर्षकमा विनियोजित रकम स्थानीय तह, वन उपभोक्ता समूह एवं निजी क्षेत्रसंग सहकार्य गरी वन क्षेत्रको मिचाहा वनस्पति हटाईने कार्यमा खर्च गर्न सकिनेछ । हटाईएको मिचाहा प्रजातिलाई कम्पोस्ट मल, चारकोल तथा अन्य उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्नमा प्रयोग गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा कार्यक्रम सञ्चालन गर्नु पूर्व तथा पश्चातको वन क्षेत्रको तस्वीरहरु, कार्यक्रम सञ्चालन गरिएको स्थान र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१०५.वातावरणीय अनुगमनका लागि आवश्यक मेशीनरी औजार तथा उपकरण खरिद

प्रचलित वातावरणीय कानूनमा व्यवस्था भएका मापदण्डहरुको परीक्षण एवं अनुगमनको लागि आवश्यक पर्ने मेशीनरी औजार तथा उपकरण खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस शीर्षक अन्तर्गतका कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्नुपर्नेछ ।

१०६.लोपोन्मुख तथा बहुमुल्य प्रजातिहरुको बहुवर्षिय बिरुवा उत्पादन तथा वितरण (वनस्पति अनुसन्धान केन्द्रको सहयोगमा)

यस शिर्षक अन्तरगतको रकम वनस्पति अनुसन्धान केन्द्रको सहयोगमा प्रचलित नर्मश, सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम लोपोन्मुख तथा बहुमुल्य प्रजातिहरुको बहुवर्षिय बिरुवा उत्पादन तथा वितरणमा खर्च गरिनेछ ।कार्य सम्पन्न भएपछी बिरुवाको प्रजाति, संख्या, खर्चको बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१०७.वनस्पति अनुसन्धान केन्द्रको प्राविधिक सहयोगमा मकवानपुर जिल्लाभित्र पाइने दुर्लभ लोपोन्मुख वनस्पति प्रजाति भोटेलहरा लगायत प्रजातिको बासस्थान संरक्षण

वनस्पति अनुसन्धान केन्द्रको प्राविधिक सहयोगमा मकवानपुर जिल्लाभित्र पाइने दुर्लभ लोपोन्मुख वनस्पति प्रजाति भोटेलहरा लगायत अन्य प्रवातिको स्रोत सर्वेक्षण र नक्सांकन गरी सो क्षेत्रमा रहेका स्वस्थ रुख तथा पुनरुत्पादनको संरक्षण, सम्वृद्धि वृक्षारोपण र व्यवस्थापन कृयाकलाप गर्न यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा प्राकृतिक रुपमा रहेका रुखहरु सम्बन्धित सामुदायिक वन तथा कबुलियती वन समूहसँगको समन्वय तथा सहकार्यमा यो कार्य गर्नुपर्नेछ ।

१०८.राष्ट्रिय वनस्पती उद्यान गोदावरीको प्राविधिक सहयोगमा त्रिभुवन पार्क च.न.पा. मा गुलाब उद्यान निर्माण तथा व्यवस्थापन

राष्ट्रिय वनस्पती उद्यान गोदावरीको प्राविधिक सहयोगमा त्रिभुवन पार्क च.न.पा. मा गुलाब उद्यान निर्माण तथा व्यवस्थापन गरि पर्यापर्यटन प्रवर्द्धनको लागि यो कार्यक्रम राखियको हो ।यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ ।

१०९.फोहर व्यवस्थापन गर्न **waste management machine** खरिद बुढानिलकण्ठ २ काठमाडौं

वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गरि वातावरणमा स्वच्छता कायम गर्ने उद्देश्यले सम्बन्धित स्थानिय तहको समन्वयमा waste management machine खरिद गरी वितरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस शीर्षक अन्तर्गतका कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरिनेछ ।खरिद गरिएका उपकरण तथा सामाग्रीहरु आवश्यकता अनुसार वितरण गरी उपयोगमा ल्याइनेछ । फोहर व्यवस्थापन गर्न मसिनको दिगो संचालन तथा ब्यवस्थापनको सुनिश्चितता भए पछी मात्र मसीन खरीद गरीनेछ ।

११०.सामुदायिक वनहरुलाई डढेलो नियन्त्रणका लागि प्रविधि वितरण कार्यक्रम-जिल्ला फेकोफन मार्फत बागमती प्रदेश भर

सामुदायिक वन उपभोक्ता महासंघको सहकार्यमा सामुदायिक वनहरुलाई वन डढेलो नियन्त्रणका लागि आवश्यक पर्ने मेशीनरी उपकरण खरिद र वितरण तथा वन डढेलो नियन्त्रण सम्वन्धी तालिम सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।यस शीर्षक अन्तर्गतका कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन

तथा नियमावली अनुसार खरिद गरिनेछ ।खरिद गरिएका उपकरण तथा सामाग्रीहरु आवश्यकता अनुसार वितरण गरी उपयोगमा ल्याइनेछ ।

**१११.बहाल सामुदायिक वनमा तुरतुरे धारो मिनिडयाम तथा सिमसार संरक्षण कामको अधुरो निर्माण कार्य सम्पन्न गर्ने, चाँगुनारायण न.पा.८, हवेली, भक्तपुर ।**

यस शीर्षक अन्तर्गत चाँगुनारायण न.पा.८, हवेली, भक्तपुरको बहाल सामुदायिक वनमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तुरतुरे धारो मिनिडयाम तथा सिमसार संरक्षण कामको अधुरो निर्माण कार्य सम्पन्न गरिनेछ ।

**११२.सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन (पुराना पोखरीहरुको स्तरोन्नति समेत)**

सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन र विकासको लागि सम्वन्धीत स्थानको अवस्था र आवश्यकता हेरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्यक्रम संचालन गर्दा स्थानीय उपभोक्ता एवं आवश्यकता अनुसार स्थानीय तहसंग समेत समन्वय र सहकार्य गरी त्यहाँ के कस्तो कार्यक्रम संचालन गर्ने हो ? सो को अनुगमन गरी निक्यौंल गर्नु पर्दछ । यस कार्यक्रमको रकम सिमसार वरिपरिको मिचाहा प्रजाती तथा झाडी हटाउने, फोहोर सरसफाई गर्ने, वृक्षारोपणको लागि बिरुवा खरिद, ढुवानी, वृक्षारोपण, संरचना निर्माण,माटो तथा वालुवाले पुरिएको भए सो समेत खनि हटाउने लगायतका अन्य आवश्यक कार्यहरु प्रचलित ऐन-नियम र नर्म्सको अधिनमा रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतीवेदनको साथ कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको विवरण, नक्सा, भए गरेको कृयाकलापको विवरण, फोटो, विल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्ने छ।

**११३.वन डढेलो नियन्त्रण उपकरण तथा सामाग्री खरिद/वितरण**

वन डढेलो नियन्त्रणका लागि आवश्यक पर्ने मेशीनरी उपकरण तथा सामाग्री खरिद गरी वितरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस शीर्षक अन्तर्गतका कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरिनेछ । खरिद गरिएका उपकरण तथा सामाग्रीहरु आवश्यकता अनुसार वितरण गरी उपयोगमा ल्याइनेछ।

**११४.स्थानीय तहसँगको समन्वयमा वर, पिपल, समी लगायतका चौतारो संरक्षण तथा व्यवस्थापन**

स्थानीय स्तरमा सार्वजनिक क्षेत्र लगायतका वन क्षेत्रहरुमा हरियाली प्रबर्द्धन गर्नका लागि धार्मिक तथा वातावरणीय दृष्टिकोणले महत्वपूर्ण प्रजातिहरु वर, पिपल, समीको संरक्षण तथा व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।यसमा स्थानीय स्तरमा रहेका चौताराहरुको अभिलेखाङ्कन गर्ने साथै उपयुक्त स्थानमा चौतारोहरुको स्थापना तथा व्यवस्थापन कार्य गरिनेछ । चौताराहरुको निर्माण, मर्मत, रोपण तथा संरक्षण खर्च गर्न सकिनेछ । यसका लागि कुनै सार्वजनिक स्थानमा वन समूह, आमा समूह, क्लब, बजार व्यवस्थापन समितिको सहकार्यमा गर्न सकिनेछ । वन,वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई र वितरण

यस कार्यक्रम अन्तर्गत मुख्यतः वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई गर्ने कार्यमा मन्त्रालयले लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

१९५.वातावरण परिषद गठन तथा सञ्चालन

प्रचलित कानून बमोजिम वातावरण परिषद् गठन तथा सञ्चालनका लागि यो शीर्षक अन्तर्गतको रकम खर्च गरिनेछ।

११६.अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षण खर्च

यो शीर्षक अन्तर्गतको रकम अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षणको लागि खर्च गरिनेछ । प्रचलित कानूनबमोजिम संकलित नमुना सरकारी वा निजी जुनसुकै प्रयोगशालामा परीक्षण गराउन सकिनेछ ।

११७.वातावरण संरक्षण तथा सरसफाई कार्यक्रम सञ्चालन

वातावरणीय सरसफाई सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो शीर्षकको रकम, समन्वय बैठक, प्रचारप्रसार, सरसफाई कर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ बोर्ड आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

११८.सब डिभिजनस्तरमा वन क्षेत्रको ज्वलनशील पदार्थ हटाई डढेलो व्यवस्थापन

ढलापडा तथा आर्थिक हिसाबले काम नलाग्ने, वन डढेलोको जोखिम बढाउने जस्ता ज्वलनशील पदार्थहरुलाई वन क्षेत्रबाट हटाउने तथा वन पुनस्थापनाका लागि प्राकृतिक पुनरुत्पान प्रबर्द्धन/वृक्षारोपण कार्यमा समेत खर्च गर्न सकिनेछ।यस कार्यका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भए पश्चात् ज्वलनशील पदार्थको विवरण,कार्यक्रम संचालन स्थलको अघि र पछिको फोटो सहितको प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमार्फत मन्त्रालय तथा वन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

११९.मनकामना टोल विकास सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापन हेटौडा ८, कमाने

वातावरणीय सरसफाई सम्वन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो शीर्षकको रकम सरसफाई कर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, खाजा, पानी, होर्डिङ बोर्ड,स्ट्याण्ड सहितको डस्टविन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**१२०.भूटनदेवी मन्दिर परिसरको वातावरण संरक्षण व्यवस्थापन प्रदुषण नियन्त्रण, हेटौडा १०**

धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक क्षेत्रको वातावरणीय सरसफाई सम्बन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्य सञ्चालन गर्दा स्थानीय तह र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ । यो कृयाकलापलाई थप प्रभावकारी बनाउन स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ ।यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्य,सरसफाई कर्मीको लागि पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, सरसफाई कर्मीको लागि फिल्ड गियर,झाडु, पञ्जा, मास्क, स्यानिटाईजर, आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ ।कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, फोटो सहितको प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**१२१.वातावरण निरीक्षकबाट प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन**

यस शीर्षक अन्तर्गतको रकम प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी संघिय तथा प्रदेश सरकारले निर्माण गरेका वातावरणीय नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना भए नभएको र वातावरणीय प्रतिवेदन कार्यान्वयनको अवस्था सम्बन्धमा वातावरण निरीक्षकबाट स्थलगत अनुगमन तथा निरीक्षण/नियमनको लागि भ्रमण भत्ता तथा प्रतिवेदन तयारी लागि खर्च गर्न सकिनेछ।

**१२२.प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन**

यस शीर्षक अन्तर्गतको रकम प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी संघिय तथा प्रदेश सरकारले निर्माण गरेका वातावरणीय नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना भए नभएको र वातावरणीय प्रतिवेदन कार्यान्वयनको अवस्था सम्बन्धमा निरीक्षण/नियमनको लागि भ्रमण भत्ता तथा प्रतिवेदन तयारी लागि खर्च गर्न सकिनेछ ।

**१२३. ईको क्लब गठन/सञ्चालन एवं विद्यालय संरक्षण शिक्षा अभियान/ सब डिभिजनमा विद्यार्थी इको क्लब सञ्चालन (पूराना ईको क्लबको सञ्चालन समेत प्रति मावि रु १० हजारको दरले)/ ईको क्लब गठन तथा सञ्चालन**

डिभिजन वा सब डिभिजन अन्तरगत पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक/उच्च माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीहरुलाई वन, वातावरण सम्बन्धी सचेतनाको लागि नयाँ ईको क्लब गठन तथा सञ्चालन तथा पुराना ईको क्लबको सञ्चालन गरी वातावरण संरक्षण सम्बन्धी शिक्षा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । विद्यालय छनौट गर्दा हरेक सब-डिभिजनमा पर्ने गरी सञ्चालन गर्नुपर्नेछ । यो शीर्षकको रकम इको क्लब गठन र सञ्चालनको क्रममा हुने बैठक, वन वातावरण सम्बन्धी भित्ते पत्रिका प्रकाशन, हाजिरी जवाफ, वक्तित्वकला, र्‍याली, स्टेशनरी, ब्यानर, दिवसको अवसरमा क्लवबाट हुने वृक्षारोपण, कक्षा सञ्चालन लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिने छ। खर्चको विवरण विद्यार्थीहरु माझ सार्वजनिक गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

**१२४.वरण्डाभार वन संरक्षण क्षेत्र आसपासको प्लाष्टिक लगायतको फोहोर व्यवस्थापन**

वरण्डाभार वन संरक्षण क्षेत्र आसपासको प्लाष्टिक लगायतको फोहोर व्यवस्थापन गरि वन तथा वातावरण र पारिस्थितिकीय प्रणाली संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो शीर्षकको रकम उक्त सरसफाईको कार्य हुँदा खर्च हुने पञ्जा, मास्क, स्थानिटाईजर, प्राथमिक उपचार कीट, स्टिकर, ब्यानर, खाना, खाजा, पानी, इन्धन आदिमा खर्च गर्न सकिनेछ। कार्य सम्पन्न भए पश्चात् बिल भरपाई, प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**१२५.वन तथा वातावरण सम्बन्धी सडकको दुई छेउमा Wall painting/Slogan Board/Poster/Board को जडान तथा व्यवस्थापन, हेटौंडा-५,लट्टिनाथ टोल, मकवानपुर**

लट्टिनाथ टोल मकवानपुरको सडकको दायाँ वायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँमा वन, वन्यजन्तु तथा चराचुरुङ्गि र पारस्थितिकीय प्रणालीको बारेमा जनचेतनामूलक सन्देश दिने खालको भनाई, स्लोगन, Wall painting,Slogan Board,Poster आर्ट आदिको भित्ते लेखन/पेन्टिङ गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । कार्यक्रम सम्पन्न भएपछि सम्झौता, पेन्टिङ भएको विषय वस्तुको सूची, कुन ठाउँमा गरिएको हो ? सोको विवरण, फोटोहरु र विलभर्पाई पेश गर्नुपर्नेछ।

**१२६.जलवायु परिवर्तन सम्बन्धी च्छो रोल्पा सम्बाद (गौरीशंकर गा.पा. दोलखाको साझेदारीमा)**

जलवायु परिवर्तनको असर, सम्भाव्य चुनौती र भावी रणनीति तय गर्नका लागि विशेषज्ञ, प्रभावित स्थानीय समुदाय एवं सरोकारवालाहरुको सहभागितामा विशेष बहस कार्यक्रम च्छो रोल्पा ताल रहेको स्थानमा सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। यस शीर्षकमा विनियोजन भएको बजेट सम्बाद कार्यक्रमको प्रचार प्रसार, पूर्व तयारी एवं सम्बाद कार्यक्रम सञ्चालन गर्नका लागि लाग्ने खर्च गर्न सकिनेछ । प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही सेवा प्रदायक संस्थाबाट सेवा प्राप्त गरी सञ्चालन गर्न सकिनेछ। कार्य सम्पन्न भए पश्चात् सम्बाद कार्यक्रमका सहभागीहरुबाट प्राप्त राय सुझाव तथा योजना सहितको प्रतिवेदन, कार्यक्रम सञ्चालनको तस्वीरहरु, बिल भरपाई सहित भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

**१२७. वातावरण संरक्षण तथा सरसफाईको लागि डस्टबिन वितरण कार्यक्रम, नागार्जुन ५ काठमाण्डौ**

शहरी क्षेत्रमा बढ्दो वातावरणीय प्रदुषण कम गर्न एवं स्थानीय जनताहरुमा सचेतना अभिवृद्धि गर्नका लागि सार्वजनिक स्थल एवं सडकको दायाँ वायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँमा निस्कने कुहिने तथा नकुहिने फोहर व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम स्थानीय पालिकासँग समन्वय गरी स्ट्याण्ड सहितको ठुलो साइजको डस्टविन खरिद गरी वितरण तथा स्थापना गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि कुन ठाउँमा स्थापना गरिएको हो ? सोको विवरण, फोटोहरु र विल भर्पाई पेश गर्नुपर्नेछ ।

**१२८. मन्त्रालयबाट वातावरणीय अनुगमन तथा निरीक्षण**

यस शीर्षक अन्तर्गतको रकम संघीय तथा प्रदेश सरकारले निर्माण गरेका वातावरणीय नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षणको लागि भ्रमण भत्ताको लागि खर्च गर्न सकिनेछ । यस अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्दा मन्त्रालयका वातावरण निरीक्षक एवं वन तथा वातावरण मन्त्रालयले तोकेका जिल्ला स्थित वातावरण निरीक्षणको संलग्नतामा संचालन गरिनेछ ।

१२९. लट्टिनाथ टोलमा इश्वरी मार्ग मुख्य सडक र शाखा सडक सरसफाई तथा पूर्वाधार तयारी (Dustbin with stand installation and etc. work) – हेटौंडा-५, मकवानपुर

शहरी क्षेत्रमा बढ्दो वातावरणीय प्रदुषण कम गर्न एवं स्थानीय जनताहरुमा सचेतना अभिवृद्धि गर्नका लागि सार्वजनिक स्थल एवं सडकको दायाँ बायाँ, सेवाग्राहीहरुको बढी आवतजावत हुने ठाउँमा निस्कने कुहिने तथा नकुहिने फोहर व्यवस्थापन लगायत सरसफाई सम्बन्धी कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम स्थानीय पालिकासँग समन्वय गरी स्टयाण्ड सहितको ठुलो साइजको डस्टविन खरिद गरी वितरण तथा स्थापना गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि कुन ठाउँमा स्थापना गरिएको हो ? सोको विवरण, फोटोहरु र विल भर्पाई पेश गर्नुपर्नेछ ।

१३०. आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत)

वर्षायाम तथा त्यसको अघिपछि वा अन्य समयमा आकस्मिक रुपमा जानसक्ने पहिरो, वाढी र यससँग सम्बन्धित नकारात्मक असरहरुसँगको प्रतिकार्यको लागि यसको लेखाजोखा तथा विश्लेषण गर्दै पहिरो, वाढीबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्न जिउधन र यससँग जोडीएको महत्वपूर्ण पूर्वाधारहरुको सुरक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यो कार्यक्रम घर र बस्तिलाई जोखिम हुने गरि पहिरो गएको वा जान सक्ने अवस्था भएमा पहिलो प्राथमिकतामा राखी कार्य सञ्चालन गर्नुपर्नेछ । आकस्मिक रुपमा आईपर्ने यस्ता प्राकृतिक विपदले व्यक्ति वा समुदायको घरवास नै उठीवास हुने वा बस्तीमा पुरै असर पर्न जाने अवस्था भएकोमा पीडित व्यक्तिहरुको उपभोक्ता समिति बनाई कार्य सञ्चालन गर्नुपर्नेछ। तर उपभोक्ता समिति बनाई राहत प्राप्त गर्न कठिनाई हुने वा ढिलो हुने अवस्थामा पीडित व्यक्ति वा समूहलाई कार्यालयबाट तत्काल राहत स्वरुप तारजाली उपलब्ध गराउन सकिनेछ । सो विपदको पूर्व तयारिको लागि तारजाली खरिद गरी राख्नु पर्नेछ र विपदको समयमा सम्बन्धित वडाको र जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा वितरण गर्नुपर्नेछ ।

कार्यान्वयन प्रक्रिया

- विपद प्रतिकार्यको लागि सँरक्षण सँरचना निर्माण गर्ने हो भने सम्बन्धित वडाको वडा अध्यक्षको अध्यक्षतामा विपद प्रभावित वा लाभग्राहीहरुको भेला/वैटकबाट निर्णय गराई लाभग्राही/विपद प्रभावितहरुको तर्फबाट उपभोक्ता समितिको माग निवेदन तथा उपभोक्ता समिति गठनको निर्णय तथा वडा कार्यालयको सिपारिश पत्र लिनुपर्नेछ। भू तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिकको फिल्ड सर्वेक्षण प्रतिवेदन र सो प्रतिवेदन बमोजिमको लागत अनुमान तयार पारी अन्य नियमित भू-सँरक्षण सँरचना कार्यान्वयनको प्रक्रिया अवलम्वन गरेर कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- विपद प्रतिकार्यको लागि तार जालि वितरण गर्ने हो भने प्रभावित व्यक्ति, समूह तथा विपद घटनाको विवरण सहित उपलव्ध गराउनुपर्ने तारजाली सँख्या खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्रको आधारमा आवश्यक सँख्यामा तारजाली उपलव्ध गराउन सकिनेछ ।
- विपद प्रतिकार्यको लागि तारजाली खरिद तथा आकस्मिक सँरक्षण सँरचना निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गर्नुपर्नेछ ।

**प्राथमिकिकरण/स्थल छनौट :** आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनिकरण कार्यक्रम कार्यान्वयन गर्दा देहायमा उल्लेख भएको क्षेत्रलाई क्रमशः प्राथमिकता दिईनेछः

- निजी घर, मानव बस्ती, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, सरकारी कार्यालय र सोको भौतिक संरचना, खेतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित संरचनाहरु र विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

## विपत जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन

### १३१. पहिरो तथा गल्छी उपचार

वर्षादको पानी लगायत अन्य प्राकृतिक/कृत्रिम कारणले गएको वा जानसक्ने पहिरो, खहरे तथा गल्छीबाट हुन सक्ने सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्दै जिउधनको रक्षा, महत्वपूर्ण विकासका पूर्वाधारहरु तथा अन्य वातावरणीय पक्षहरुको संरक्षण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कार्यक्रम कार्यान्वयन गर्दा वृक्षारोपण र वायोईन्जिनियरीङका लागि स्थान उपलब्ध भएसम्म कुल बजेटको कम्तिमा १०% (दश प्रतिशत) यस्ता कार्यहरु जस्तै घांस, बाँस, अमृसो, उपयुक्त फलफुलका बिरुवाहरु रोपणमा खर्चिनु पर्नेछ ।
यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ ।

- भल तर्काउने कुलो, नाला, चेकड्याम, रिटेनिङ वाल / ब्रेस्टवाल निर्माण ।
- Sediment, debris flow control structures construction
- अन्य इञ्जिनियरिङ्ग संरचना निर्माण ।
- वायो इञ्जिनियरिङ्ग संरचना तथा संरक्षण वृक्षरोपण ।
- प्रतिवेदन तयारी तथा पार्श्व{चित्र प्रकाशन ।

**कार्यान्वयन प्रक्रिया**

- सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा लाभग्राहीहरुको भेलाबाट निर्णय गराई लाभग्राहीहरुको माग निवेदन ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

  **स्थल छनौटः** मानव बस्ती, खेतवारी, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।
- सरोकारवालाहरुसँग छलफल, परामर्श लिई प्राथमिकता र संभाव्यता तथा आवश्यकता र हुन सक्ने क्षतिको आधारमा कार्यक्रम सञ्चालन गर्ने स्थान छनौट गरिनेछ ।
- सरोकारवालहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जल प्रवाह प्रणाली (खोला, खहरे, गल्छी) र सम्मुखमा रहेका बस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतीनिधिहरु, उपभोक्ता समूह वा समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिनेछ ।
- सर्भे, डिजाइन तथा लागत अनुमानः यसमा स्थलगत नक्शांकन (location map), प्रभावित क्षेत्रको भू उपयोग देखिने खेस्रा नक्शा, माटो तथा भूबनौटको अवस्था, प्रकोपको प्रकृति (Mud flow, debris flow, gulley erosion, size etc) तथा प्रभावित हुने घरपरिवार, संरचना वा संरक्षित हुने घर जग्गा जमीनको क्षेत्रफल आदि विषयहरु समावेश हुनेछन् ।
- उपभोक्ता समितिसँग कार्य सम्झौता, खर्चस्रोत बाँडफाँड, कार्यक्रम सञ्चालन, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना सम्बन्धित समुदायलाई हस्तान्तरण गरिनेछ ।

- सुपरभिजन तथा अनुगमन र मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।
- स्वीकृत बार्षिक कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रावधान बमोजिमको प्रकृया अपनाई कार्यान्वयन गर्न गरिने छ।

## १३२.खहरे नियन्त्रण

खहरेखोला नियन्त्रण आर्थिक र सामाजिक सुरक्षा तथा पारीस्थितिकीय प्रणाली संरक्षणको दृष्टिकोणले संवेदनशील छ । बर्षाको समयमा आउने बाढीबाट खहरे खोला आसपासका खेतीयोग्य जमीन र घरबस्तीको संरक्षण गर्नुका साथै सम्बन्धित नदीको जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनबाट समग्र सामाजिक तथा पारिस्थितिक प्रणाली संरक्षण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो । कार्यक्रम कार्यान्वयन गर्दा वृक्षारोपण र वायोईन्जिनियरीङका लागि स्थान उपलब्ध भएसम्म कुल बजेटको कम्तिमा १०% (दश प्रतिशत) यस्ता कार्यहरु जस्तै घांस, बाँस, अमृसो, उपयुक्त फलफुलका बिरुवाहरु रोपणमा खर्चिनु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन्।

- तटबन्ध/बाँध, संरक्षण पर्खाल
- स्पर/रिभेटमेन्ट
- भल तर्काउने नाला
- थिग्रेन रोक्ने संरचना
- चेकडयाम
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास (slope stabilization through bio-engineering /vegetative measures /tree, grass planting) on the bank.
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

**कार्यान्वयन प्रक्रिया**

- सम्बन्धित वडाको वडाअध्यक्षको रोहवरमा लाभग्राहीहरुको भेलाबाट निर्णय गराई लाभग्राहीहरुको माग निवेदन।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**प्राथमिकिकरण / स्थल छनौट** : मानव बस्ती, खेतवारी, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

- आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, खर्च स्रोत बाँडफाँड, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
  - सुपरभिजन, अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।

- स्वीकृत बार्षिक कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रावधान बमोजिमको प्रकृया अपनाई कार्यान्वयन गर्न गरिने छ।

## १३३. वायोइन्जिनियरिंङ खोलाकिनार संरक्षण

नदी किनारा स्थिरिकरण तथा नियन्त्रण अर्थिक र सामाजिक सुरक्षा तथा पारीस्थिकीय प्रणाली संरक्षणको दृष्टिकोणले संवेदनशील छ । नदी किनारा स्थिरिकरणका लागि नदी किनारमा संरचना निर्माण गर्दा नदी बहावको स्वच्छता कायम राख्नका लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ । खासगरी बर्षाको समयमा आउने बाढीबाट नदी किनार आसपासका खेतवारी, खेतीयोग्य जमीन र घरबस्तीको संरक्षण गर्नुका साथै सम्बन्धित नदीको जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनबाट सामाजिक तथा पारिस्थितिक प्रणाली संरक्षण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो । कार्यक्रम कार्यान्वयन गर्दा वृक्षारोपण र वायोईन्जिनियरीङका लागि स्थान उपलब्ध भएसम्म कुल बजेटको कम्तिमा १०% (दश प्रतिशत) यस्ता कार्यहरु जस्तै घांस, बाँस, अमृसो, उपयुक्त फलफुलका बिरुवाहरु रोपणमा खर्चिनु पर्नेछ ।

यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छन्।

- तटबन्ध/ बाँध, संरक्षण पर्खाल/खोला तथा नदी किनारमा बाँस रोपण
- स्पर/ रिभेटमेन्ट निर्माण
- पानी निकास व्यवस्थापन
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास÷ slope stabilization through bio-engineering /vegetative measures (tree, grass planting) on the bank.
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

**कार्यान्वयन प्रक्रिया**

- सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा लाभग्राहीहरुको भेलाबाट निर्णय गराई लाभग्राहीहरुको माग निवेदन ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**प्राथमिकिकरण/स्थल छनौट** : मानवबस्ती/गाउँ तथा शहरक्षेत्र, खेतवारी विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, अन्य सरकारी भौतिक संरचना, खतीयोग्य जमीन, पुरातात्विक धार्मिक सांस्कृतिक सामुदायिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित संरचनाहरु, विकासका पूर्वाधार लगायत अन्य संवेदनशील क्षेत्रहरु।

- आधारभूत तथ्याङ्क सङ्कलन ।
- वस्तु स्थितिको विश्लेषण, अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा लागत अनुमान तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, खर्चस्रोत बाँडफाँड, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- सुपरभिजन, अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ।

- स्वीकृत बार्षिक कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रावधान बमोजिमको प्रकृया अपनाई कार्यान्वयन गर्न गरिने छ।

## १३४. स्थान विशेष भू-संरक्षण कार्यक्रमहरु

विनियोजित कार्यक्रम तथा बजेट अन्तर्गत ठाउँ तोकिएका भूसंरक्षण कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त स्थानको प्राविधिक सर्वेक्षण र संरक्षण संरचनाको डिजाईनको आधारमा सम्बन्धित प्रदेशसभा सदस्य, स्थानीय तह (वडा/पालिका) संग नजिकको समन्वय स्थापना गरी कार्यान्वयन गर्नुपर्नेछ । स्वीकृत बार्षिक कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रावधान बमोजिमको प्रकृया अपनाई कार्यान्वयन गर्न गरिने छ।

कार्यक्रम कार्यान्वयन गर्दा वृक्षारोपण र वायोईन्जिनियरीङका लागि स्थान उपलब्ध भएसम्म कुल बजेटको कम्तिमा १०% (दश प्रतिशत) यस्ता कार्यहरु जस्तै घांस, बाँस, अमृसो, उपयुक्त फलफुलका बिरुवाहरु रोपणमा खर्चिनु पर्नेछ । यस कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका भू संरक्षण क्रियाकलापहरु समावेश गर्न सकिने छः

- तटबन्धवाँध/सम्बन्धित स्थानको माग अनुसार विभिन्न किसिमका रिटेनिङ वाल/बाँध तथा व्रियष्टवाल (वाँसको छेकबाँध, क्रिबवाल, ब्रसउड चेकड्याम लगायतका वायोईन्जिनियरिङ्ग संरचनाहरु)
- स्पर/ रिभेटमेन्ट/लन्चिङ निर्माण ।
- पानी निकास तथा व्यवस्थापनका संरचनाहरु।
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधिको प्रयोग (slope stabilization through bio-engineering /vegetative measures (tree, grass planting) on the bank.
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।

## १३५. उपजलाधार केन्द्रित सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम (बायोईन्जिनियरीङ प्रविधिमा आधारित)

यो कार्यक्रम सवै भू तथा जलाधार व्यवस्थापन कार्यालयको लागि कार्यक्रममा तोकिएको उपजलाधारमा कार्यान्वयन गर्ने गरी वजेट विनियोजन गरिएको छ । यसको लागि निम्न कार्यविधि अवलम्वन गर्नुपर्नेछः

- तोकिएको उपजलाधारको व्यवस्थापन योजना बनिसकेको भए पुनरावलोकन गर्ने, नबनेको भए बनाउने । सोको लागि विनियोजित कार्यक्रम तथा बजेटको उपयोग गर्न सकिने, विनियोजन नगरिएको भए यसै कार्यक्रमको लागत अनुमान तयार गर्दा छुट्टाईएको कन्टिजेन्सि रकमबाट उपजलाधार व्यवस्थापन योजना पुनरावलोकन वा नयाँ योजना बनाउन सकिने। यसको लागि कार्यालयको सहजिकरण, समन्वय र तथ्याङ्कमा कार्यालय वाहिरका विज्ञहरुको परामर्श सेवा खरिद गर्न सकिने ।
- तोकिएको उपजलाधारको 'खोल्सि, गल्छि, क्षतिग्रस्त जमिन, पहिरो तथा साना खहरे प्रणालिको आधारमा सूक्षम जलाधारहरुको पहिचान र नक्शाँकन गर्ने । यस्तो सुक्ष्म जलाधार क्षेत्रको भू स्वमित्व निजी, सार्वजनिक पर्ति, वनक्षेत्र र निर्माणक्षेत्र हुनसक्छन्, सोको एकिन गर्ने, जुन विषय उपजलाधार व्यवस्थापन योजनामा पनि उल्लेख भएको हुनुपर्नेछ ।
- चालु आर्थिक वर्षको विनियोजित बजेटले एकिकृत भू-संरक्षण र जलाधार व्यवस्थापनको क्रियाकलापहरु पूरा गर्न सकिने र नतिजा निकाल्न सकिने गरी उपयुक्त साईजको सुक्ष्म जलाधार छनोट गर्ने । यस्तो क्षेत्रमा भू स्वमित्व सम्वन्धि कुनै किसिमको विवाद भए कार्यक्रम कार्यान्वयन

गर्नुअघि सो विवाद टुङ्याएरमात्र भौतिक संरचनाको निर्माण कार्यको थालनी गर्नपर्दछ । सोको लागि स्थानीय पालिका तथा सोको वडा जनप्रतिनिधीहरु, अन्य सरकारी तथा गैरसरकारी साझेदार तथा नियमक निकायहरु र लाभग्राही घरधूरी उपभोक्ताहरुसंग परामर्श गर्ने । भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धि क्रियाकलापहरु कार्यान्वयन गर्दैमा भू-स्वमित्वमा कुनै परिवर्तन नहुने सूचना सम्बन्धित सवैमा स्पष्टरुपमा संम्प्रेषण गर्ने ।

- छनोट गरिएको सुक्ष्म जलाधार क्षेत्रको लाभग्राही घरधूरी पहिचान गरी स्थानीय वडा प्रतिनिधिको अध्यक्षतामा भएको बैठक/ भेलाबाट उपभोक्ता समूह तथा समिति गठन गरी स्थानीय पालिकामा दर्ता गर्ने ।
- उल्लेखित सुक्ष्म जलाधार क्षेत्रको क्षतिग्रस्तता र जलाधारिय समस्याको विश्लेषण गरी स्थानीय पालिका तथा सोको वडा जनप्रतिनिधीहरु, अन्य साझेदारहरु र लाभग्राही साझेदारहरुसंगसमेत परामर्श गरी उपयुक्त भूसंरक्षण क्रियाकलापहरु पहिचान गर्ने । यस्ता क्रियाकलापहरु वायोईन्जिनियरीङ र कम खर्चिलो भू-संरक्षण प्रविधिमा आधारित, स्थानीय श्रमसिपमा आधरित र स्थानीय लाभग्राही घरधुरी उपभोक्ताहरुले कार्यान्वयन तथा मर्मत संभार गर्नसक्ने एवं सिभिल संरचना र जैविक प्रविधिको उचित संयोजनमा एकिकृत पध्दतिमा कार्यान्वयन गरिने खालको हुनुपर्दछ ।
- यस कार्यक्रम अन्तर्गत सुख्खा ढुँगा, ग्यावियन र ढुंगा तथा सिमेन्ट मसलाको जोडाईमा ढुँगाको रिटेनिङ पर्खाल तथा चेकड्याम, माईक्रोपाईलिङ सहितको मेशिनरी रिटेनिङ वाल, व्रियस्टवाल, व्रसउड चेकड्याम, वाँसको छेकवाध र क्रिववाल, वाँसको पाईलिङ तथा बाटलिङ, फेसिन, पेलिसेड, व्रस लेयरिङ, वाँस तथा घाँस रोपण र कृषि-वन तथा संरक्षण वृक्षारोपणको काम गर्न सकिनेछ ।
- पहिचान भएका भू-संरक्षण क्रियाकलापहरुको सर्भे, डिजाईन र लागत अनुमान तयार गरी गठित सुक्ष्म जलाधार व्यवस्थापन उपभोक्ता समिति मार्फत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को कार्यविधि अवलम्वन गरी कार्यान्वयन गर्ने ।
- सम्पन्न क्रियाकलापको कार्यान्वयनबाट प्राप्त सूचाकाङ्क सहितको उपलव्धि मुल्याँकन गरिएको संरक्षण पार्श्वचित्र तयार पार्ने ।

## १३६. भूमि उत्पादकत्व संरक्षण तथा हरियाली प्रबर्द्धन कार्यक्रम

भूमीको प्रति इकाई उत्पादन क्षमतामा हुन आउने ह्रासलाई नियन्त्रण तथा न्यूनिकरण गर्न भू-क्षमताको आधारमा भूमिको विकास एवं सुधार गर्ने कार्य नै भूमि उत्पादकत्व संरक्षण हो । यो शिर्षकमा विनियोजन भएको बजेट मुख्यतः हरियाली प्रवर्द्नद्वरा भूमिको उत्पादकत्व संरक्षण गर्ने क्रियाकलापसंग सम्बन्धित छ । यस शिर्षकको रकम निम्न क्रियाकलापमा खर्च गर्न सकिनेछः

- खेतवारी संरक्षणको लागि गर्हासुधार, SALT को माध्यमद्वरा भिरालो जमीनको संरक्षण, कृषि वन तथा वगैंचा स्थापना ।
- वाँस, डालेघास तथा भुईंघाँस रोपण ।
- फलफूल रोपण, घाँस उत्पादन तथा चरण व्यवस्थापन ।
- जैविक संरक्षण प्रविधिको प्रयोग तथा संरक्षण वृक्षारोपणद्वरा क्षतिग्रस्त जमीनको पुनरुत्थान ।

उपरोक्त बमोजिम पहिचान भएका भू-संरक्षण क्रियाकलापहरुको सर्भे, डिजाईन र लागत अनुमान तयार गरी स्थानीय वडा कार्यालयको समन्वयमा स्थानीय लाभग्राही घरधूरीहरुको उपभोक्ता समितिमार्फत सार्वजनिक

खरिद नियमावली, २०६४ को नियम ९७ को कार्यविधि अवलम्बन गरी कार्यान्वयन गर्न सकिनेछ । कार्य सम्पन्न भएपछि सम्पन्न क्रियाकलापको मुल्याँकन सहितको संरक्षण पार्श्वचित्र तयार गर्नुपर्नेछ ।

## १३७. उपजलाधार क्षेत्र प्राथमिकीकरण योजना तयारी

यसको लागि विनियोजित वजेट आफ्नो कार्यक्षेत्र रहेको जिल्लाको कार्यमूलक उपजलाधारहरु पहिचान, सिमाङ्कन तथा नक्शाँकन र प्राथमिकिकरण गरी सोको प्रतिवेदन तयार गर्नको लागि छुट्याईएको छ । यो प्रतिवेदन तयार पार्न साविक भू तथा जलाधार व्यवस्थापन विभागद्वरा तयार पारिएको Sub-watershed Prioritization Guideline को अनुसरण गर्नुपर्नेछ । कार्यालयमा उपलब्ध जनशक्तीबाट उपरोक्त कृयाकलाप कार्यान्वयन हुन नसक्ने अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्श सेवा खरिद गरी गर्न सकिने छ ।

## १३८. उपजलाधार व्यवस्थापन योजना तयारी

यसको लागि विनियोजित वजेट उपजलाधार प्राथमिकिकरण भैसकेको जिल्लाको उपल्लो प्राथमिकतामा परेको उपजलाधारको वा चालु आ.व. २०८१।८२ को लागि उपजलाधार केन्द्रित सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न तोकिएको उपजलाधारको व्यवस्थापन योजना बनाउने कामको लागि खर्च गर्न छुट्याईएकोछ । यो प्रतिवेदन तयार पार्न साविक भू तथा जलाधार व्यवस्थापन विभागद्वरा तयार पारिएको Watershed Management Planning Guideline को अनुसरण गर्नुपर्नेछ । कार्यालयमा उपलब्ध जनशक्तीबाट उपरोक्त कृयाकलाप कार्यान्वयन हुन नसक्ने अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्श सेवा खरिद गरी गर्न सकिने छ ।

प्रदेश सचिव

मा. कृष्ण प्रसाद सिलवाल
मन्त्री